सूचना र मनोरञ्जनको सँगालो
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
# साप्ताहिक
saptahik.ekantipur.com
● वर्ष २३ ● अंक ३६ ● FRIDAY, 26 JANUARY 2018 ● काठमाडौं शुक्रबार, माघ १२, २०७४ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-




# काठमाडौं कोकिन ट्रान्जिट

पृष्ठ २२ मा




## YouTube ट्रेन्डिङ

| | | |
|---|---|---|
| १ | अन्तर्वार्तामा अनमोल | च्यानल : सिनेपाटी टिभी |
| २ | मनोज गजुरेलसँग | च्यानल : दीप क्रिएसन |
| ३ | काभ्रेमा भेटिए | च्यानल : नयाँ नयाँ न्युज नेपाल |
| ४ | काउ सङ : कोहलपुर | च्यानल : हाइलाइट्स |
| ५ | बिहे गर्दै अनमोल | च्यानल : ठूलो पर्दा टिभी |
| ६ | रवि लामिछानेसँग | च्यानल : वाउ नेपाल |
| ७ | साम्राज्ञीसँग डेट | च्यानल : अनलाइनखबर |
| ८ | सुपर खिलाडी-४ | च्यानल : गोल्डमाइन्स |
| ९ | भद्रगोल भाग-१५५ | च्यानल : रामसार मिडिया |
| १० | डिभोर्सपछि मनोज | च्यानल : क्यानडा नेपाल |

## फोटो अफ दि विक



■ **सीमाको पोज** : अभिनेत्री सीमा केसीले यसै साता फोटोसेसन गरेपछि सार्वजनिक गरेको एउटा तस्बिर ।



■ **मुन्द्रेको परिवार** : अभिनेता जितु नेपाल श्रीमती मुना तथा छोरा-छोरीसँग ।



■ **काठमाडौंमै हिउँ** : बुधबार दिउँसो चन्द्रागिरीमा हिउँ परेपछि ।



■ **माग्नेको भक्का प्रेम** : सांस्कृतिक कार्यक्रमका क्रममा झापा पुगेका बेला बिहानीपख फुटपाथमा उपलब्ध हुने भक्का खाँदै माग्ने बूढा अर्थात् केदार घिमिरे तथा उनकी श्रीमती सीता घिमिरे ।



■ **ह्याप्पी फेमिली** : परिवारका सदस्यसहित कतारको घुमघाममा रहेका युवा नेता विश्वप्रकाश शर्मा ।

## ए बूढा, मलाई सांसद बनाइदेऊ न



ए बूढा मलाई सांसद
बनाइदेऊ न
हेर, मलाई सहरमा
बस्नु छ
घरबार धान्नु छ
छिटो ए बूढा मलाई
सांसद बनाइदेऊ न
मेरो सब्बै योग्यता
पुग्छ क्या !
तिमीले मात्र नबुझेको
मलाई कस्तो देश-विदेश घुम्ने
मन छ,
अरूका सांसद बूढीले जस्तै
नयाँ गाडीमा हाम्रा छोरा-छोरी
लिएर घुम्ने रहर छ,
तिमीले राजनीति गर्‍यौ त के भो
तिम्रो छोरो त मैले पाएकी हुँ ।
तिम्रो छोरो मैले पाउन हुने
अनि तिमीले राजनीति गरेर मैले
सांसद हुन किन नहुने ?
उहिले अमलेमा नेताहरूको
पारिवारिक भोज हुँदा
तिम्रो कमान्डरले मलाई चिनेको,
अहिले भेट्दा पनि भाउजू
नमस्कार भन्छ
तिमी चैं मेरो योगदान नबुझ्ने ?
तिमी भूमिगत हुँदा कस्ता झुम्रे
साथी लिएर आउँथ्यौ,
तिनका फोहोरी खुट्टाले छोएका
कपडा म बेस्कन धुन्थें ।
तिमी नेता लिएर आउँथ्यौ,
म मेजमान पकाएर ख्वाउँथे ।
तिमीले मेरो योगदान बिर्सिएको ?
त्यो बिर्खे कमिनीका दुई भाइ
छोरा मारिँदा
मैले हाम्रो युगविजयलाई सहरमा
कस्तरी जोगाएँ,
बस्नेत बाको छोरो पढ्न छोडेर
क्रान्तिमा बरालिँदा
मैले तिम्रा सन्तानलाई कस्तरी
पढाएँ,
झन् त्यो मेरो माइतकी सरिता त
जागिर त्यागेर
जनयुद्धमा लागि
मैले तिम्रा सन्तानलाई
जागिरको काबिल बनाएँ ।
अनि तिमिलाई अब के
अप्ठेरो भो ?
हन त्यो मेरो माइतीको
गोठालो जुठेकी छोरी
पो सांसद हुन खोज्दैछे रे
ए बूढा, हन तिमी के हेरेर
बसेको ?
त्यसो हो भने
हाम्रा छोरा-छोरीले साथीभाइका
अगाडि
कसरी मुख देखाउने ?
सँगै नारिएर माइत जाऊँ न भन्दा
तिमी मैले देखिन हुँदैन भन्थ्यौ ।
म एक्लै माइत जान्थेँ ।
तिम्रा बाको सराद्धेमा गाउँ जाँदा
तिम्रा बारेमा सोध्न पुलिस आउँदा
मलाई कस्तो डर लागेको,
म राति नै सहरतिर कुदेको,
अझै कति त्यागको हिसाब गरेका
हौ ?
तिमी सांसद मात्र बनाऊ न
मन्त्री त म आफैं बनुँला,
कसले थाहा पाउँछ र ?
यिनको पार्टीमा ठूलो एतिहासिक
योगदान छ भन्देऊ न ।
नत्र म रोइदिन्छु,
नत्र म मरिदिन्छु,
कि त त बूढेसकालमा तिमीलाई छोडी
माइततिर गैदिन्छु,
ए बूढा, मलाई अहिले नै सांसद
बनाऊ त ।
(श्रीमती प्रियकामना हिजोआज
सहरमा नयाँ सारीमा हुइँकिएर
संसद् भवन प्रवेश गरिरहेकी
हुन्छिन् ।)
(कसैको जीवनमा मेल खाएमा
संयोग हुनेछ ।)

गरिमा भट्टराईको फेसबुकबाट

## ट्वीटर

**चिम्से अजे@ajayRAI_**
आजकालका केटाकेटीहरू चाइनिज मोबाइलजस्तै हुन् । कुनै पनि बेला बिग्रिन सक्छन् ।

**टीआरपीए@TRPA30**
मान्छे त म सीधा नै थिएँ, माइक्रोमा उभिँदा-उभिँदा बांगिएँ ।

**Raju@rajendra_134**
सुतेपछि निन्द्रा त पूरा होला तर सपना पूरा हुँदैन । सपना पूरा हुन त उठ्नुपर्छ, जाग्नुपर्छ अनि प्रगति पथमा पाइला अघि बढाउनुपर्छ ।

**हलि भाइ@prakash_bohora1**
टिसर्ट र हाफ पाइन्ट लगाउनेहरू चुपचाप छन् । अक्सर अत्यधिक जाडो बढेको जानकारी उनीहरूले नै गराइरहेका छन्, जसले बाक्ला ज्याकेट र स्विटर लगाइरहेका छन् ।

**Rupa Thakuri@rupa_thakuri**
अर्काकी छोरीलाई टाइमपास सोचेर खेल्ने केटा हो, याद राख भोलि तिम्री छोरी पनि कसैको टाइमपास हुन्न भन्न सकिँदैन, जस्तो कर्म गर्छौं, फल उस्तै पाउँछौं ।

**डियर गुराँस@GyawaliRs**
न्याय मूर्तिहरू, एनसेलले तिर्नुपर्ने जति कर तिर अनि मात्र पैसा बाहिर लान पाउँछौ भन्दा कसलाई फाइदा र कसलाई घाटा हुन्थ्यो ?




**प्रकृतिकी रानी@prakritipaudel8**
होइन यो चौबीसै घण्टा अनलाइन हुने मानिसहरू आफ्नो मोबाइलचाहिँ कुन बेला चार्ज गर्छन् होला क्या ?

**अनु झापाली@anitasuji1**
मायाको विषयमा धेरै आश पनि गर्नु नहुँदो रहेछ, किनभने मायामा टाइमपास गर्नेहरू प्रशस्त भेटिन्छन् यहाँ ।

**नुवाकोटे नानी@adkfuchi**
कस्तो अचम्म रुँदै सुरु हुने जिन्दगी, हाँस्न सिक्दा सिक्दै बितिजान्छ ।

**माइक बुढाथोकी@tb_bth2**
अक्सर मीठा कुरा सधैं सत्य हुँदैनन् र सत्य कुरा सधैं मीठा हुँदैनन् ।

**बिन्ठु@lakshchhu**
स-साना कारणलाई लिएर कुनै पनि सम्बन्ध नतोड्नुहोस्, ७ अर्ब मानिसमा ७ जनालाई त आफ्नो बनाइ राख्न सकिन्छ नि ।

**चिम्से अजे@ajayRAI_**
बाडुली लाग्दा कसैले याद गरिरा'छ भनेर मख्ख नपार केटाकेटी हो, के थाहा कसैले गाली पो गरिरा' छ कि ?

**भूपू कवि@Mahesh_pdl66**
उनी टाउको दुखेर बिरामी छिन् भन्ने खबर पाउनासाथ मैले पनि ५ वटा सिटामोल एकैचोटि खाइदेको, अहिले आफ्नै टाउको दुखेर बेहाल छ ।




क

# समाचार अझै सहज, अझै अनुकूल

## सर्वाधिक नेपालीसँग जोडिएको राष्ट्रिय दैनिक अब छुट्टै एप र वेबसाइटमा

प्रदेशहरुको हालचाल होस् या देश-विदेशका जानकारी, आर्थिक जगत्को उतारचढाव होस् या नेपाली डायस्पोराका गतिविधि, आफ्नो प्रिय खेलकुद टिमलाई पछ्याउन होस् या मनोरञ्जनका खबर थाहा पाउन, बदलिँदो समयसँगै सूचना ग्रहण गर्ने तौरतरिका फेरिनसक्छ, तर समाचार र विश्लेषणमा तपाईंको हक सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अपरिवर्तनीय छ ।

डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store

www.kantipurdaily.com

यात्रा सन्दर्भ



किशोर नेपाल

# कोहलपुर एक्सप्रेसमा केकी

नेपाली सिनेमाको वातावरण त्यति स्वच्छ छैन जति यसको विकासका लागि चाहिन्छ। मानिसका विचारहरूको तराजुमा आफ्नो तर्फबाट एकाकी ढक हालेर मात्र राम्रो सिनेमा बनाउन पनि सकिँदैन। जति पनि गम्भीर प्रकृतिका सिनेमासँग जोडिएका निर्देशक तथा निर्माता छन् उनीहरू यो विचारसँग असहमत हुनै सक्दैनन्। जब-जब नेपाली सिनेमामा लगानीको कुरा आउँछ त्यतिबेला त्यो लगानीबाट सबैले पाउन सक्ने र पाउनुपर्ने प्रतिफलको कुरा आउँदैन। जति पनि नेपाली निर्माता छन् ती सबै सकेसम्म हँसिलो अनुहार लगाएर चलचित्रबाट आफ्नो लगानी उठेको बताउँछन्, तर सत्य त्यो होइन। सिनेमा शो बिज हो। व्यापारमा बोल्नेको पीठो पनि बिक्छ, नबोल्नेको चामल बिक्दैन भनेजस्तै हो यो। हो, यसबीच केही राम्रा सिनेमा बनेका छन्, तर ती राम्रा भनिएका सिनेमा नै प्रस्तुतिमा कमजोर छन्। दीपक रौनियारको सेतो सूर्यले नेपालमा भएको सशस्त्र संघर्षको एउटा पाटोलाई चलचित्रमा स्थान दिएको छ, तर निर्माताका रूपमा उनले सानोतिनो चूक नगरेका होइनन्।

यो पृष्ठभूमिमा केकी अधिकारी कोहलपुर एक्सप्रेस लिएर दर्शकसामु आउँदैछिन्। कोहलपुर एक्सप्रेसबाट कसैले केकीले सिनेमालाई आफ्नो टुंगोमा पुऱ्याउन खोजेको कुरा सोचेका हुन् भने ती भुलभुलैयामा छन्। कोहलपुर एक्सप्रेस केकीले पैसा कमाउन नै बनाएकी हुन। यसमा ढाँट्नु वा छल्नुपर्ने के नै छ र? रमाइलो कुरा के छ भने केकीको यो सिनेमामा नखरा, झट्का, लट्का सबै छन्। कोहलपुर एक्सप्रेस चढेर तपाई डराउन पनि सक्नुहुन्छ। यी सबैको प्याकेज माघीको दिन रिलिज गर्न सकेको भए गजब हुन्थ्यो। यो चलचित्रका हिरो-हिरोइन पिछडावर्गका नै छन्।

कथाको मागअनुसार, आशा गरौं, उनले यसमा मसलाको प्रयोग निकै प्रचुर मात्रामा गरेकी होलिन।

करोड लगानी नाघिसकेको छ तर केकीलाई चिन्ता छैन। उनले यो सिनेमा चलाउन ट्रेन्ड र फर्मुलाको मिश्रण गर्न खोजेकी छिन्। उनलाई नाटक र सिनेमाबीचको कडी पत्ता लगाउनु थियो। त्यो पत्ता लगाइन् कि लगाइनन्? भन्ने कुरा कोहलपुर एक्सप्रेस हेर्नासाथ थाहा हुन्छ। केकीसँग नाटकको अनुभव छ। उनी चारुमती नाटकमा अभिनेत्री थिइन्। उनी श्रेष्ठ कलाकार बद्री अधिकारीको छोरी हुन्। त्यसबापत उनले आफ्ना पितालाई नाटक र सिनेमाप्रति समर्पित आफ्नो जीवन सुम्पेकी छिन्। केकी भन्छिन्– हिँड्ने त बाबाकै पथमा हो।

केकीलाई थाहा छ, नाटकमा कलाकारले पाउने कदर हो र सिनेमामा पाउने अवसर हो। केकी भन्छिन्, 'भएर के गर्नु? नेपाली सिनेमाको अहिलेको साम्राज्यलाई केही मानिसले कब्जा गरेका छन्। कलाकारहरूले आफ्नो पारिश्रमिक लिन पनि मलाई यस्तो पऱ्यो, मलाई उस्तो पऱ्यो भनेर समस्या देखाएपछि मात्र पाइने परिपाटी छ।'

नेपाली सिनेमालाई स्थायित्व दिन केकीले पुऱ्याएको योगदान निकै छ, तर केकीलाई कुनै एउटा सिनेमाले मात्र बाँध्न सकेको छैन। बिजनेस म्यानेजमेन्टमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी केकी जीवनका विविध पक्षलाई समेटेर सिनेमा बनाउने अभिलाषा राख्छिन्।



## प्रतिक्रिया




यो डरलाग्दो कुरा हो (फ्रन्टपेज : गनमाण्डू)। पहिलेको तुलनामा अवस्था सुध्रिँदै जानुपर्नेमा झन्-झन् खराब हुनु र भयभीत वातावरण सिर्जना हुनु पक्कै सकारात्मक कुरा होइन।

**केशव थापा**

सगरमाथाको अझ बढी प्रचार-प्रसार गर्न सके ठूलो संख्यामा पर्यटक भित्र्याउन सकिन्थ्यो (पहिलो विश्व : वेडिङ डेस्टिनेसन@सगरमाथा बेस क्याम्प) बेस क्याम्प र शिखरमा संसारका थुप्रै व्यक्तिले यस्तै नयाँ-नयाँ कीर्तिमान गर्न सक्छन्।

**अम्बिका दाहाल**

सफा मनले हेऱ्यो भने सबै कुरा सुन्दर देखिन्छ (समय सन्दर्भ : मम पसल्नी)। सरल भाषामा लेखिएको रवीन्द्रजीको लेख मन पऱ्यो।

**राजन कार्की**

नेपाली उत्पादन अन्तर्राष्ट्रिय बजारमा फैलियोस् (नेपाली कपडाको फेसन शो)। नेपाली पहिरनले आफ्नो बेग्लै ब्रान्ड बनाउन सफलता प्राप्त गरोस्।

**सन्तोष मिश्र**

'योङ प्रिन्सेस अफ दि युनिभर्स' को उपाधि हात पार्नुभएकोमा मरिशाजीलाई बधाई (योङ प्रिन्सेस अफ दि युनिभर्स)।

**विक्रम क्षेत्री**

यस्ता कार्यक्रमले गाउँघरमा फेसन शोको अवधारणा बुझाउन सघाउँछन् (नवलपरासीमा पहिलो फेसन शो)। यो नयाँ पुस्तालाई फेसनसम्बन्धी जानकारी दिने उपयुक्त बाटो हो।

**रोशन मगर**

सामाजिक सञ्जाल कसरी चलाउने भन्ने कुरा आफैंमा भर पर्छ (यात्रा सन्दर्भ : किन डिएक्टिभेट गर्नु सन्जाल ?)। सामाजिक सञ्जालको सदुपयोग र दुरुपयोग दुवै हुने गरेका छन्। फेसबुक पूरै डिएक्टिभेट गर्नुभन्दा कम चलाउनु उचित हुन्छ।

**विनोदमणि**

डा. लता गौतमको कुरा नयाँ नभए पनि केही तथ्यले गर्दा बलियो छ (अन्तर्वार्ता : नेपालमा पुरुषहरू पनि बलात्कृत हुन्छन्)। उहाँले अरूले सार्वजनिक रूपमा बोल्न नसकेका कुरा बाहिर ल्याउनुभयो। डा. गौतमसँगको अन्तर्वार्ता जानकारीमूलक लाग्यो।

**याम कार्की**

कन्जुमर इलेक्ट्रोनिक्स शो-२०१८ मा सार्वजनिक गरिएका ग्याजेट्सहरू आकर्षक छन् (कन्जुमर इलेक्ट्रोनिक्स शो-२०१८ का आकर्षण)। संसारभरका सूचना तथा प्रविधिसम्बन्धी यस्ता गतिविधिलाई निरन्तरता दिनुहोला।

**निरा शर्मा**

अविरलजीले तीतो सत्य लेख्नुभयो (मुक्त आकाश : आखिर टाढा भैहाल्यौ) सम्बन्धहरू कतिबेला जोडिन्छन् वा कतिबेला टुट्छन् भन्न सकिँदैन। जोसँग जे कुरा छैन, त्यही कुरा प्राप्त गर्ने चाहना हुन्छ।

**अनिल थापा**

पिकनिकको प्याकेज राम्रो लाग्यो।

**जयराज राई**

क्वान्टिटीभन्दा क्वालिटीमा ध्यान दिने हो कि ! (प्रसंग ११ करोडको) उत्कृष्ट कलाकार भैसकेपछि कर्तव्य पनि धेरै हुन्छन्। अर्को कुरा, अलिकति चर्चामा आइसकेका कलाकारले यस्तो कुरा नगरेकै राम्रो हुन्छ। यदि पैसा नै सबैथोक हो भने अमेरिकाबाट किन फर्किएको नि ? आखिर पैसा त त्यही कमाइ हुन्थ्यो।

**नवीन गुरुङ**

खेलाडीहरू आफ्नो क्षेत्रमा सक्रिय छन् (नयाँ ढाचामा व्यस्त नेपाली खेलकुद), तर सरकारबाट उचित सहयोग र हौसला पाइरहेका छैनन्। यो देशकै प्रतिष्ठासँग जोडिएको कुरा हो। त्यसैले खेलाडीहरूको मनोबल बढाउने कुरामा सजग हुनुपर्छ।

**समिर साउद**

कस्तो अचम्मको धोको ? (२२ देशमा विवाह गर्ने धोको) जे होस् यो जोडीको अभियान सफल होस्।

**चन्द्र देवान**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस्।

Like us on Facebook facebook.com/kantipursaptahik



# अब चलचित्रमा गाउँदिन

सर्लाहीको हजारियामा जन्मिएका शिव परियार गायक तथा संगीतकारका रूपमा सुपरिचित छन् । झन्डै १५ वर्षअघि रेडियो नेपालको राष्ट्रव्यापी आधुनिक गायन प्रतियोगितामा प्रथम स्थान हासिल गरेपछि प्रारम्भ भएको उनको सांगीतिक यात्रा निरन्तर अघि बढिरहेको छ । स्वदेशका प्रायः सबै जिल्लादेखि विदेशका दुई दर्जनभन्दा बढी देश पुगेर आफ्ना लोकप्रिय गीतहरू सुनाइसकेका शिवले नेपाल सरकारका तर्फबाट राष्ट्रिय युवा प्रतिभा सम्मान, नारायण गोपाल युवा संगीत पुरस्कारसहित थुप्रै एवार्ड जितिसकेका छन् । गायक परियार चाँडै नै आफ्नो ११ औं गीति-संग्रह शिवालय लिएर श्रोतामाझ आउँदैछन् । शास्त्रीय संगीतका विद्यार्थीका गायक परियारसँग साप्ताहिकका कृष्ण भट्टराईद्वारा गरिएको कुराकानी :

■ शिव परियार, गायक/संगीतकार

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**

भर्खरै एउटा नयाँ गीत 'आँसुको अर्थ...' को म्युजिक भिडियो आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरें । अडियो पहिले नै लोकप्रिय भएकाले हुनसक्छ यसको म्युजिक भिडियोले पनि दुई साताको अवधिमै झन्डै २ लाख दर्शक पाएको छ । त्यसका साथै सांगीतिक कार्यक्रमहरूमा व्यस्त छु ।

**हिट्स एफएम एवार्डको मनोनयनमा त कीर्तिमान बनाउनुभएछ नि ?**

मेरो १५ वर्षको औपचारिक गायन करियरमा पहिलो पटक कुनै पनि म्युजिक एवार्डमा सर्वाधिक ६ विधामा मनोनीत भएको छु । हिट्स एफएम म्युजिक एवार्डका लागि 'अल्लारे' तथा 'वर्षौं भो छोडेको' गीतबाट सर्वोत्कृष्ट पुरुष पप गायन, सर्वोत्कृष्ट एकल गायन पुरुष, सर्वोत्कृष्ट युगल गायन, सर्वोत्कृष्ट संगीत सिर्जना, सर्वोत्कृष्ट गीत आदि विधामा मनोनीत छु ।

**मदिरासम्बन्धी नयाँ गीत पनि बनाउँदै हुनुहुन्छ ?**

क्या दामी भो तथा पिलायो साथीले...को सफलतापछि मैले मदिराकै सेरोफेरोमा नयाँ गीत तयारी पारेको छु । आनन्द अधिकारीको शब्द तथा आशिष अविरलको शब्दमा 'यो रक्सीले नि धोकै दिने भो' गीत तयार भएको छ । यसले सांगीतिक क्षेत्रमा पुनः एक पटक तहल्का मच्चाउने छ भन्ने कुरामा म ढुक्क छु ।

**सांगीतिक यात्रामा झन्डै डेढ दशक बिताइसक्नुभएको छ । आफूलाई कहाँ पाउनुहुन्छ ?**

मेरो पहिलो गीत २०६० साल वैशाख ४ गते रेडियो नेपालमा रेकर्ड भएको थियो । त्यो हिसाबले मैले यो क्षेत्रमा झन्डै १५ वर्ष सक्रिय जीवन बिताइसकेको छु । त्यहाँदेखि आजको मितिसम्म आइपुग्दा मैले आफूलाई सांगीतिक रूपमा परिमार्जित, समय सापेक्ष तथा अपडेटेड राखेको छु । विधागत रुपमा समेत मैले आफूलाई समय अनुसार ढाल्ने प्रयास गरिरहेको छु ।

**सांगीतिक रूपमा पहिले कस्तो हुनुहुन्थ्यो ?**

किराँतेश्वर संगीत आश्रम, राम मन्दिर, यलमाया केन्द्र, इन्दिरा संगीत महाविद्यालय आदि संगीतका स्वदेशी घरानामा मैले शास्त्रीय गीत गाउँदै सांगीतिक यात्रा प्रारम्भ गरेको हुँ । २०५९ सालको अन्त्यमा रेडियो नेपालको राष्ट्रव्यापी आधुनिक गायन प्रतियोगितामा प्रथम हुनुअघि नै विभिन्न सांगीतिक समारोहमा शास्त्रीय संगीत, राग तथा आलापहरू गाउन थालिसकेको थिएँ । चन्दनप्रसाद श्रेष्ठ तथा चण्डिप्रसाद काफ्ले जस्ता गुरुहरूसँग शास्त्रीय संगीतको औपचारिक प्रशिक्षण लिन थालें । त्यो मेरो विगत थियो ।

**शास्त्रीय संगीतको अभ्यास निकै कठोर हुन्छ, होइन ?**

शास्त्रीय भन्ने शब्द शास्त्रबाट आएको हो । संगीतमा शास्त्र भन्नाले सूत्रमा आधारित भएर गाउनुलाई बुझिन्छ । शास्त्रले मानिसलाई केही कुरा सोच्न बाध्य बनाउँछ, गलाको रियाज गरेर गीत गाउन प्रेरित गर्छ । सरगमको साधनाले स्वरमा लचकता आउँछ अनि गला मीठो हुन्छ । त्यही गलाले गाइएको गीत मिठासपूर्ण हुन्छ । शास्त्रीय संगीतको अभ्यासले गला बन्छ । हाम्रो क्षेत्रमा शास्त्रीय गीत गायो भनिन्छ, वास्तवमा शास्त्रीय संगीतको अभ्यास गरेको गलाले गीत गाएपछि मात्र त्यो शास्त्रीय गीत अथवा शास्त्रीय संगीत हुन्छ ।

**शास्त्रीय संगीतको लामो अभ्यास गरेको मान्छे सुगम संगीतमा कसरी आइपुग्नुभयो ?**

रेडियो नेपालको प्रतियोगितामा प्रथम भएपछि मलाई शास्त्रीय गायकका रूपमा मात्र सक्रिय भैरहन मनले दिएन । हल्का-फुल्का गीत पनि गाउनुपर्छ, गायनमा सन्तुलन ल्याउनुपर्छ भन्ने सोच आयो । व्यवसायिक गीतमा पनि आफूलाई अभ्यस्त बनाउनुपर्छ भनेर म मूलधारको संगीतमा आएँ । संगीतको अध्ययन गरेको गायक तथा अध्ययन नगरेको गायकबीच के फरक हुन्छ भन्ने देखाउन पनि म मूलधारमा समाहित भएको हुँ ।


**व्यवसायिक धारको थालनी कसरी गर्नुभयो ?**

सबैभन्दा पहिले फेवातालमा साइँली... गाएँ । हल्का लोक फ्लेवरको उक्त गीतपछि अलिकति नजर तिम्रो...गाएँ । यी दुईवटा गीत श्रोताहरूले औधी रुचाउनुभयो । अझ फरक गीत गाउनुपर्‍यो भनेर संगी.. गाएँ । कहाँ तिमी रंगमञ्च उठेपछि आयौ, अलिकति नजर, संगीजस्ता गीतबाट मैले स्वर तान्नुपर्ने, स्वर घुमाउनुपर्ने, सरगम हालेर गाउनुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना गरिदिएँ । त्यही बेलादेखि हो नेपालमा हाइ पिचमा, आलाप हालेर गीत गाउने शैली प्रारम्भ भएको । त्यो क्रम आजको मितिसम्म जारी छ ।

**आफ्नो टर्निङ प्वाइन्ट कुन गीतलाई मान्नु हुन्छ ?**

माथि उल्लेखित गीत गाएर मैले संगीतकर्मीहरूमाझ आफ्नो परिचय बनाइसकेको थिएँ ।

पृष्ठ ७ मा




KMG
MI
Presents
Radio Kantipur
National MUSIC awards 2074
Powered by
Crompton
Mi A1
Picture Perfect Dual Camera
YONDER MUSIC Presents
Peoples Choice Award
Categories
80 NOMINEES
15 CATEGORY AWARD
1 LIFETIME ACHIEVEMENT AWARD
1 PEOPLES CHOICE AWARD
Optical Zoom Dual Camera
4 GB RAM - 32/64 GB ROM
5.5" FHD Display
वर्षको उत्कृष्ट आधुनिक गायक
वर्षको उत्कृष्ट गीत
वर्षको उत्कृष्ट नव कलाकार
वर्षको उत्कृष्ट गीतकार
वर्षको उत्कृष्ट आधुनिक गायिका
वर्षको उत्कृष्ट लोक गायक
वर्षको उत्कृष्ट पिपल्स च्वाइस अवार्ड
वर्षको उत्कृष्ट पप गायिका
वर्षको उत्कृष्ट एल्बम
वर्षको उत्कृष्ट लोक गायिका
वर्षको उत्कृष्ट पार्श्व गायिका
वर्षको उत्कृष्ट राष्ट्रिय गीत
वर्षको उत्कृष्ट सांगीतिक समूह
वर्षको उत्कृष्ट संगीत निर्देशक
वर्षको उत्कृष्ट पार्श्व गायक
वर्षको उत्कृष्ट पप गायक
माघ २६ गते, २०७४ (9th Feb, 2018)
LIVE ON
In Association with
RUSLAN 100% PURE MUSIC
Career Partner
merojob
Medical Partner
NEPAL MEDICITI
Insurance Partner
नेको इन्स्योरेन्स लि.
NECO INSURANCE LTD.
Celebration Partners
CITY EXPRESS
Xiraa
प्रिती
goodlife
Education Partner
AECC GLOBAL
Digital Wallet Partner
khalti
Telecom Partner
Nepal Telecom
Ticketing Partner
SASTO TICKETS
Hotel Partner
SOALTEE CROWNE PLAZA

# अब चलचित्रमा गाउँदिन...

पृष्ठ ५ बाट

अब आम श्रोता तथा दर्शकहरूलाई नचाउने, रमाउने गीत पनि गाउनुपर्छ भन्ने सोचेर चण्डिप्रसाद काफ्लेको शब्द तथा राजेन्द्र थापाको संगीतमा 'क्या दामी भो..' गाएँ। उक्त गीतको लोकप्रियतासँगै मैले पछाडि फर्किएर हेर्नुपरेको छैन। त्यही गीत नै मेरो सांगीतिक जीवनको टर्निङ प्वाइन्ट सावित भयो। सांगीतिक कार्यक्रममा १५ पटकसम्म वान्स मोर आएर पटक-पटक गाउनुपरेको गीत पनि यही नै हो।

**क्या दामी भोमा त्यस्तो विशेष के छ ?**

शब्द र संगीतको उत्कृष्ट संयोजन छ, पञ्च छ, गायकीमा पनि भेराइटी दिने प्रयास गरेको छु।

**त्यसपछिको यात्रा कसरी अघि बढ्यो ?**

एक-दुईवटा गीत मात्र लोकप्रिय भएर अघि बढ्न सकिने कुरै थिएन। त्यसैले सकेसम्म उत्कृष्ट शब्द तथा संगीत चयन गर्ने कार्यलाई निरन्तरता दिएँ। फलस्वरूप पागल बनायौ प्रिय, फाटेको मन, पिलायो साथीले, फेसबुकले, गालैको कोठी, रुपौली रानी, अल्लारे, नभेटी नभेटीजस्ता थुप्रै गीत गाएँ, जसले श्रोताहरूको मन जित्यो।

**एकताका चलचित्रको पार्श्व गायनमा पनि छाउनुभएको थियो नि ?**

संगीतकार अर्जुन पोखरेलसँग भेटघाट भएपछि म पार्श्व गायनमा सक्रिय भएँ। त्यसक्रममा बाटो मोडेर गयौं, सुन्छु तिमीलाई आदि गाउने अवसर पाएँ। सुन्छु तिमीले मलाई गीतले त सिआरबिटीमा कीर्तिमान नै कायम गरेको थियो।

**तर अहिले चलचित्रमा तपाईंको स्वर सुनिंदैन नि ?**

केही वर्षको अवधिमा झन्डै ५० भन्दा बढी चलचित्र गीत गाएपछि मलाई उक्त क्षेत्रप्रति विरक्त लागेर आयो। उपस्थिति जनाउनमात्र चलचित्रको गीत गाइरहनुपर्छ जस्तो लागेन। संगीतकारहरूसँग पातलो भेटघाटका कारण पनि म चलचित्रमा कम सुनिन थालें।

**चलचित्रको कथाले तपाईंकै स्वर माग्यो भने त गाउनुहुन्छ होला नि ?**

पछिल्ला केही वर्षयता मैले अघोषित रूपमै चलचित्रका गीत नगाउने निर्णय गरेको छु।

**किन ?**

चलचित्रका राम्रा गीत अथवा प्रचार-प्रसारमा आउने गीत निर्माता-निर्देशककै भाइ, भतिजा, भान्जाहरूले गाउँछन्। हाम्रो भागमा बढी चिच्याउनुपर्ने, अन्य गायकहरूको स्वरले नभ्याउने, कारुणिक दृश्यमा आलाप मात्र भर्ने खालका गीत मात्र पर्न थालेपछि मैले चलचित्रमा गाउन छाडेको हुँ।

**तपाईंका गीत तथा एकल एल्बमको संख्या कति पुग्यो ?**

२०६२ सालमा पहिलो एल्बम मोक्ष सार्वजनिक भएदेखि बजारमा आउन ठिक्क पारेको एल्बम शिवालयसम्म आइपुग्दा मेरा एल्बमको संख्या ११ पुगेको छ। ११ औं एल्बम केही महिनाभित्रै सार्वजनिक गर्दैछु। मैले हालसम्म ४० वटा गीतमा संगीत दिएको छु भने झन्डै ५ सय गीत रेकर्ड गराएको छु।

**गजल गायन छाड्नुभएको हो र ?**

हामीले बजारको मागअनुसार पनि चल्नुपर्ने हुन्छ, यद्यपि मैले गजललाई छाडेको छैन। क्या दामी भो, पिलायो साथीले जस्ता गीत गजल नै हुन्। गजल भनेको गायकीमा भन्दा पनि शब्द रचनामा भरपर्ने कुरा हो। स्वरले कुनै पनि गीत गजल हुने होइन, शब्द नै गजल हो।

**प्रसंग बदलौं, बाल्यकाल कसरी बिताउनुभयो ?**

म २०३९ सालमा सर्लाहीको हजरियामा जन्मिएको हुँ। तीन जना दिदी-बहिनी भएकाले म घरको एक्लो छोरा हुँ। बाल्यकालमा म चञ्चले थिएँ, पढाइमा चाहिँ औसत। गीत-संगीतमा खासै रुचि थिएन। यद्यपि कक्षा ७ मा अध्ययरत छँदा भएको एउटा सानो घटनाले मलाई अचानक संगीततर्फ आकर्षित गऱ्यो।

**के थियो त्यो घटना ?**

जिल्लास्तरीय गायन प्रतियोगितामा भाग लिने विद्यार्थीहरूको नाम संकलन गर्दै डिल्लीबहादुर श्रेष्ठ सर हाम्रो कक्षामा पनि आउनुभयो। मेरो एउटा चकचके साथी अर्जुन कार्की (दिवंगत) ले मलाई फसाउने हिसाबले 'सर यसले गाउँछ रे' भन्दियो। म डरले रातो-पीरो भएँ। सरले अगाडि बोलाएर गाऊ त भन्नु भयो, अचानक पछाडिको भित्तामा हेरेर गाउन थालेछु, 'म त अब रिसाउँछु बोल्दै बोल्दिन, रुने मान्छेसँग दिल खोल्दै खोल्दिन।' सरले स्वर त साह्रै राम्रो रहेछ, फेरि एकपटक गाउ त भन्नुभएपछि कक्षा कोठा पूरै शान्त भयो। मैले पुनः त्यही गीत गाएँ। मैले दुई पटक गीत गाएपछि सरले 'ल तँ छनौट भइस्, जिल्लामा गएर गाउनुपर्छ' भन्नुभयो। एकछिनपछि मलाई अफिसमै डाकेर हेडसरसहित विद्यालयभरिका शिक्षक माझ पुनः गीत गाउन लगाइयो, त्यहाँ पनि मैले त्यही गीत गाइदिएँ। जिल्लास्तरीय प्रतियोगितामा अर्को एउटा बाल गीत गाएको थिएँ, जिल्ला प्रथम नै भएँ। त्यो दिनपछि मात्र ममा संगीतप्रति आकर्षण बढेको हो। त्यसपछि कक्षा ९ मा पढ्दा पनि मैले जिल्लाव्यापी गायन प्रतियोगिता जितें, काठमाडौंमा आयोजित संगीत सम्मेलनमा सहभागिता जनाएँ। एसएलसीपछि गायक नै बन्ने उद्देश्यले काठमाडौं आएँ अनि संगीतको प्रशिक्षण लिन थालें।

**संगीतकै लागि जन्मिएको रहेछु भन्ने कुरा कहिले अनुभव भयो ?**

त्यो त अहिले पनि भएको छैन। मलाई अझै डर लाग्छ। मैल अहिलेसम्म संगीतमा बिताएको समयलाई मूल्यांकन गर्दा केचाहिं भन्छु भने मैले संगीतको सुरुवात नै गर्न सकेको छैन। वास्तविक संगीत दिनै सकेको छैन।

**अझै पनि नेपालको सांगीतिक क्षेत्र व्यवसायिक हुन सकेको छैन भनिन्छ नि ?**

एफएम रेडियो तथा इन्टरनेटको प्रचलनसँगै कलाकारहरूले रहरै-रहरमा संगीतमा लगानी गरे। संगीतमा लगानी गरेको ७ लाख रुपैयाँ डुब्दा पनि उनीहरू हाँसेरै हिंड्न थाले। यद्यपि एउटा त्यस्तो समय आयो, जब संगीतकर्मीहरूलाई अब सधैंभरि डुबिरहन सकिंदैन भन्ने सोच पलायो। एक पटक डुब्छ, दुई पटक डुब्छ, नडुबी राम्रो गीत नै नआउने भयो। आफूले गरेको लगानी कहाँ जाने रहेछ भनेर खोज्न थालियो। कलाकारहरूलाई मारेर संगीत कम्पनीहरू धनी हुन थाले। अहिले स्रष्टाले हक अधिकार पाउने बाटो खुल्दैछ। रोयल्टी प्रदान गर्ने ३९ वटा ठाउँ किटानी भैसकेका छन्। विभिन्न संघ-संस्थाको पहलमा संगीतकर्मीहरूले रोयल्टी पाउने बाटो खुलेको छ। यदि कलाकारहरूले उनीहरूको हक-अधिकार पाउन थाले भने नेपालको सांगीतिक बजारको भविष्य उज्ज्वल हुनेछ।



# नयाँ केही गर्दैछन् यी ठूला कम्पनी

सन् २०१८ मा प्रविधि जगत्मा नाम कहलिएका ठूला कम्पनीहरूले पनि विशेष चमत्कार गर्दैछन् । यी कम्पनीहरूले बजारमा नयाँपन अनुभव हुने गरी नयाँ प्रविधिसहितका डिभाइस बजारमा ल्याउने योजनाका साथ आवश्यक तयारी गरिरहेका छन् ।

टेस्लाले सन् २०१७ मै मोडल थ्री नामक विद्युतीय कार सार्वजनिक गरिसकेको छ । अटोमोबाइलको क्षेत्रमा नयाँ सम्भावनाका साथ प्रवेश गर्ने योजना बनाएको टेस्लाको उक्त कार हालसम्म ५ लाख व्यक्तिले प्रिबुक गरिसकेका छन् । यद्यपि कम्पनीले एउटा कार पनि डेलिभरी गरेको छैन । कार बुकिङ गरेपछि सामान्यतः १२ देखि १८ महिना पश्चात मात्र ग्राहकको हातमा पुग्न सक्छ । यो वर्ष टेस्लाको विद्युतीय कार विश्वका धेरै देशका सडकमा गुड्नेछ र विद्युतीय सवारी साधनतर्फ नौलो यात्राको थालनी हुनेछ ।

फेसबुकले पनि ओक्युलस गो नामक सस्तो भीआर हेडसेट ल्याउने योजना बनाएको छ । यसको मूल्य १ सय ९९ डलर मात्र हुने बताइएको छ । यसको प्रयोगका लागि स्मार्टफोन वा पीसीको आवश्यकता पर्दैन । वर्षको सुरुवाततिरै उक्त हेडसेट बजारमा आउने अनुमान छ ।

गुगलले फेरि अर्को अर्थात हालसम्मको तेस्रो म्युजिक स्ट्रिमिङ सेवा सुरु गर्ने योजना बनाएको छ । गुगलले पहिले पनि गुगल प्ले म्युजिक तथा युट्युब म्युजिक-की उपलब्ध गराइरहेको छ । आगामी मार्च महिनासम्म गुगलले 'रिमिक्स' नामक नयाँ म्युजिक स्ट्रिमिङ सेवा प्रारम्भ गर्ने बताइएको छ ।

सामसुङले फोल्डेबल फोन निर्माणका लागि पेटेन्ट प्राप्त गरिसकेको छ । त्यसैले सन् २०१८ मै सामसुङले फोल्डेबल फोन बजारमा ल्याउने अनुमान गरिएको छ । फोल्डेबल प्रविधिमा सामसुङले विगत ६ वर्षयता लगातार अनुसन्धान गरिरहेको छ ।

फिंगरप्रिन्ट स्क्यानर भएको स्मार्टफोन अहिलेसम्म बजारमा उपलब्ध छैन, तर चिनिया कम्पनी भिभोले यो वर्ष यस्तै प्रविधिको फोन बजारमा उतार्ने अनुमान गरिएको छ । त्यसो भयो भने भिभो फिंगरप्रिन्ट स्क्यानर भएको स्मार्टफोन तयार गर्ने संसारकै पहिलो कम्पनी बन्नेछ ।



## इसारामै चल्ने कार



लस भेगासमा आयोजना भएको सिइएस मेलामा चिनियाँ कम्पनी बाइटनले अनुहार पहिचान गरेर आफैं ढोका खुल्ने कार प्रदर्शन गऱ्यो । यसको स्टेयरिङमै टचस्क्रिन छ । यस्तो टचस्क्रिन भएको यो संसारकै पहिलो कार भएको कम्पनीको दाबी छ । यो कार भ्वाइस र जेस्चर कन्ट्रोलको सहायताले अनुहार पहिचान गरी इसाराकै आधारमा चल्न सक्छ । यो कार एकपटक चार्ज गरेपछि ५ सय २३ किलोमिटर चल्छ । आधा घण्टामै कार पूर्ण रूपमा चार्ज हुन्छ । यसको ढोकामा अदृश्य ह्यान्डल छ भने साइड भ्युका लागि क्यामेरा राखिएको छ । यसमा भएको ड्यासबोर्ड टचस्क्रिन डिस्प्लेले हेल्थ मोनिटरिङसमेत गर्छ ।

## सर्वाधिक ठूलो टेलिभिजन




दक्षिण कोरियाको इलेक्ट्रोनिक्स कम्पनी सामसुङले सिइएस मेलामा सर्वाधिक ठूलो स्क्रिनयुक्त टेलिभिजन सेट सार्वजनिक गरेको छ । यो सेट १ सय ४६ इन्चको छ । ठूलो बैठक कोठा, सार्वजनिक स्थल तथा व्यापारिक मिटिङ हलका लागि उपयुक्त यो सेट माइक्रोलिड टेक्नोलोजीमा आधारित छ । सामसुङले यसको मूल्य भने सार्वजनिक गरेको छैन । यद्यपि निकट भविष्यमा योभन्दा ठूलो सेट सार्वजनिक गर्ने कुरा भने बताइसकेको छ ।

## युट्युबमा परिवर्तन




युट्युबमा भिडियो पोस्ट गरेर धेरै पैसा कमाउनेहरूका लागि अब भने केही समस्या सिर्जना हुने भएको छ । अब युट्युब च्यानलबाट पैसा कमाउन अझै बढी सब्स्काइबर हुनु जरुरी छ, जुन च्यानलमा कमसेकम १ हजार सब्स्काइबर छन् र एक वर्षमा कमसेकम ४ हजार घण्टा भिडियो हेरिएको छ भने मात्र युट्युबले विज्ञापन उपलब्ध गराउनेछ । हालसम्म १० हजार भ्युज भएपछि नै विज्ञापन उपलब्ध हुन्थ्यो । अब जुन च्यानलको भिडियो ४ हजार घण्टा हेरिँदैन र १ हजार सब्स्काइबर हुँदैनन्, ती च्यानलमा विज्ञापन उपलब्ध हुने छैन । युट्युबले यो नियम फेब्रुअरी २० देखि लागू गर्ने बताएको छ ।




## माइक्रोसफ्ट र रेडले पनि स्मार्टफोन ल्याउने

सन् २०१८ मा माइक्रोसफ्ट र रेड कम्पनी पनि स्मार्टफोन बजारमा प्रवेश गर्ने चर्चा छ । त्यसैगरी गुगलले आइफोन एक्ससँग प्रतिस्पर्धा गर्न सक्ने तीव्र गतिको प्रोसेसरसहितको स्मार्टफोन सार्वजनिक गर्ने विभिन्न एजेन्सीहरूले बताएका छन् ।

माइक्रोसफ्टले यस्तो फोल्डेबल डिभाइस ल्याउने तयारी गरिरहेको छ, जसलाई मोबाइलका साथ ल्यापटपको रूपमा पनि प्रयोग गर्न सकिनेछ । यसलाई माइक्रोसफ्टले सरफेस ब्रान्ड नेममा ल्याउने छ । यसलाई पूरै फोल्ड गरेर सिंगल स्क्रिन टच डिभाइस बनाउन सकिनेछ भने आधा फोल्ड गरेर स्क्रिन किबोर्डका रूपमा समेत प्रयोग गर्न सकिनेछ ।

यसमा ५ दशमलव ५ इन्चको एमोलेड डिस्प्ले, ४ र ८ जिबीको र्‍याम, ६४/१२८/५१२ जिबी स्टोरेज, ६४ बिट इन्टेल प्रोसेसर, २१ मेगापिक्सेल रियर र ८ मेगापिक्सेल फ्रन्ट क्यामेराजस्ता फिचर उपलब्ध हुनेछन् । उक्त डिभाइस क्वालकम स्न्यापड्रागन ८३५ प्रोसेसरका साथ बजारमा उपलब्ध हुने बताइएको छ । माइक्रोसफ्टले पहिले नै सरफेस ट्याब्लेट भने बजारमा उपलब्ध गराइसकेको छ ।

हलिउड चलचित्र तथा शो सुट गर्ने क्यामेरा निर्माण गर्ने कम्पनी रेडले पनि यो वर्ष स्मार्टफोन बजारमा ल्याउने चर्चा छ । रेड हाइड्रोजन नाममा आउने यो स्मार्टफोन खासगरी सिनेमा र फोटोग्राफीका सौखिनहरूका लागि उपयोगी हुनेछ । उक्त एन्ड्रोइड फोनमा ५ दशमलव ७ इन्चको स्क्रिन होलोग्राफिक डिस्प्लेका अतिरिक्त अन्य विभिन्न मोड्युलर फिचरसमेत हुने बताइएको छ ।

गुगलले तीन नयाँ फोन बजारमा ल्याउने अनुमान गरिएको छ । यसमा एउटा मिड रेन्जको हुनेछ भने एउटा हाई स्पेक्सका साथ आइफोन एक्ससँग प्रतिस्पर्धा गर्ने गरी आउनेछ । यसमा क्वालकम स्न्यापड्रागन ८४५ प्रोसेसर हुनेछ भने ७ नानोमिटर चिपमा प्रयोग गरिनेछ । यसका कारण यो गुगलका पहिलेका स्मार्टफोनभन्दा तीव्र गतिको हुनेछ । एआईमा सुधारका साथ यसमा अल्ट्रा एचडी भिडियो रेकर्डङसमेत हेर्न सकिनेछ । यो फोनमा गुगल अन्डरग्लास फिंगरप्रिन्ट सेन्सर तथा वायरलेस चार्जिङ फिचरसमेत उपलब्ध हुने बताइएको छ ।

केवल एक प्रश्न

# प्रदेश राजधानीको विरोधलाई के भन्नुहुन्छ ?







निर्वाचनमा राजधानी बनाउँछु भनेर चुनाव जितेका छन्, त्यसैले आन्दोलन गरिटोपल्या मात्र हुन् । आन्दोलन गरेर राजधानी प्राप्त गर्न सकिँदैन भन्ने कुरा आन्दोलनकारीहरूलाई समेत थाहा छ । यो अस्थिरता निम्त्याउने खेल मात्र हो ।

**जीबी गजल, साहित्यकार**

प्रदेश राजधानी नै अस्थायी भएपछि यो विरोध स्थायी हुने कुरै भएन । आन्दोलन सुरु र बन्द गर्ने प्रभु एउटै नेता भएपछि यसको कुनै तुक देखिँदैन ।

**प्रभात सुवेदी, गीतकार**

हतारको मनस्थिति ।

**गौरीशंकर धुजूँ, छायाँकार**

असफल आन्दोलन, भ्रष्ट नीति र ठूलाबडाको मनमानी ।

**निशा पन्थी, भिजे**

जग्गा दलालहरूको बिगबिगी छ, अर्को कुरा जहाँ राजधानी त्यहाँ कमाइ राम्रो हुन्छ भन्ने हेतुले पनि यो विरोध गरिएको हो कि ? अन्यथा दसैंमा सबैलाई राजखानी त पुऱ्याउन सकिँदैन नि, राजधानी सबैलाइ चाहिएर हुन्छ ? फुर्सदिला मान्छेका हावादारी विरोध ।

**दीपकराज गिरी, अभिनेता**

राजनीतिका माफिया र भुमाफियाहरूले आफ्नो स्वार्थपूर्तिका निम्ति निर्दोष कार्यकर्ता एवं जनतालाई उचालेका मात्र हुन् । आँगनअगाडि राजधानी भएर मात्र केही हुँदैन भन्ने कुरा बुझ्केको दिन कोही पनि आन्दोलनमा जाने छैनन्, सबैलाई भ्रममा पारिएको छ ।

**अविरल थापा, लेखक**

विरोध, लोकतान्त्रिक पद्धतिमा केही कुराको समाधान त होला तर सबै कुराको भने होइन । यो विरोध 'हुने हार, दैव नटार' जस्तै हो ।

**मीनराज बस्नेत, लेखक**

जहाँ-जहाँ अस्थायी राजधानी तोकियो त्यो ठीक छ । अहिले राजधानी घोषणा भैसकेपछिको विरोध ठिक छैन र अब यसरी विरोध मात्र गर्नु राम्रो हुँदैन ।

**यमकला जीटी, मोडल**

मेरो विचारमा यो आन्दोलन वा विरोधको कुनै अर्थ छैन । किनभने यो अस्थायी निर्णय हो । स्थायी निर्णय प्रदेशसभाको दुईतिहाई बहुमतबाट हुने भएकाले अब हुने निर्णय पर्खनु नै उत्तम होला ।

**नमिता न्यौपाने, युवा नेता**

पराकाष्ट चिसो, लगातारको शीतलहर
न्यानोपनको खोजी, बलेको टायरको भर
अनि अर्कातिर आफ्नो घरलाई,
राजधानीमा पार्ने रहर
यस्तै-यस्तै भएर हो कि ?

**अमरदीप सापकोटा, निर्देशक**

छोराछोरी 'मलाई जाडो भो, मलाई ओढ्ने पुगेन' भनेर आमाको पच्छ्यौरा तानातान गर्दैछन् । यता आमाचाहिँ नाङ्गै भैसकिन् ।

**केदार घिमिरे, माग्नेबुढा**

सबै भागबन्डाको चक्कर हो । मलाई प्रदेश होइन, देशको पो चिन्ता लागिरहेको छ, अब के हुन्छ ?

**कल्याण घिमिरे, निर्माता/अभिनेता**

राजधानी जता भए पनि आफ्नो गाउँ-ठाउँको विकास भए पुग्छ । अहिलेको सरकारलाई सत्ता हस्तान्तरणको काम गर्न दिऊँ, नयाँ सरकार गठन गर्ने कामलाई सहज बनाऊँ । यदि फेरि पनि केही आशा देखिएन भने त्यतिबेलाचाहिँ पूरै ताकत लगाएर सरकारको विरोध गरौं । अहिले नै ताकत खेर नफालौं ।

**अमृत ढुंगाना, अभिनेता**

राजधानी आफ्नै घरमा होस् भनेर आफ्ना लागि मात्र सजिलो खोज्नु हुँदैन ।

**केकी अधिकारी, अभिनेत्री**

अनाहकको विरोध, मुर्खता र राजनीतीकरण ।

**विश्वेश श्रेष्ठ, व्यवसायी**

अहिलेको काठमाडौं (राजधानी) कस्तो छ ? मानिसहरूको भीड, धूवाँ-धूलो र सबै कुरा अस्तव्यस्त । अब मानिसहरू आनन्दको वातावरणमा नबसेर, आरामसँग ताजा सास फेर्न छाडेर दुःख अनि पीडा पाउन आन्दोलन गर्छन् भने के भन्ने ?

**अजय अधिकारी सुशिल, गायक**

स्थानीय राजनीति सोझ्याउने मेलो ।

**अजयबाबु शिवाकोटी, सञ्चारकर्मी**

वाहियात अनि तर्कहीन । यो सत्य-तथ्य नबुझ्केकाहरूले गरेको विरोध मात्र हो । संविधानतः प्रदेशसभाले आफ्नो नाम र प्रदेश केन्द्र आफै तोक्न सक्छ ।

**गजेन्द्र बुढाथोकी, पत्रकार**

राजधानी जहाँ भए पनि विकास हुने भनेको समग्र नेपालको हो । यहाँ आपसी विश्वासको अभाव छ भने सोसाइटी बायससमेत छ । यो विरोध त्यसकै उपज हो । प्रदेश राजधानी तोकिएको ठाउँमा मात्र विकास हुने होइन ।

**इशान परियार, चित्र कलाकार**

अस्थायी प्रदेश राजधानी तोकिएपछि केही ठाउँमा विरोध हुनु स्वाभाविक हो । सबैलाई आफ्नै गाउँ-ठाउँमा प्रदेश राजधानी भैदिए हुन्थ्यो भन्ने हुन्छ तर यसमा सबैले खुसी हुनुपर्छ, किनभने पहिले केही नहुँदा सबै ठाउँको विकास हुनुपर्छ भन्ने सोच हुन्थ्यो । अब अलि-अलि गर्दै सबै ठाउँमा काठमाडौंमा भएजस्तै सरसुविधा उपलब्ध हुन थाल्छ । काठमाडौंको चाप बढी भैसकेको छ, मानिसहरूले अब आफ्नै ठाउँमा सुविधा उपभोग गर्न पाउँछन्, काठमाडौं आइरहनु पर्दैन ।

**शिक्षा संग्रौला, मोडल**

राजधानी आफ्नै आँगनलाई बनाउनुपर्छ भनेर आन्दोलनमा उत्रनु कदापि ठीक होइन । समग्र मुलुकको विकास-निर्माणले गति लिनुपर्छ र प्रशसन चुस्त हुनुपर्छ । आफ्नो प्रदेशको राजधानी घरबाट अलिक पर भए पनि केही फरक पर्दैन ।

**प्रदीप चापागाई, लेखक/गीतकार**

जग्गाको भाउ बढाउने दाउ ।

**रवन्द्रिसिंह बानियाँ, अभिनेता**

प्रदेश राजधानीको विवादभन्दा अब विकाससम्बन्धी बहस जरुरी छ । स्वार्थपूर्तिको खिचातानी त हाम्रो संस्कृति नै भैसकेको छ, अब के भन्नु ?

**तेन्जिङ शेर्पा, इभेन्ट व्यवस्थापक**

With a Rich Legacy of Best Management College Since 2005
Admissions Open !!!
An Excellent Center for Management Studies...

MBA
Master of Business Administration
Mid-Western University affiliate

Global College INTERNATIONAL
Kamaladi, Kathmandu | Tel: 4221875, 4254866
www.gci.edu.np

MBS
Master of Business Studies
Tribhuvan University affiliate

FDP
Faculty Development Program
Global Centre for Research and Development (GCRD)

Global College of Management is pleased to announce the launch of Faculty Development Programs (FDPs) for the professional development of management teachers working in different colleges, universities and training institutions. The major focus of FDPs is on upgrading the teaching, training and research skills of participants.

The following FDPs will be offered this year (2018-19)
- Thesis and Project Work Supervision and Evaluation
- Management Teaching Methods and Evaluation
- Research Methods for Management
- Data Analysis for Management Research
- Econometrics for Management Research

GLOBAL COLLEGE OF MANAGEMENT
Mid Baneshwor, Kathmandu
Tel: 4488312, 4472083
www.globalcollege.edu.np

चर्चामा

# विदेश बसेर स्वदेश घन्काउँदै







'के भूल भो प्रिया, मसँग बोल्दिनौ....' गाएर स्वदेशमै लोकप्रिय भएका गायक नरेन्द्र प्यासी लामो समयको अन्तरालपछि फेरि अर्को गीत लिएर आए। म त तिम्रो मान्छे बन्न सकिनँ गीतबाट प्यासीको सांगीतिक पुनरागमन भयो। सन् २०१३ ताकाको यो गीत उनले विदेशमै तयार पारेका हुन्। प्यासी हाल अमेरिकामा छन्। उनले स्वर दिएका ४ सय गीतमध्ये १ सयवटा गीत विदेशमै भएका बेला स्वर दिएका हुन्। प्यासीका अनुसार उनी विदेशमा भए पनि उनका गीतले देशमा आफ्नो अभाव महसुस हुन दिँदैनन्। प्यासी विदेश भएकै बेला सन् २०१३ मा छिन्नलता पुरस्कारसमेत प्राप्त गरेका थिए।

कुनै बेला लोकगीतहरू सिर्जना गरेर चर्चामा आएका गायक अभय ढुंगेल यतिबेला अमेरिकामा छन्। अमेरिकामा रहेर उनी आफ्नो काममा मात्र सीमित छैनन्, उनी नेपाली गीतिगेडाहरू खेलाउन पनि उत्तिकै व्यस्त रहन्छन्। 'अकबरी सुनलाई केलाई लाउनु कसी...' ढुंगेलले अमेरिकी भूमिमै सिर्जना गरेका हुन्। उनकै शब्द तथा संगीतको यो गीत सौखको मात्र उपज हुन्थ्यो भने त्यति मीठो नबन्न सक्थ्यो। अभयले मन निचोरेर निकालेकै हुनाले उक्त गीत धेरै नेपालीको मनमा बस्यो। त्यो गीतको कसी बनेर सन् २०१६ को इमेज एवार्ड देखा पर्‍यो।

गायक यम बरालले पनि अमेरिकामै तयार पारिएको गीत मन भमराबाट विन्ध्वासिनी म्युजिक एवार्ड जितेका थिए। बरालले विदेश बसेरै दुई दर्जनभन्दा बढी गीतमा स्वर दिएका छन्। बराल विदेशमा भए पनि, स्वदेशमा भए पनि उनका गीत भने नेपाली बजारमा घन्किरहेकै हुन्छन्।

विदेश बसेर स्वदेशी वाद्यवादनमा स्वर भर्ने नेपाली कलाकारहरूको सूची लामै छ। प्रेमराजा महत, सपनाश्री, सञ्जीप प्रधान, सरिश्मा अमात्य, राजु लामा, मोहन भुसाल, रोशन गुरुङ, नलिना चित्रकार, कन्हैया सिंह, अञ्जना गुरुङ, दीपेशकिशोर भट्टराई, पवन ओली, सृजन ताम्राकार, मीन दर्लामी, भगवान भण्डारी, सावित्री शाह, रामप्रसाद खनाल, रतन सुवेदी, हरीश माथेमा, सुमन बूढामगर, शान्ति भण्डारी, श्याम गुरुङ, संगीता मुखिया, विश्व तेन्जिङ, पविता परियार, निर्मला भण्डारी, सरिता डाँगी, यम बराल, जगदीश समाल, ओम कर्माचार्य, नरबहादुर दाहाल, निशा सुनार, संगीता थापा मगर, मीन केसी, विकास विष्ट, प्रकाश आचार्य, मीरा गुरुङ, धन लामा, शकुन ज्ञवाली, रमेश थापा, वसन्ती राई, गीता बिर्लाकोटी, प्रेम सेन्चुरी, राजेन्द्र राई, आङ्गेलु शेर्पा, तिलक श्रेष्ठ गणेश पराजुली, सिर्जना लामा, मीन दर्लामी मगर आदि थुप्रै नाम यो सूचीमा छन्। यसमा लोक गीतका कलाकार मात्र नभै सुगम, आधुनिक तथा पपगीतका गायक-गायिकाहरू पनि छन्। कुनै बेला नेपाली संगीतका आइडल मानिने यी कलाकारहरूले अमेरिका पुगेर पनि मादल, सारंगी अनि बाँसुरीका धुन बिर्सन सकेका छैनन्।

यही सूचीमा छुट्न नहुने अर्को गायक हुन्-विमल डाँगी। ३ सय गीत रेकर्ड गराइसकेका डाँगीले अमेरिकामै बसेर करिब ३० वटा गीत गाए भने ४० वटा गीत सिर्जना गरे। अमेरिकी भूमिमा सिर्जना भएका उनका गीत नेपालका रेडियो-टिभीमा दिनहुँजस्तो घन्किन्छन्। उनका गीतले पनि २०७१ सालमा कान्तिपुर एफएमबाट सबैभन्दा बढी बजेका कारण उत्कृष्ट लोकगायकको सम्मान प्राप्त गरेका थिए।

संगीतकार तथा गायक कन्हैया सिंह अमेरिकामा गीत-संगीत सिर्जना गरिरहन्छन्। रेकर्डका लागि भने उनी नेपाल नै पुग्छन्। कन्हैयाको स्वरको मुटुमा पीडा भए पनि म्युजिक खबर म्युजिक एवार्ड प्राप्त गर्न सफल त्यो गीत हो, जुन अमेरिकामा जन्मियो। लोक गायक रामप्रसाद खनालले पनि नेपाल गएका बेला अमेरिकामा सिर्जना गरेको तीज गीत रेकर्ड गराएर एवार्ड नै पाए। सपनाश्री तथा जगदीश समाल पनि अमेरिकामै नेपाली गीत सिर्जना गरी स्वदेशका रेडियो, टिभी घन्काउने कलाकार हुन्।

गायिका अन्जना गुरुङ, सपनाश्री, गम्बु शेर्पा पनि अमेरिकामा बसेर नेपाली गीत-संगीतमा योगदान गर्ने कलाकार हुन्। गम्बुले त अमेरिकामै बसेर ७० वटा नेपाली गीतमा स्वर भरिसकेका छन्। गम्बुको पोल्टामा धेरै प्रकारका एवार्ड परेका छन्। गम्बु शेर्पा सेलो सँगै शेर्पा भाषाको आधुनिक तथा पप गीतहरूमा समेत स्वर दिन्छन्। सन्जोग लामा पनि सेलो संगीत लिएर अमेरिकामात्र होइन, देश-देशावर घुमिरहन्छन्।

विष्णुप्रसाद पौडेल

म्यूजिक डायरी



गायक विष्टलाई सहयोग : अमेरिकामा उपचार गराइरहेका गायक ओम विक्रम विष्टलाई काठमाडौंक्रेज डटकमले आफ्नो क्यालेन्डर बिक्रीबाट संकलन भएको रकम हस्तान्तरण समारोहको एक झलक ।

## आज हिट्स एवार्ड

हिट्स एफएम म्युजिक एवार्ड-२०७४ आज शुक्रबार प्रदान गरिँदैछ। आर्मी अफिसर्स क्लब, भद्रकालीमा सञ्चालन हुने एउटा विशेष सांगीतिक समारोहमा विभिन्न १६ विधाका संगीतकर्मीलाई पुरस्कृत हुनेछन्। यसपटकको एवार्डमा बेस्ट न्यू आर्टिस्ट, मोसन पिक्चर साउन्ड ट्र्याक, बेस्ट भोकल कोलाब्रेसन, बेस्ट मेल/फिमेल पप भोकल पर्फमेन्ससहितका विधामा एवार्ड प्रदान गरिने बताइएको छ। एवार्ड वितरण समारोहमा लोकप्रिय गायक-गायिकाहरूको सांगीतिक प्रस्तुतिसमेत रहनेछ।

## नाचघरमा फरक पाइला

लिम्बू कला-संस्कृति तथा रहनसहन झल्कने कार्यक्रम वेस्मा लाङयोक अर्थात् फरक पाइला काठमाडौंको राष्ट्रिय नाचघरमा सम्पन्न भएको छ। याक्थुङ हाक्पारे पालम सयङ तथा राष्ट्रिय नाचघरको आयोजना सम्पन्न कार्यक्रममा ७० भन्दा बढी लिम्बू कलाकार सहभागी भए। कार्यक्रममा केलाङ, तङसिङ, धाननाच, ख्याली, मुन्धुम आदि परम्परागत कला, संस्कृति झल्कने प्रस्तुतिसमेत समेटिएको थियो। उक्त अवसरमा लिम्बू गीति संग्रह सेवारोको विमोचन पनि भएको थियो।

## तानसेनमा कन्सर्ट

पाल्पाको तानसेन टुँडिखेलमा आयोजित सांगीतिक कार्यक्रममा लोकदोहोरी गायक कुलेन्द्र विश्वकर्मा तथा गायिका देवी घर्तीमगरले एक दर्जनभन्दा बढी गीतमार्फत दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे। ब्लड क्यान्सरबाट पीडित आठमहिने बालिका मिदिशा शर्माको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको हो।

## एसबीएससी सिंगिङ स्टार

विराटनगरका १३ वर्षीय सुमितकुमार दासले चौथो संस्करणको एसबीएससी सिंगिङ स्टारको उपाधि जितेका छन्। नौ जना प्रतिस्पर्धीलाई पछि पार्दै सुमितले उक्त उपाधि जितेका हुन्। उक्त प्रतियोगिताको फस्ट रनर्सअप मोरङका रतुवामाइ नगरपालिकाका सचिन थोप्रा तथा सेकेन्ड रनर्सअप विराटनगरका उदित गुप्ता र सुन्दर हरैंचा नगरपालिका स्वरूप खतिवडा घोषित भए।

विमोचन /प्रिमियर

## निशानको पहिलो




नेपाल आइडलका उप-विजेता निशान भट्टराईको पहिलो गीत म्युजिक भिडियोसहित सार्वजनिक भएको छ। प्रदीप चापागाईंको शब्दको आफ्नै छायासँग पनि..शीर्षकको उक्त गीतलाई आनन्द राईले संगीतबद्ध गरेका हुन्। युवराज वाइवाद्वारा निर्देशित उक्त भिडियोमा जेबिका कार्की तथा अनिल थापाले अभिनय गरेका छन्।

## अम्बिकाको नयाँ

गीतकार अम्बिका गुरुङको शब्द, शिलाबहादुर मोक्तानको संगीत तथा सुशीला पाठकको स्वरमा रेकर्ड भएको म त आजकलकी केटीको अडियो भर्सन सार्वजनिक भएको छ। उक्त गीतको म्युजिक भिडियो अमेरिकामा निर्माण भैरहेको बताइन्छ।

## रुद्रशेखरको रूपम

गायक रुद्र शेखर शर्माले गाएका आधुनिक गीतहरूको एल्बम रूपम काठमाडौंमा विमोचित भएको छ। एल्बमका गीतमा विपिन किरणको शब्द तथा नारायण सुवेदी आभासको संगीत सुन्न सकिन्छ। समारोहमा गायक शर्माले एल्बमका समावेश गीतहरू प्रस्तुत गरेका थिए।

## श्रेयाको मनचरी

गायिका श्रेया सोताङको मनचरी...गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। कल्याण सिंहको संगीत तथा रवि मल्लको शब्दको उक्त भिडियोलाई निकेश खड्काले निर्देशन गरेका हुन्।

## फिल्मी डायरी




### सलमान आउने पक्का

बलिउड सुपरस्टार सलमान खान नेपाल आउने पक्का भएको छ । फागुन २६ गते काठमाडौंको टुँडिखेलमा संचालन हुने द ब्याङ टुर नेपालमा सहभागि हुन सलमान खान अन्य कलाकारहरूसँगै काठमाडौं आउन लागेका हुन् । यसै साता काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा सलमानका भाइ सोहेल खानले सलमान खानको सुरक्षा, बस्ने ठाउँ तथा कन्सर्ट हुने स्थानको चाँजोपाँजो मिलाइएको जानकारी गराएका छन् । सोहेल खान इन्टरटेन्मेन्ट तथा जेए इभेन्टको सहकार्यमा नेपाली इभेन्ट कम्पनी ओडीसी इन्टरटेन्मेन्टले यो कार्यक्रमको आयोजना गर्न लागेका हुन् । कार्यक्रममा सलमानसँगै सोनाक्षी सिन्हा, प्रभु देवा, कृति सेन, डेजी शाह आदि कलाकारसमेत सहभागी हुनेछन् ।

### डिठ्ठासाबको चंगा

कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको हास्य श्रृंखला डिट्ठा सा'बका निर्देशक तथा मुख्य कलाकार किशोर भण्डारीले चलचित्र चंगा निर्देशन गर्ने घोषणा गरेका छन् । काठमाडौंमा आयोजित एक समारोहमा निर्देशक भण्डारीले राजन खतिवडा, बुद्धि तामाङ, कमलमणि नेपाल, अंकित खड्का, लक्ष्मी वर्देवा, जीवन भट्टराई आदि कलाकारले उक्त चलचित्रमा अभिनय गर्ने जानकारी गराएका छन् ।

### अर्को करोडपति गीत

अर्जुन कुमारको चलचित्र फाटेको जुत्ताको आई एम भेरी सरी...गीतको भिडियो यूट्युबमा १ करोड पटक हेरिएको छ । प्रवेश मल्लिकको स्वर, शब्द तथा संगीतको उक्त गीतमा सौगात मल्ल तथा प्रियंका कार्कीलाई फिचर गरिएको छ ।

### फागुनमा नेफ्टा

नेपाल चलचित्र प्राविधिक संघले नेफ्टा फिल्म एवार्डको दसौं संस्करण फागुन ३० गते आयोजना गर्ने घोषणा गरेको छ । संघका अध्यक्ष पुष्कर लामाले यसपटक पनि यो एवार्ड विदेशमै प्रदान गरिने बताएका छन् ।

### बन्ने भो रामकहानी

निर्देशक सुदर्शन थापाले चलचित्र रामकहानी निर्माण गर्ने घोषणा गरेका छन् । चलचित्र रामकहानीमा पूजा शर्मा तथा आकाश श्रेष्ठको अनस्क्रिन रोमान्स रहनेछ भने जितु नेपाल, विल्सनविक्रम राई, रवीन्द्र झा तथा केदार घिमिरेले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् ।

### पसिनाको च्यारिटी शो

अलौकिक सेवा कुञ्ज (ज्येष्ठ नागरिकको सेवामा समर्पित) नयाँ बानेश्वरको सहयोगार्थ सौन्दर्यकला व्यवसायी संघ, ललितपुरले शनिबार ललितपुरको अशोक हलमा चलचित्र पसिनाको च्यारिटी शो सम्पन्न गरेको छ । आरबी खत्री (शरद) द्वारा निर्देशित उक्त चलचित्रमा गौरव पहारी, अनु शाह आदि कलाकारले अभिनय गरेका छन् ।

## सानो पर्दा

### गोलमाल

कान्तिपुर एचडी टेलिभिजनमा नयाँ हास्य श्रृंखला 'गोलमाल' को प्रसारण प्रारम्भ भएको छ । हिजो विहीबार साँझ ७ बजेदेखि प्रसारण हुन थालेको यो श्रृंखला प्रत्येक साता यही समयमा प्रसारण हुने निर्देशक सुरेश थापाले बताएका छन् । आर्नभ एस सुवेदीको कथा, पटकथा तथा संवादमा तयार पारिएको परशुराम रिजालद्वारा निर्मित यो श्रृंखलामा शिरोमणि दवाडी, सुरेश थापा, शशी थापा, अनिता दंगाल, मबिना श्रेष्ठ, अमृता खनाल, सन्तोष पराजुली, जीवन गहतराज, राज भण्डारी आदि कलाकारले अभिनय गरेका छन् ।

### छमछमीबाट नेहा आउट

नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको नृत्यमा आधारित रियालिटी शो छमछमी-३ को अघिल्लो साताको प्रतियोगिताबाट काठमाडौंकी नेहा तामाङ बाहिरिएकी छिन् । काठमाडौंबाट अडिसन दिई उत्कृष्ट ८ सम्म पुगेकी नेहा कम भोट पाएका कारण बाहिरिएकी हुन् । निर्णायकले उनको प्रस्तुति मन पराए पनि पछिल्ला पाँच श्रृंखलादेखि उनी लगातार बटम थ्रीमा रहँदै डेन्जर जोनमा पर्दै आएकी थिइन् । पछिल्लो श्रृंखलामा हेटौंडाका सरोज राना प्रजा सबैभन्दा बढी भोट प्राप्त गर्ने प्रतिस्पर्धी रहे । प्रतियोगिताको यही बुधबार राति प्रसारण भएको श्रृंखलामा ४ जना पुरुष तथा ३ जना महिलाबीच प्रतिस्पर्धा भएको थियो । यो कार्यक्रम प्रत्येक बुधबार राती ८:४० बजे प्रसारण हुन्छ ।

### रियालिटी शोमा सुजन

भारतको अर्को एउटा रियालिटी शोमा नेपाली प्रतिस्पर्धीले सफलता हासिल गर्न थालेका छन् । जिटिभीबाट प्रसारण भैरहेको नृत्यमा आधारित रियालिटी शो डान्स इन्डिया डान्स सिजन-६ मा नेपाली युवा सुजन मार्पा तामाङ उत्कृष्ट १० मा स्थान बनाउन सफल भएका हुन् । यससँगै उनी अहिले भोटिङ राउन्डमा समेत पुगेका छन् । सानैदेखि नृत्यमा रुचि राख्ने सुजनले नेपालमा राष्ट्रिय स्तरका थुप्रै उपाधि जितिसकेका छन् । तीनचुली, बौद्ध निवासी सुजनलाई आइतबार राती ९ बजेदेखि सोमबार राति ९ बजेसम्म डीआईडीको वेबसाइट ozee.com/didvote मा गएर भोट गर्न सकिन्छ ।

### शिल्पालाई बिग बोस-११

हिन्दी धारावाहिक भावीजी घर पर है की अंगुरी भाभीले बिग बोस-११ को उपाधि जितेकी छिन् । वास्तविक नाम शिल्पा शिन्दे भए पनि उनी अंगुरी भाभीकै नामले लोकप्रिय छिन् । अघिल्लो विहीबार बिग बोसको ११ औं संस्करणको विजेता घोषणा गरिएको हो । प्रतियोगिताको निर्णायक चरणमा शिल्पासँगै पुनित शर्मा, विकास गुप्ता तथा हिना खान पनि पुगेका थिए । विजेता शिल्पाले ट्रफीसँगै ४४ लाख भारतीय रुपैयाँ समेत जितिन् ।

## विमोचन/प्रिमियर

### कान्छीको ट्रेलर

फागुन ४ गते प्रदर्शनमा आउने चलचित्र कान्छीको ट्रेलर सार्वजनिक भएको छ । आकाश अधिकारीद्वारा निर्देशित चलचित्र कान्छीको ट्रेलरमा श्वेता खड्का, दयाहाङ राई, विनोद न्यौपानेसहित चलचित्रका मुख्य कलाकारहरूलाई चित्रण गरिएको छ ।

### फेरि-फेरिको मुहूर्त

पुराना कलाकार पुरन थापाले अर्पण थापा तथा ऋचा शर्मालाई लिएर चलचित्र 'फेरि-फेरि' निर्माण गर्ने घोषणा गरेका छन् । काठमाडौंमा आयोजित शुभ मुहूर्त समारोहमा चलचित्रका मुख्य कलाकारहरू उपस्थित थिए । यो चलचित्रमा अर्पण र ऋचाका अतिरिक्त लय संग्रौला, ओमप्रतिक गुरुङ, विकास चापागाईं, धर्मेन्द्र आचार्य आदि कलाकारले अभिनय गर्नेछन् ।

### हर्रेको गीत

फागुन २५ गतेदेखि प्रदर्शनमा आउने चलचित्र हर्रेको बाँचे नि पशुपति...गीतको भिडियो सार्वजनिक भएको छ । कालीप्रसाद बाँस्कोटा तथा झुमा लिम्बूको स्वरको उक्त गीतमा अभिनेत्री नीता ढुंगानाले आकर्षक आइटम डान्स गरेकी छिन् भने उनलाई राजाराम पौडेल तथा अंकित खड्काले साथ दिएका छन् ।

### पोस्टरमा शेरबहादुर

माघ १९ गते प्रदर्शनमा आउने चलचित्र शेरबहादुरको पोस्टर सार्वजनिक भएको छ । पोस्टरमा सुनिल थापा, कर्मा, रवीन्द्र झा तथा मेनुका प्रधानलाई चित्रण गरिएको छ । आर राजवंशीद्वारा निर्देशित थ्रिलर शैलीको यो चलचित्रमा सुनिल थापाले शीर्षक भूमिका निर्वाह गरेका छन् ।



# बलिउडमा परिवारकै हालीमुहाली

बर्सेनि सयौं चलचित्र निर्माण तथा प्रदर्शन हुने बलिउडमा हरेक वर्ष नयाँ-नयाँ अनुहारको पदार्पण भैरहन्छ। तीमध्ये कोही सफल हुन्छन् भने कोही असफल। वर्ष २०१८ मा पनि बलिउडमा थुप्रै नयाँ अनुहारले पदार्पण गर्दैछन्। रमाइलो कुरा के छ भने यसरी पदार्पण गर्नेहरूमा बलिउडकै स्थापित अभिनेता-अभिनेत्रीका छोरा-छोरीहरूको संख्या बढी छ।

सैफ अलि खान तथा उनकी डिभोर्सी श्रीमती अमृता सिंहकी छोरी सारा अलि खान वर्ष २०१८ मै प्रदर्शन हुने चलचित्र केदारनाथमार्फत दर्शकमाझ पुग्दैछिन्। चलचित्र प्रदर्शन हुनुअघि नै साराले सुपरस्टार खान अभिनेत्रीको उपनाम पाइसकेकी छिन्। निर्देशक अभिषेक कपूरले निर्देशन गरिरहेको उक्त चलचित्रमा साराले अभिनेता सुशान्त सिंह राजपूतको साथ पाएकी छिन्।

कुनै बेलाकी सुपरस्टार श्रीदेवीले आफ्नी छोरी जान्हबी कपुरलाई यही वर्षदेखि बलिउडको यात्रा गराउँदैछिन्। श्रीदेवीका दुई छोरीमध्ये जान्हबीले चलचित्रमा पदार्पण गर्न लागेकी हुन्। करण जौहरले निर्माण गरिरहेको मराठी चलचित्र सैराठको हिन्दी संस्करणमार्फत जान्हबी दर्शकमाझ आउनेछिन्। धडक शीर्षक राखिएको उक्त चलचित्रमा जान्हबीलाई इशान खट्टरलेसाथ दिँदै छन्। यो चलचित्र जुलाई ६ का दिन प्रदर्शनमा आउने तय भएको छ।

अभिनेता चंकी पाण्डेकी छोरी अनन्या पाण्डेले पनि यही वर्ष बलिउडमा पदार्पण गर्ने निश्चित भएको छ। १८ वर्षीया अनन्यालाई करण जौहरले आफ्नो नयाँ चलचित्र स्टुडेन्ट अफ द इयर-२ मार्फत पदार्पण गराउँदैछन्। उक्त चलचित्रमा अनन्याका साथ अभिनेता टाइगर श्राफ हुनेछन्। अनन्यालाई बलिउडकी सुन्दर अभिनेत्रीको उपाधि मिल्ने सम्भावना रहेको भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्। उनको सुन्दरताको वर्णन गर्दै निर्देशक फराह खानले उनी चंकी पाण्डेको छोरी कसरी भइन् भन्ने जिज्ञासा समेत राखेको बताइन्छ।

बलिउडकर्मी नीलिमा अजीम तथा राजेश खट्टरका छोरा ईशन खट्टर पनि यही वर्षदेखि बलिउडमा प्रवेश गर्दैछन्। श्रीदेवी-बोनीकपूर पुत्री जान्हवीसँगै उनी पनि करण जौहरको चलचित्र धडकमार्फत अभिनयमा पदार्पण गर्दैछन्।

अभिनेता सुनील शेट्टीले आफ्नी छोरी अथिया शेट्टीलाई केही अघि नै बलिउडमा पदार्पण गराइसकेका छन्। अथिया चलचित्र हिरोमार्फत बलिउडमा आएकी थिइन्, यद्यपि उनको अभिनयलाई दर्शकले रुचाएको पाइएन। अहिले सुनिलले आफ्ना छोरा अहान शेट्टीलाई अभिनेताका रूपमा पदार्पण गराउने निर्णय गरेका छन्। अहान फिल्म निर्माता साजिद नाडियाडवालाको नयाँ चलचित्रमार्फत दर्शकमाझ आउँदैछन्। साजिदले यसअघि ज्याकी श्राफका छोरा टाइगर श्राफलाई चलचित्रमा पदार्पण गराएका थिए।

धर्मेन्द्रका नाति तथा सनी देवलका छोरा करण देवल पनि अभिनेता बन्ने भएका छन्। करणले चलचित्र पल पल दिलके पासमार्फत बलिउडमा पाइला राख्न लागेका हुन्। यो चलचित्रको निर्देशन सनी देवलले नै गर्दैछन्। सनीले छोरालाई पदार्पण गराउने चलचित्रलाई आफ्नो ड्रिम प्रोजेक्टसमेत भनेका छन्।





## सनी पनि के कम

लन्डनको लोकप्रिय मेडम तुसाद म्युजियममा अब अभिनेत्री सनी लियोनको पुतला समेत सजिनेछ। मधुवाला, सलमान खान, अमिताभ बच्चन, रजनीकान्त, माधुरी दीक्षितजस्ता लोकप्रिय अभिनेता-अभिनेत्रीसँगै अब सनीको प्रतिमूर्ति उक्त म्युजियममा सजिन लागेको हो। हालै सनीले ट्विटमार्फत यो कुराको जानकारी दिँदै उक्त खबरले आफूलाई उत्साहित बनाएको उल्लेख गरेकी छिन्। ट्वीटमा सनीले एउटा तस्बिरसमेत पोस्ट गर्दै लेखेकी छिन्- 'मेडम तुसाद संग्रहालयमा आफैंलाई हेर्न रोमाञ्चित भैरहेकी छु।'



## आउने भइन् काजोल

अभिनेत्री काजोल पछिल्लो पटक शाहरूख खानसँग चलचित्र दिलवालेमा प्रस्तुत भएकी थिइन्। त्यसपछिका केही वर्ष चलचित्रमा नदेखिएकी काजोल अहिले आएर पुनः सक्रिय भएकी छिन्। यसपटक उनले आफ्नै श्रीमान् अजय देवगणको होम प्रोडक्सनमार्फत दर्शकमाझ आउने निर्णय गरेको बताइन्छ। प्रदीप सरकारले निर्देशन गर्ने भनिएको उक्त चलचित्रमा काजोलले अजयसँगै अनस्क्रिन रोमान्स गर्ने सम्भावनासमेत छ। एला शीर्षकको यो चलचित्रको छायांकन यसै साता प्रारम्भ हुँदैछ। एउटा गुजराती नाटकमा आधारित चलचित्र एलामा काजोलले एकल आमाको भूमिका निर्वाह गर्नेछिन्।

# बस्ती होइन सहर नै बसाउँदै धुर्मुस-सुन्तली

कृष्ण भट्टराई





गएको घटस्थापनाको अघिल्लो दिन अर्थात् असोज ४ गते आफ्नो जन्मदिनको अवसर पारेर अभिनेता सीताराम कट्टेल (धुर्मुस) ले रौतहटको चन्द्रनिगाहपुर (हाल चन्द्रपुर नगरपालिका-८) स्थित सन्तपुरमा शिलान्यास गराएको एकीकृत नमुना सन्तपुर बस्ती यतिबेला हराभरा भएको छ। शिलान्यास गराएको तीन सातापछि अर्थात असोज २८ गतेदेखि प्रारम्भ भएको नमुना बस्तीको निर्माण कार्य गत मंगलबार ठ्याक्कै १ सय दिन पुगेको थियो। निर्माण प्रारम्भ भएको दिनदेखि १ सय दिनसम्म आइपुग्दा बस्तीमा ४७ वटा सुन्दर घर निर्माण भैसकेका छन्। दुईतल्ले ती घर झट्ट हेर्दा सुन्दर तथा आकर्षक मात्र देखिएका छैनन्, उक्त बस्ती भित्र प्रवेश गर्दा जो कोहिले आफू कुनै आधुनिक सहर पुगेको अनुभव गर्न सक्छन्।

'वास्तवमा हामीले सन्तपुरलाई वस्ती भन्न छाडिसक्यौं, निर्माण कार्य एक सय दिन पूरा भएको मौका पारेर साप्ताहिकसँग कुराकानी गर्दै धुर्मुसले भने- 'यो सन्तपुर सिटी हो, यसलाई अब सबैले सन्तपुर सिटी भन्दा फरक पर्दैन।' धुर्मुसका अनुसार बस्तीभित्र उपलब्ध सुविधा कुनै अत्याधुनिक सहरभन्दा कम नभएकाले यसलाई उनीहरूले सिटी भन्न थालेका हुन्।

धुर्मुस-सुन्तली फाउन्डेसनले करिब १२ कट्ठा जग्गामा उक्त बस्ती निर्माण गरेको हो। चन्द्रनिगाहपुरबाट गौरतर्फ साढे चार ४ किलोमिटर अगाडि बढेपछि राजमार्गबाट ५ सय मिटरभित्र सन्तपुर बस्ती छ। हरेक वर्षामा बाढीबाट आक्रान्त एउटा दलित बस्तीलाई धुर्मुस-सुन्तली फाउन्डेसनले नयाँ पक्की घरसहितको बस्ती निर्माण गरेर उनीहरूको जीवनकै सर्वोत्कृष्ट उपहार प्रदान गर्न लागेको हो।

बस्तीका प्रत्येक घरमा चारवटा कोठा छन्, पहिलो तल्लामा दुई तथा माथिल्लो तल्लामा दुई। प्रत्येक घरमा धारा, बिजुली, भान्सा, बेडरुम, बैठक कोठा तथा ट्वाइलेटको व्यवस्था छ। बस्तीका ४७ वटै घरसम्म व्यवस्थित सडक पुऱ्याइएको छ। प्रत्येक घरका लागि ढलको व्यवस्था छ। झन्डै ४५ फिट अग्लो भ्यू टावर बस्तीकै सबैभन्दा आकर्षक पक्ष हो। सीताराम कट्टेल उक्त टावरको पर्यटकीय महत्व बढाउने तयारी गर्दैछन्। बस्तीभित्र सडक, बत्ती, धारा अनि ढलमात्र होइन सामुदायिक भवन, प्राथमिक विद्यालय, नमुना क्लब घर, चिल्ड्रेन पार्क तथा मन्दिरसमेत निर्माण गरिएको छ। बस्तीको गेटबाट भित्र छिर्नेबित्तिकै चिल्ला तथा आकर्षक टायलले आगन्तुकको स्वागत गरिरहेका हुन्छन्। भित्र कहीं-कतै धूलो छैन। यो बस्तीलाई हराभरा बनाउन वृक्षारोपणसमेत गरिएको छ।

'अब भ्यू टावरमात्र बन्न बाँकी छ, कट्टेल भन्छन्- 'हामीले माघ २४ गते भन्दा अघि नै यो बस्ती हस्तान्तरण गरिसक्ने निर्णय गरेका छौं। त्योभन्दा एक साताअघि नै हामी बस्ती निर्माण सम्पन्न गरिसक्नेछौं।' निर्माणको अन्तिम चरणमा भएको उक्त नमुना बस्ती तराई-मधेसको पर्यटकीय गन्तव्य बन्ने सम्भावना रहेको सीतारामको दाबी छ।

५ करोड ९५ लाख रुपैयाँको अनुमानित लागतमा निर्माण प्रारम्भ गरिएको उक्त बस्तीका लागि मंगलबारसम्म करिब १ करोड १५ लाख रुपैयाँ अपुग भएको फाउन्डेसनले जनाएको छ। 'यो रकम पनि जुट्नेछ भन्ने कुरामा ढुक्क छौं, सीतारामले बर्दिवासको तुलनामा सन्तपुरको बस्ती निर्माणमा स्थानीय तहबाट कम सहयोग मिलेको बताए।

'हामीले बस्तीका रूपमा निर्माण थालेका थियौं,' सीताराम भन्छन्- 'तर अहिले यो नमुना सहरका रूपमा तयार भएको छ। हामीले एउटा विकसित सहरमा जे-जस्ता पूर्वाधार आवश्यक हुन्छन्, ती सबै जुटाएका छौं। सरकारले तोकेको सम्पूर्ण मापदण्ड पूरा गरेका छौं। हामीले निर्माण गरेको बस्ती तथा यहाँका घरहरू व्यवस्थितमात्र छैनन्, भूकम्पप्रतिरोधी, बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्रीसमेत छन्।'

बस्तीले मूर्तरूप लिने क्रममा स्थानीयवासीले दलितहरू बसोबास गर्ने उक्त सुन्दर बस्ती केही समयमै फोहोर तथा दुर्गन्धित हुने त होइन ? भन्ने जिज्ञासा राखेका थिए। जवाफमा धुर्मुस भन्छन्- 'निश्चिय पनि यो गम्भीर प्रश्न हो, तर यसको उपाय पनि हामीले खोजिसकेका छौं। बस्ती निर्माण प्रारम्भ भएको पहिलो दिनदेखि नै हामीले यो बस्तीमा बसोबास गर्ने दलितहरूलाई चेतनशील बनाउने कक्षाहरू सञ्चालन गरिरहेका छौं। विद्यालय नजाने बालबालिकाहरूलाई विद्यालय पठाएका छौं। बस्तीका बासिन्दालाई मदिरासेवनबाट टाढै राखेका छौं। जतिजति बस्ती निर्माण सम्पन्न हुँदै जाँदै छ, उनीहरू त्यति नै सभ्य र अनुशासित भैरहेका छन्। उनीहरूमा चेतनाको विकास मात्र भएको छैन, यसले समाज एकीकरणको सन्देशसमेत दिँदैछ।' बस्ती निर्माणमा अब भ्युटावर निर्माणबाहेक रंग-रोगनको काम मात्र बाँकी छ।

भूकम्पपीडितहरूका लागि बस्ती निर्माण गरेर हस्तान्तरण गरिसकेको धुर्मुस-सुन्तली फाउन्डेसनले भूकम्पपछि बाढीको विपत्तिमा परेकाहरूको उद्धार गर्ने उद्देश्यले यो बस्ती निर्माण गरेको हो। 'यो बस्तीमा सबैको भावना जोडिएको छ, सीताराम भन्छन्– दसैं-तिहार, निर्वाचन तथा चिसोको प्रकोपका बाबजुद निर्माण कार्य प्रारम्भ भएको दिनदेखि एक दिनबाहेक अन्य कुनै पनि दिन बस्ती निर्माणको काम रोकिएको छैन। यो अवधिमा उनीहरूले निर्वाचनको दिन मात्र काम गरेनन्।

सन्तपुर बस्तीमा ४७ दलित परिवारका २ सय ८४ जना बसोबास गर्नेछन्। मुसहर, चमार, हजाम (ठाकुर) आदि जातजातिका व्यक्तिहरू उक्त बस्तीका बासिन्दा हुन्। बस्तीमा बनेका घर जमिनभन्दा ५ फिट अग्लो सतहमा निर्माण गरिएका छन्। 'अग्लो जग हालिएकाले भूकम्प, बाढी, पहिरो केहीको डर छैन, सीताराम भन्छन्- 'कहीं कतैबाट क्षति नहुने गरी हामीले यी घर निर्माण गरेका छौं। यी घर विदेशमा देखिने कोलनीकै शैलीमा निर्माण गरिएका छन्।'

बस्ती निर्माण गर्न २ सय ६१ जना कामदार रात-दिन खटिएका थिए। निर्माण कार्य प्रारम्भ भएको पहिलो दिनदेखि नै उनीहरू हरेक दिन बिहान ६:२५ बजे चिया खाएर पिटी परेडको लाइनमा बसिसक्छन्। छातिमा हात राखेर राष्ट्रिय गीत गाएपछि उनीहरू आ-आफ्नो काममा लाग्छन्। ११ बजे पहिलो सिट्ठी बजेपछि उनीहरू खाना खाने लाइनमा बस्छन्। तीन बजे अर्को सिठी बजेपछि खाजा खान तयार हुन्छन्। राति आवश्यकता अनुसार सात-आठ बजेसम्म काम गरिरहन्छन्। प्राय: ८ बजे रातीको खाना खाने सिठी बज्छ। 'सोमबार त हामीले राति ११ बजेसम्म काम गऱ्यौं, सीतारामका अनुसार 'भ्यू टावरको जग ढलान गर्ने दिन भएकाले उक्त दिन राति अबेरसम्म काम भएको हो।'

समयमै निर्माण प्रारम्भ हुनु तथा तोकिएकै मितिमा बस्ती हस्तान्तरण गर्नु धुर्मुस-सुन्तली फाउन्डेसनको आफ्नै विशेषता हो। निर्धारित मितिमै कसरी काम भ्याउनुहुन्छ ? भन्ने जिज्ञासामा सीतारामको जवाफ छ- 'यो सबै चुस्त-दुरुस्त व्यवस्थापनको कमाल हो। हाम्रो राम्रो व्यवस्थापन समुहकै कारण यो सब सम्भव भएको हो।' अहिलेको बस्ती निर्माणमा धुर्मुस-सुन्तली फाउन्डेसनका तर्फबाट १५ जना खटिएका छन् भने दलितहरूका तर्फबाट प्रत्येक परिवारबाट एक जना सदस्य खटिएका छन्। बाँकी काम गर्ने व्यक्तिहरू ज्यालादारी हुन्।

यतिबेला सीताराम र कुञ्जना बस्ती हस्तान्तरण समारोहलाई ऐतिहासिक बनाउने योजनामा छन्। 'देशका विशिष्ट व्यक्तिको हातबाट बस्ती हस्तान्तरण गराउने योजना छ,' सीताराम भन्छन्- प्रमुख अतिथिको समयअनुसार माघ २२ अथवा २३ गतेका दिन बस्ती हस्तान्तरण हुनेछ।

विकेन्ड कन्सर्ट

# आइशाका साथ लाहुरे र दीपक

अमेरिकी हिपहप गायिका आइशा फुकुसिमा नेपाली कलाकार दीपक बज्राचार्य एन्ड रिदम ब्यान्ड, लाहुरे, कार्टुन्ज क्रुज तथा नेपाल हिपहप फाउन्डेसनका साथमा प्रस्तुत हुँदैछन् ।

**स्थान :** जावलाखेल खेलमैदान, ललितपुर
**मिति :** माघ १३ गते, शनिबार
**प्रवेश :** नि:शुल्क







विकेन्ड स्वाद

# ग्यालेरी क्यान्टिनको लञ्च

हात्तीसारमा हालै सञ्चालनमा आएर खाजा तथा खानाका लागि चर्चित हुँदै गएको रेस्टुराँ 'ग्यालरी क्यान्टिन'ले खाजा वा लञ्चका लागि सस्तोमा विशेष खाजा ख्वाउने योजना प्रारम्भ गरेको छ । यो सेवा क्यान्टिनमै गएर वा फ्री होम डेलिभरीमार्फत प्राप्त गर्न सकिनेछ । यो रेस्टुराँमा खाजाका रूपमा म:म, चाउमिन, पास्ता, फ्रेन्च फ्राई, चिप्स चिल्ली आदि उपलब्ध हुन्छ ।





विकेन्ड मज्जा

# म:म खाउँदै हिरोइनहरू

अभिनेत्री प्रियंका कार्कीले गत वर्ष लोकल म:म पाइने काठमाडौंका विभिन्न स्थानमा पुगेर म:म खान आएका ग्राहकहरूसँग बसेर म:म खाने तथा कोकाकोला पिउने काम गरेकी थिइन् । त्योभन्दा एक वर्षअघि उनी पूर्व मिस नेपाल सृष्टि श्रेष्ठका साथमा यसैगरी म:म र कोक खादै विभिन्न म:म रेस्टुराँ पुगेकी थिइन् । यसपटक उनका साथमा अभिनेत्रीद्वय वर्षा राउत र स्वस्तिमा खड्का पनि रहनेछन् । अबको विकेन्डमा म:म खान कुनै रेस्टुराँ वा लोकल म:म पसल पुग्नुभयो भने त्यहाँ यी तीन अभिनेत्रीहरूसँग तपाईंको पनि जम्काभेट हुनसक्छ, जहाँ उनीहरूसँग सेल्फी खिच्दै म:म र कोकको स्वाद लिन सकिन्छ । कोकाकोला म:म उत्सवअन्तर्गत कोकाकोलाले यो प्रमोसनल कार्यक्रमको आयोजना हरेक वर्ष गर्दै आएको छ ।




विकेन्ड म्युजिक

# क्याराओके नाइट




तपाईंमा गाउने सौख छ र गाउने मौका पाइरहनुभएको छैन भने यो तपाईंका लागि राम्रो अवसर सावित हुनसक्छ । विभिन्न गीतको ट्र्याकमा मन खोलेर गीत गाउन यो विकेन्ड क्याराओके नाइटको आयोजना गरिँदैछ ।

**मिति :** माघ १४ गते, आइतबार
**स्थान :** ओदान रेस्टुराँ एन्ड लाउन्ज, बाँसबारी
**समय :** साँझ ६ बजे

विकेन्ड शो

# मिस्टर एन्ड मिस कलिउड



१५ जना पुरुष तथा १५ जना महिला प्रतिस्पर्धीबीच भोलि शनिबार मोडलिङ प्रतिस्पर्धा हुँदैछ । 'मिस्टर एन्ड मिस कलिउड नेपाल-२०१८' शीर्षकमा सञ्चालन हुने यो प्रतिस्पर्धाको आयोजना मोडलिङ स्कुल नेपालले गर्न लागेको हो । मोडलिङमार्फत नेपाली चलचित्रमा प्रवेश गर्न चाहनेहरूबीच हुन गैरहेको यो प्रतियोगिताका कोरियोग्राफर प्रवेश गिरी हुन् ।

**मिति :** माघ १३ गते, शनिबार
**स्थान :** गोल्डेन ड्रागन, नयाँ बजार
**समय :** साँझ ६ बजे

लाइभ

# देउराली ब्यान्ड र प्रजापति

लेखनाथ महोत्सवमा भोलि शनिबार देउराली ब्यान्डले प्रस्तुति दिँदैछन् । साँझ ५ बजे प्रारम्भ हुने कन्सर्टमा देउराली ब्यान्डका मुख्य भोकलिस्ट शान्तराज बज्राचार्यले देउराली समूहका नयाँ तथा पुराना गीत सुनाउँदै वातावरण तताउनेछन् । भोलि शनिबार दिउँसो लोकदोहोरी गायक प्रजापति पराजुली, नवीन पौडेल, भूमिका गिरी आदिको प्रस्तुति रहनेछ । हास्यकलाकारतर्फ शिवहरी बैरागी सभासद् र देवीराम पराजुली भोकलाग्योले दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्नेछन् । आज शुक्रबार दिउँसो भने राजु गुरुङ, सीता केसीका साथमा स्थानीय कलाकारको लोकदोहोरी प्रस्तुति रहनेछ । आजै पोखरेली माग्ने बूढा युवराज भण्डारी र पोखरेली धुर्मुस राजेन्द्र नेपालीले आफ्नो प्रस्तुति मार्फत दर्शकहरूलाई हँसाउनेछन् ।



# एड्रिन र फिरोजसँग



भोलि माघ १३ गते शनिबार पोखराका संगीतप्रेमीहरू एड्रिन प्रधान तथा फिरोज स्याङ्देनको प्रस्तुतिमा झुम्न पाउनेछन् । 'दि ओरजिनल डु' शीर्षकको यो कन्सर्टमा १९७४ एडीका यी गायकले आफ्ना हिट गीत सुनाउँदै दर्शकहरूलाई झुमाउनेछन् । पोखरा प्रदर्शनी केन्द्रमा दिउँसो १ बजे प्रारम्भ हुने यो कन्सर्ट हेर्न २ सय रुपैयाँको टिकट काट्नुपर्नेछ । यो इभेन्टको होस्ट रमनदास श्रेष्ठले गर्नेछन् । कार्यक्रमको आकर्षणमा फेसन सो समेत रहनेछ जसमा पोखराका १५ जना मोडल र्‍याम्पमा उत्रनेछन् । नेपाल टुरअन्तर्गत सञ्चालन हुने यो कन्सर्ट माघ १९ गते शुक्रबार जाउलाखेल ग्राउन्ड, काठमाडौं तथा माघ २७ गते बुटवल मन्डप, बुटवलमा समेत सम्पन्न गरिनेछ ।

राजाराम पौडेल

चलचित्र


# पद्मावत



**निर्देशन/संगीत :** सञ्जयलीला भन्साली
**कलाकार :** दीपिका पादुकोण, रणवीरसिंह, शाहिद कपुर, अदिति राव, रजा मुराद आदि ।

सञ्जयलीला भन्सालीको चलचित्र 'पदमावत्' हिन्दू राजपूत रानी पद्मिनीको किंवदन्तीमा आधारित छ । रानी पद्मिनीको वर्णन सुफी कवि मलिक मोहम्मद जयसीद्वारा सन् १५४० मा लिखित कविता पद्मावतमा पाइन्छ । रानी पद्मिनी मेवाडका राजपूत शासक रावल रतनसिंहकी श्रीमती थिइन् । सन् १३०३ मा दिल्लीमा शासन गरिरहेका तुर्किस्तान (अहिलेको टर्की) का शासक अलाउद्धिन खिलजीको नेतृत्वमा राजपूतको चित्तौड किल्ला घेरिन्छ । खिलजीले चित्तौडमाथि आक्रमण गर्नुको एउटै कारण हुन्– रानी पद्मिनी । रानी पद्मिनीको सुन्दरताको बयान त्यतिबेला दूरदराजका देशहरूमा पनि भैरहेको हुन्छ । खिलजीले कतै रानी पद्मिनीलाई देख्छन् अनि उनी रावल रतनसिंहसँग युद्ध गरेर उनलाई आफ्नी बनाउन चाहन्छन् । ऐतिहासिक विषयमा चलचित्र बनाउन खप्पिस सञ्जयलीला भन्सालीले यसपटक यही कथालाई चलचित्रको रूप दिए, तर इतिहासविद्हरूले उनीमाथि इतिहासमाथि खेलबाड गरेको आरोप लगाए । विरोधहरू भए, भन्सालीले मुद्दासमेत खेप्नुपर्‍यो । अन्ततः 'पद्मावती' शीर्षकमा बनेको चलचित्र आज शुक्रबारदेखि 'पद्मावत' शीर्षकमा सार्वजनिक गरिँदैछ । भारतका चर्चित चलचित्र समीक्षक तरण आदर्शले हालै चलचित्र हेरेर गरेको समीक्षामा 'पद्मावत'लाई पाँचमा साढे चार स्टार दिएका छन् ।

# गड, सेक्स एन्ड ट्रुथ



**निर्देशक :** रामगोपाल वर्मा **कलाकार :** मिया माल्कोभा

पद्मावतसँग टक्कर लिँदै कसरी चर्चामा आउनुपर्छ भन्ने कुराको राम्रो ज्ञान रहेछ बलिउड निर्देशक रामगोपाल वर्मालाई । थुप्रै फ्लप फिल्म दिएर चर्चामा आएका यी निर्देशकको चलचित्र हिट नभएको पनि वर्षौं भैसकेको छ । यति हुँदाहुँदै पनि वर्मा प्रायः चर्चामै रहन्छन् । यतिबेला रामगोपाल कामसूत्रमा आधारित चलचित्र 'गड, सेक्स एन्ड ट्रुथ' का कारण चर्चामा छन् । यो चलचित्रमा उनले पोर्न स्टार मिया माल्कोभालाई लिएका छन् । मिया माल्कोभा हलिउडमा निर्माण हुने पोर्न चलचित्रकी स्टार हुन् । एउटी सामान्य केटी कसरी पोर्न स्टार बन्छे भन्नेदेखि लिएर पोर्न चलचित्रको संसारमा हुने अपराध र जालझेललाई रामगोपालले चलचित्र 'गड सेक्स एण्ड ट्रुथ'मा समेटेका छन् । यो चलचित्रको ट्रेलर तथा पोस्टर पनि निकै बोल्ड छ, जुन गत साता मात्र सार्वजनिक गरिएको थियो । चलचित्रलाई रामगोपालले आज शुक्रबार २६ जनवरी बिहान ९ बजे वेबमार्फत संसारभर एकसाथ रिलिज गर्दैछन् । युरोपका विभिन्न स्थानमा छायांकन गरिएको चलचित्र 'गड सेक्स एन्ड ट्रुथ' लाई रामगोपालले डिटिजल बेब चलचित्र बताएका छन् । यो चलचित्रका अन्य कलाकारका बारेमा भने खासै जानकारी दिइएको छैन ।

रंगमञ्च

# भागवत टोलमा भोलाराम



अनामनगरस्थित मण्डला थिएटरमा माघ १० गते बुधबारदेखि नाटक 'भागवत टोलमा भोलाराम' मञ्चन हुँदैछ । नाट्यकर्मी विजय विस्फोटको निर्देशनमा मञ्चन भैरहेको यो नाटकका लेखक विफ्टोट आफैं हुन् । रंगसारथिसँगको सहकार्यमा प्रस्तुत यो नाटक माघ २१ गतेसम्म (सोमबारबाहेक) हरेक साँझ ५ बजे मञ्चन हुने बताइएको छ ।

ग्यालरी

# हराएका मूर्तिका तस्बिर



नेपालबाट चोरिएर विदेश पुगेका मूर्तिहरूको फोटो प्रदर्शनी भक्तपुरमा सम्पन्न भएको छ । भक्तपुरको टौनी हागन हाउसमा यसै साता सञ्चालित प्रदर्शनीमा सन् १९५७ देखि १९५९ सम्म नेपाल भ्रमणमा आएका डेनमार्कका पुरातत्वविद् बेर्नेर याकोब्सनले हात पारेर साथमा लगेका सम्पदाहरूको तस्बिर समावेश छ । त्यसैगरी याकोब्सनले खिचेका उसबेलाको काठमाडौं उपत्यकाका २७ वटा दुर्लभ तस्बिरले प्रदर्शनीको महत्व बढाएका थिए ।

# रेडियो कान्तिपुर नेसनल म्युजिक एवार्डको मनोनयन

रेडियो कान्तिपुरले पहिलो पटक 'रेडियो कान्तिपुर नेसनल म्युजिक एवार्ड-२०७४' प्रदान गर्ने घोषणा गरेको छ । काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै रेडियोले पहिलो संस्करणको एवार्डमा मनोनीत हुने संगीतकर्मीहरूको नामावलीसमेत सार्वजनिक गरेको छ । रेडियो कान्तिपुरले आफ्नो २० औं वार्षिकोत्सवको अवसर पारेर नेपाली संगीतको श्रीवृद्धिमा ईंटा थप्ने उद्देश्यले यो एवार्ड समारोह आयोजना गर्न लागेको हो ।

माघ २६ गते शुक्रवार सोल्टी क्राउन प्लाजामा आयोजना हुने एउटा विशेष सांगीतिक समारोहमा संगीतका १७ विधा तथा उत्कृष्ट तीन विज्ञापन एजेन्सीलाई पुरस्कृत गरिने रेडियो कान्तिपुरका स्टेसन म्यानेजर दिनेश डिसीले बताएका छन् । त्यसका साथै नेपाली संगीतमा विशिष्ट योगदान पुर्‍याउने एक जना संगीत साधकलाई १ लाख रुपैयाँको लाइफ टाइम एचिभमेन्ट एवार्डसमेत प्रदान गरिनेछ । पिपुल्स च्वाइस एवार्डको चयनमा भने श्रोताहरूको सहभागिता रहनेछ । यो विधालाई योन्डर पिपुल्स च्वाइस एवार्ड राखिएको छ ।




पहिलो संस्करणको यो एवार्डमा २०७३ साउन १ गतेदेखि २०७४ असार मसान्तसम्म विश्वभर सार्वजनिक भएका नेपाली गीतबाट विभिन्न विधाअन्तर्गत उत्कृष्टमध्ये पाँच जनालाई मनोनयन गर्न तीन सदस्यीय निर्णायक मण्डल गठन गरिएको थियो । शनिबार सार्वजनिक मनोनयन सूचीमा परेका उत्कृष्ट पाँच मध्येबाट सर्वोत्कृष्ट छान्न संगीतका वरिष्ठ साधक सम्मिलित तीन सदस्यीय अर्को निर्णायक समिति गठन गरिएको एफएमले जानकारी दिएको छ ।

## यस्तो छ मनोनयन

एवार्डको उत्कृष्ट नवप्रतिभा विधामा मेनुका पौडेल (एक जनामापछि), बेनुप क्षेत्री (तिमीसँग), लाक्पा शेर्पा लामा (छुपुमा छुपु), स्वपनम सुमन (कसरी भनौं) तथा सज्जनराज वैद्य (हवाईजहाज) मनोनीत भएका छन् भने उत्कृष्ट रचनाकारमा उत्तमजंग लिम्बू (शिरैमा शिरबन्दी), सुवास गौतम (कतै मिलन), रमेश बिजी (म हुरीमा), वीरेन्द्र पाठक (आज फेरि) तथा पुरन गिरी (यति धेरै माया) मनोनीत छन् । उत्कृष्ट संगीतकारमा हरि लम्साल (आज फेरि), कालीप्रसाद बाँसकोटा (साइँली), अर्जुन पोखरेल (भन्छु आज), महेश खड्का (दर्शन नमस्ते) तथा न्हू बज्राचार्य (किन हेरिनौ) मनोनीत छन् । उत्कृष्ट लोक तथा दोहोरी गायक पुरुषमा रामजी खाँड ठकुरी, पशुपति शर्मा, खुमन अधिकारी, बद्री पंगेनी तथा किसि खड्का मनोनीत छन् । उत्कृष्ट लोक तथा दोहोरी गायिका महिलातर्फ देवी घर्ती, टीका पुन, मुना थापा, रमिला न्यौपाने तथा विष्णु माझी मनोनीत छन् भने उत्कृष्ट प्लेब्याक सिंगर पुरुषमा सुगम पोखरेल (तिमी रोएको पल), प्रताप दास (मोटरसाइकलमा), रोहित जोन क्षेत्री (कहानी यो प्रेम गीतको), राजेशपायल राई (आकाशैमा) तथा आसिफ शाह (कथा तिम्रो सुनु) मनोनयनमा परेका छन् । उत्कृष्ट प्ले ब्याक सिंगर महिलामा मेलिना राई (कुटुमा कुटु), अञ्जु पन्त (तिमी रोएको पल), इन्दिरा जोशी (मोटर साइकलमा), शशि रावल (झकास झापाली) तथा मिना निरौला (ठमेल बजार) मनोनीत छन् ।

राष्ट्रिय गीतमा हरिदत्त फुलारा, सुमित खड्का, मनोज राज शिवाकोटी, सन्दीप तथा कर्णदास मनोनीत छन् भने उत्कृष्ट पप गायक पुरुषमा लाहुर, धर्मेन्द्र सेवान, सुगम पोखरेल, कमल खत्री तथा दीपक बज्राचार्य मनोनीत छन् । यता उत्कृष्ट पप गायिका महिलामा बार्तिका राई, इन्दिरा जोशी, तृष्णा गुरुङ, श्रेया सोताङ तथा नट्टु शाह मनोनीत छन् । पब्लिक च्वाइस विधाका लागि हेमन्त राना, राजनराज शिवाकोटी र मेलिना राई, मिना निरौला र कालीप्रसाद बाँसकोटा, लाहुरे तथा स्वप्नम सुमन मनोनयनमा परेका छन् ।

समूह गायनमा कबबेब, १९७४ एडी, नाइट, पहेंलो बत्ती तथा मंकी टेम्पल समूह मनोनीत छन् । उत्कृष्ट आधुनिक गायक पुरुषमा रामकृष्ण ढकाल, राजेशपायल राई, सत्यराज आचार्य, सुरजकुमार थापा तथा अजर जंगम मनोनीत छन् भने उत्कृष्ट आधुनिक गायन महिलामा मेलिना राई, बानिका प्रधान, मिलन अमात्य, संगीता राना प्रधान तथा अञ्जु पन्त मनोनीत छन् ।

उत्कृष्ट गीतको विधामा मधुशाला, जाउँला रेलैमा, आज फेरि, म हुरीमा तथा यति धेरै माया मनोनीत छन् । उत्कृष्ट एल्बमतर्फ भने रामकृष्ण ढकालको आवरण, राजेशपायल राईको दर्शन नमस्ते-३, सत्यराज आचार्यको मधुशाला, अजर जंगमको आकाश मिचिएको सहर तथा राजुबाबु श्रेष्ठको अग्रज मनोनयनमा परेका छन् ।




सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक



# सिर्जना गुरुङ

## मिस नेपाल युके-२०१७





**बेलायतमा बसोबास गर्ने** नेपाली युवतीहरूबीच गत सेप्टेम्बरमा सम्पन्न सौन्दर्य प्रतियोगिता मिस नेपाल युके-२०१७ की विजेता हुन्– सिर्जना गुरुङ। उक्त प्रतिस्पर्धामा उनले मिस इन्टलेक्चुअलको उपाधिसमेत जितेकी थिइन्। प्रतिस्पर्धामा छनौट भएपछि प्रतियोगिताका अन्य प्रतिस्पर्धीसँगै पूर्व मिस नेपाल मालिभका सुब्बाद्वारा प्रशिक्षित सिर्जनाले उक्त प्रतिस्पर्धाको उपाधि जितेपछि आफूलाई समाजसेवामा समर्पित गरेकी छिन्। 'ब्युटी विथ अ प्रपोज' अन्तर्गत उनले सामाजिक सेवाका लागि संकलन गरेको ३ लाख ४९ हजार १ सय ५ रुपैयाँ 'ब्लाइन्ड रक्स' नामक सामाजिक संस्थालाई सहयोगस्वरूप प्रदान गरिन्। गुरुङले आफ्ना अभिभावकहरूले पढेको पर्वत जिल्लास्थित बाच्छा गाउँको सिर्जना विकास निम्न माध्यमिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि २५ हजारको स्टेसनरी सहयोगसमेत गरेकी छिन्।

मिलनसार एवं सहयोगी स्वभावकी सिर्जनाको मूलघर पोखरा भए पनि उनको जन्म हङकङमा भएको हो। बेलायती सैनिक सेवाबाट अवकाशप्राप्त बाबुकी छोरी सिर्जना हक्की छिन्। योग, फिटनेस तथा रनिङ गरेर आफूलाई तन्दुरुस्त राख्ने सिर्जना नेपाली उपन्यास पढ्न, चलचित्र हेर्न तथा संगीत सुन्न रुचाउँछिन्। ट्रेकिङ तथा हाइकिङ मज्जा लाग्ने बताउने सिर्जनाले हालै नेपाल आएका बेला अन्नपूर्ण बेसक्याम्पको पाँचदिने ट्रेकिङले आफूमा ऊर्जा थपेको बताइन्।

सुब्रत आचार्य

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान
हेयर एन्ड मेकअप : रचना शाक्य, केटीएम मेकअप स्टुडियो
पहिरन : अटुमन, दरबारमार्ग
लोकेसन : अर्ग्यानिक चुलो, पुरानो बानेश्वर



## जम्ला त रोमान्स ?

अभिनेत्री प्रियंका कार्की अहिलेकी सर्वाधिक व्यस्त एवं चर्चित अभिनेत्री हुन् । उनको माग बढी नै छ भने उनका थुप्रै चलचित्र प्रदर्शनका लागि तयारसमेत छन् । यसबीच निर्देशक मिलन चाम्सले लन्डन तथा युरोपमा छायांकन गर्ने भनेको चलचित्र 'लिलिबीली'मा अनुबन्ध भएकी अभिनेत्री रेबिका गुरुङले भिसा नपाएपछि अन्ततः उक्त भूमिका प्रियंकाको पोल्टामा परेको छ । प्रेमगीतका कारण दर्शकको रोजाइमा परेका अभिनेता प्रदीप खड्कासँग केमेस्ट्री मिलाउन उनी लन्डन गइन् तथा युरोपको स्कटल्यान्ड र टर्कीमा समेत उनका रोमान्टिक दृश्य खिचिए । अर्की अभिनेत्रीले भिसा नपाउँदा जड्यौरी रूपमा सही प्रियंकाले प्रदीप खड्कासँग रोमान्स गरेकी छिन् । अब यी दुईको रोमान्सले दर्शकको साथ पाउला त ?



## यौन प्रस्तावको आरोप

मोडल तथा नृत्यांगना प्रमिला न्यौपानेले मलेसियामा हुन लागेको एउटा कार्यक्रममा सहभागिता जनाउने क्रममा आयोजकले आफूसमक्ष यौनसम्पर्क राख्न प्रस्ताव गरेको खुलासा गरेकी छिन् । फेसबुकमा स्टाटस लेख्दै प्रमिलाले आयोजकका तर्फबाट गरिएको यौन प्रस्ताव अस्वीकार गरेकै कारण आफ्नो नाम तथा तस्बिर कार्यक्रमको पोस्टरबाट हटाइएको आरोपसमेत लगाएकी छिन् । प्रमिलाको आरोप छ- 'मलाई कार्यक्रममा सहभागी बनाउने निश्चित भैसकेको थियो, पोस्टरमा पनि अन्य कलाकारसहित मेरो समेत तस्बिर थियो, तर सेक्स प्रस्ताव अस्वीकार गरेपछि कार्यक्रमको ब्यानर नै चेन्ज गरिएछ ।' प्रमिलाका अनुसार युनिक धमाका-७ का एक जना आयोजकले उनलाई यौनसम्पर्कको प्रस्ताव राखेका हुन् । प्रमिलाले आफ्नो दोस्रो स्टाटसमा आयोजक समूहसमक्ष आफ्नो जिज्ञासाको जवाफ चाहेको उल्लेख गरेकी छिन् । उनले आयोजकबाट अदालत जाने धम्की दिइएकाले आफू पनि अदालतमा उभिने बताएकी छिन् । उता आयोजक समूहका भिमसेन केसीले भने उक्त आरोपको खण्डन गर्दै प्रमिलाले घिनलाग्दो कुरा गरेको बताएका छन् । केसीको दाबीअनुसार प्रमिलाले नै चर्चामा आउन त्यस्तो आरोप लगाएकी हुन् ।

प्रश्नोत्तर

### अभिनयको क्रस मोडमा हमाल

## विवाहको प्रसंगमा बच्चै छु

राजेश हमाललाई पछिल्ला दुई वर्षदेखि अभिनय क्षेत्रमा देखिएको छैन । कुनै न कुनै भूमिकामा निरन्तर देखा पर्दै आएका हमाल एकाएक अभिनय क्षेत्रमा नदेखिँदा उनले २८ वर्ष लामो अभिनय यात्राबाट अब विश्राम लिएका हुन् त ? वा उनलाई सुहाउँदो भूमिका चलचित्रमा नभएको हो ? वा हमाल आफैंले नयाँ पुस्ता र प्रकृतिका चलचित्रमा काम गर्न नचाहेका हुन् ? हमाल स्वयं पनि यी प्रश्नको सामना गरिरहेका छन् । आफ्ना पछिल्ला चलचित्र 'बाग्मती' र 'शकुन्तला' व्यवसायिक रूपमा असफल भएपछि उनी वैवाहिक जीवनमै रमाइरहेका छन् ।



**नेपाल पहिलेको नेपाल रहेन, तर राजेश हमाल पहिलेकै राजेश हमाल हो । त्यो इतिहास बोकेको राजेशलाई अभिनयमा किन कम देखिएको ?**

वास्तममै यो पहिलेकै राजेश हमाल हो । जबसम्म नेपाली चलचित्र र माया गर्ने दर्शकहरूको अस्तित्व रहन्छ तबसम्म म दर्शकहरूमाँझ आइरहन्छु । चलचित्र शकुन्तलापछि मेरो अभिनयमा केही ग्याप आयो, सायद यो अभिनययात्राको एउटा मोड पनि होला, तर म हराएको छैन, म नेपाली सिने क्षेत्रमै छु ।

**दर्शकको अपेक्षा पनि त होला नि, राजेशलाई निर्देशन वा निर्माणको क्षेत्रमा हेर्ने ?**

हो, मैले पनि सोचेको छु । यति लामो जीवन चलचित्र क्षेत्रमा बिताएको छु, अहिलेसम्म सिकेको ज्ञान र क्षमतालाई कुनै न कुनै माध्यमले यही क्षेत्रमै लगाउँछु । गम्भीर तयारी पनि भैरहेको छ ।

**सामाजिक सञ्जालमा खुबै देखिनुहुन्छ । तपाईंको वैवाहिक जीवनका स्वर्णिम पलहरू पनि देखिन्छन् सञ्जालमा । विवाहले राजेशलाई ऊर्जा प्रदान गरिरहेको छ ?**

मेरा सयौं फेक आईडी थिए तर म स्वयं त्यसमा थिइनँ । दर्शक तथा शुभचिन्तकहरूको आग्रहमै मैले सामाजिक सञ्जालमा उपस्थिति जनाएको हुँ । दर्शकहरूलाई आफ्ना बारेमा जानकारी दिने उपयुक्त माध्यमका रूपमा लिएको छु मैले यसलाई ।

प्रेमले मानिसलाई ऊर्जा नै दिन्छ तर समयसँगै जिम्मेवारीले अझ परिपक्क बनाउँदो रहेछ । विवाहले मलाई जिम्मेवारीबोधसँगै जीवनको महत्व पनि बुझाएको छ ।

**दुईबाट तीन कहिले हुने भन्ने प्रश्नले कत्तिको सताउँछ ?**

हाँसो...... वास्तवमै धेरै । यसलाई मैले सबैको माया तथा सद्भावका रूपमा बुझेको छु । विवाह भएको पनि धेरै भा'को छैन, किन हतार ? विवाहको प्रसङ्मा त म बच्चै त छु । (हाँसो....)

अनोज रोक्का



## आर्यनको काइदा

चलचित्रमा आबद्ध भएको छोटो अवधिमै धेरै चलचित्रमा अभिनय गर्ने मौका पाउने थोरै कलाकारमा पर्छन् अभिनेता आर्यन अधिकारी । आर्यनले पछिल्ला दुई वर्षमा पाँचवटा चलचित्रमा अभिनय गरिसकेका छन् । यो भन्दा पनि रमाइलो कुरा के छ भने आर्यनले हालसम्म जति वटा चलचित्रमा काम गरेका छन्, ती सबैमा उनले अलग-अलग अभिनेत्रीसँग अनस्क्रिन रोमान्स गर्ने अवसर प्राप्त गरेका छन् । पहिलो चलचित्र के म तिम्रो होइन र मा उनको जोडी मरिष्का पोखरेलसँग बाँधिएको थियो । दोस्रो चलचित्र बटरफ्लाईमा उनी प्रियंका कार्कीसँग देखिए । तेस्रो चलचित्र बाँध मायालेमा उनी सृष्टि श्रेष्ठसँग रोमान्स गर्दैछन् । त्यसबाहेक उनी करोडपति तथा जस्मिनमा क्रमशः नीता ढुंगाना अनि अशिष्मा नकर्मीसँग देखापर्दैछन् । हरेक चलचित्रमा नयाँ अभिनेत्रीसँग जोडी बाँधिनुलाई आर्यनले संयोगमात्र भनेका छन् । भाग्य होस् त आर्यनको जस्तो ।



# ४८ घण्टाको गीत

सरस्वती पूजाको अवसर पारेर युट्युबमार्फत चलचित्र कोहलपुर एक्सप्रेसको एउटा गीत सार्वजनिक भयो । राजनराज शिवाकोटी तथा मेलिना राईको स्वरको लोकशैलीमा आधारित सिओडब्लू काउ... गीतलाई दर्शकले मन नपराउने कारण छैन । यद्यपि उक्त गीतलाई आकर्षक बनाउन चलचित्रका कलाकार, निर्देशक, कोरियोग्राफरदेखि सम्पूर्ण क्रूले झन्डै ४८ घण्टा मेहनत गरेको कुरालाई भने हालसम्म गोप्य नै राखिएको छ । केकी अधिकारी, रीमा विश्वकर्मा, विनोद न्यौपाने तथा गम्भीर विष्टले आकर्षक नृत्य गरेको उक्त गीतलाई विवाहको थिममा प्रस्तुत गरिएको छ । गोकर्णको एउटा गाउँमा विवाहको सेट बनाउँदै झन्डै ४८ घण्टा लगाएर गीतको छायांकन सम्पन्न गरिएको निर्देशक विशाल भण्डारीले बताएका छन् । 'दर्जनौं कोरससहितको यो गीतको छायांकन राती नै गर्नुपर्ने थियो, गीतका कोरियोग्राफर गम्भिर विष्ट भन्छन्– एक रातमै छायांकन सम्पन्न गर्ने भनिए पनि पहिलो रात गीतको आधा भाग पनि खिच्न नभ्याइएपछि दुई रात लगाएर गीत छायांकन गरियो ।




# ल्याङ्ग्रीको दादागिरी



उनको वास्तविक नाम सुमन ज्योती न्यौपाने हो, तर उनलाई यो नामले उनका घर-परिवारले मात्र चिन्छन् । सार्वजनिक जीवनमा उनलाई ल्याङ्ग्री दादाका रूपमा चिनिन्छ । हास्य श्रृंखला मेरी बास्सैमा ल्याङ्ग्री दादाको भूमिका निर्वाह गरेर धेरैको मन जितेपछि उनी आफ्नो वास्तविक नामबाट भन्दा नयाँ नामबाट चिनिन थालेका हुन् । सामाजिक सञ्जालमा समेत ल्याङ्ग्री दादाकै नाममा प्रस्तुत हुने सुमन आफ्नो खैरो केशका कारण समेत चर्चामा आइरहन्छन् । युट्युबका विभिन्न च्यानलबाट प्रसारण हुने कमेडी श्रृंखलामा पनि उनी ल्याङ्ग्री दादाकै रुपमा प्रस्तुत भैरहेका छन् । हुँदा-हुँदा उनको उपनाममा एउटा गीत नै तयार भएको छ । हालै सार्वजनिक भएको उक्त गीतको म्युजिक भिडियोमा ल्याङ्ग्री दादा आफैंले अभिनय गरेका छन् ।

# जोडीको पहिलो

संजोग कोइराला तथा वर्षा राउत रियल लाइफ कपल हुन् । लामो समयदेखि प्रेम सम्बन्धमा बाँधिएको यो जोडीलाई चलचित्रमा भने अहिले सम्म कसैले जोडीका रूपमा प्रस्तुत गरेका थिएनन् । अहिले आएर पुराना अभिधनेता शिव श्रेष्ठले निर्माण गर्ने नयाँ चलचित्रमा पहिलो पटक संजोग र वर्षा जोडीका रुपमा प्रस्तुत हुने निश्चित भएको छ । दिपेश सापकोटोले निर्देशन गर्ने चलचित्र एउटा यस्तो प्रेम कहानीमा यो जोडीले पहिलो पटक स्क्रिन शेयर गर्नेछ । पछिल्ला केही सातादेखि वर्षा अस्ट्रेलियामा छिन् । उनी यही चलचित्रका लागि तौल घटाउने क्रममा अस्ट्रेलिया पुगेको बताइन्छ । चलचित्रमा संजोग र वर्षासँगै शिव श्रेष्ठसमेत विशेष भूमिकामा प्रस्तुत हुनेछन् । उक्त चलचित्रको कथा शिव श्रेष्ठले नै तयार पारेका हुन् ।



तस्विर सौजन्य : अञ्जिल मास्के/टीएचटी

# आश्चर्यमा दीपिका

चलचित्र ऐश्वर्यबाट चर्चामा आएकी अभिनेत्री दिपिका प्रसाई यतिबेला बजारमा चलेको एउटा हल्लाका कारण आश्चर्यमा परेकी छिन् । केही साताअघि साप्ताहिकसँग कुराकानी गर्दै दीपिकाले आफू अझै केही महिना चलचित्रमा नआउने र यो अवधिमा आफ्नो अध्ययन पूरा गर्ने बताएकी थिइन् । यो साताको प्रारम्भमा चलचित्रवृत्तमा दीपिकाले एउटा नयाँ चलचित्रका लागि ६ लाख रुपैयाँ पारिश्रमिक मागेको चर्चा चल्यो । उक्त चर्चा दीपिकाले पनि सुनिन् अनि छक्क परिन् । दीपिका भन्छिन्- 'मैले सोच्न समेत नभ्याएको विषयमा समेत चर्चा हुँदो रहेछ, अचम्म लागेको छ ।' पछिल्लो समय आफू एउटा चलचित्रको स्क्रिप्ट अध्ययन गरिरहेको कुरा स्वीकार गर्दै दिपिकाले आफूले अहिले नै पारिश्रमिकका लागि डिमान्ड गर्ने बेला भैनसकेको कुरासमेत स्पष्ट पारेकी छिन् ।

# अल्टिमेट मोडल नेपाल



क्रिजोना मिडिया ग्रुपद्वारा आयोजित अल्टिमेट मोडल नेपाल शीर्षकको मोडलिङ प्रतिस्पर्धामा शंकर चापागाईं तथा अस्मिता बुढाथोकी विजेता घोषित भए । प्रतियोगितामा शंकरले पर्सनालिटी विधाको एवार्डसमेत जिते भने अस्मिता ट्यालेन्ट र मल्टिमिडिया विधामा समेत विजेता घोषित भइन् । उक्त प्रतियोगितामा विवश बस्नेत र एलिसन गुरुङ फस्ट रनर्सअप तथा दिपेश शाह र निकिता शर्मा सेकेन्ड रनर्सअप भएका थिए ।



# मिस तामाङ कविता

तेस्रो संस्करणको मिस तामाङ, पोखराको उपाधि रामेछापकी कविता योञ्जनले जितेकी छिन् । २८५४ औं सोनाम ल्होसारका अवसरमा बैदाम तामाङ सेवा समाजले पोखरामा आयोजना गरेको यो प्रतियोगितामा १५ जना सहभागी थिए । काठमाडौं स्वयम्भुकी सुस्मिता गोले तामाङ फस्ट रनर्सअप भएको मिस तामाङ पोखरामा पोखरा लेकसाइडकी अमिता लामा सेकेन्ड रनर्सअप घोषित भइन् ।

# किन्डरगार्डेन प्रिन्स एन्ड प्रिन्सेस



किन्डरगार्डेन प्रिन्स एन्ड प्रिन्सेस-२०१८ को उपाधि आरुज कार्की तथा आधिरा जस्यु पाण्डेले जितेका छन् । २५ जना बालबालिकाहरूको सहभागिता रहेको यो प्रतियोगितामा अभय शाही र आशिया थापा फस्ट रनर्सअप तथा प्रिन्स श्रीयंक घिमिरे र प्रिन्सेस सजना श्रेष्ठ सेकेन्ड रनर्सअप भए ।

### चाइल्ड आइकन

मिडिया ल्यान्डले पोखरामा आयोजना गरेको चाइल्ड आइकन पोखरा सिजन वानको सिनियरतर्फको उपाधि आयुषा थापाले जितेकी छिन् । उक्त प्रतिस्पर्धामा प्रमिस थापा मगर फस्ट रनर्सअप तथा प्रियंका तामाङ सेकेन्ड रनर्सअप घोषित भए । जुनियरतर्फको उपाधि प्रिजन परियारले हात पारे भने आज्ञा छत्याल फस्टरनर्सअप तथा सिजन गुरुङ सेकेन्ड रनर्सअप भए । जुनियर चायल्ड आइकनका लागि १५ जना तथा सिनियर चाइल्ड आइकनका लागि ३६ जना स्टेजमा उत्रिएका थिए ।

### लिटिल स्टार अफ दि इयर

लिटिल स्टार अफ दि इयर-१०१८ को उपाधि वेबिसा भण्डारी तथा बिपासना थापाले जितेका छन् । अन्तिम प्रतिस्पर्धामा ७० जना बालबालिका सहभागी रहेको यो प्रतियोगितामा ५ देखि ९ वर्षसम्मका बालबालिकालाई ग्रुफ 'ए' तथा १० वर्षदेखि १२ वर्षसम्मका बालबालिकालाई ग्रुप 'बी' विभाजन गरिएको थियो । प्रतिस्पर्धामा ग्रुप 'ए' तर्फ विश्वास शर्मा फस्ट रनर्सअप तथा असियाना श्रेष्ठ सेकेन्ड रनर्सअप भए भने ग्रुप 'बी' मा सानमी वस्ती र दिव्यस्यास खड्का क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअप घोषित भए ।

### मिसेज गुरुङ नेपाल

नाल्मा तमु समाजद्वारा आयोजित मिसेज गुरुङ नेपाल-२०७४ को उपाधि निशा गुरुङले जितेकी छिन् । आफ्ना १४ जना प्रतियोगीलाई पराजित गर्दै उपाधि जित्ने क्रममा निशाले मस्ट पङ्चुयल तथा मस्ट एक्टिभको उपाधिसमेत प्राप्त गरिन् । फस्ट रनर्सअप ममता गुरुङले बेस्ट पर्सनालिटी र बेस्ट पर्फमेन्सको उपाधिसमेत जितिन् भने सेकेन्ड रर्नसअप दुर्गा गुरुङले मस्ट कन्फिडेन्टको उपाधि प्राप्त गरिन् ।



### द सुपर मोडल नेपाल

द सुपर मोडल नेपाल-२०१८ को उपाधि अभिलाशा शर्माले जितेकी छिन् । प्रतियोगितामा देश्ना केसी फर्स्ट रनर्सअप तथा सायरा घिमिरे सेकेन्ड रनर्सअप भइन् । आईआईएफटी नेपालका डिजाइनर विद्यार्थीहरूले तयार पारेको आकर्षक पहिरनमा सजिएका प्रतिस्पर्धीहरूको यो प्रस्तुति प्यासिफिक इभेन्ट एण्ड म्यानेज्मेन्टले प्रस्तुत गरेको थियो ।

### नृत्य प्रतियोगिता सम्पन्न

दमक महोत्सवमा सम्पन्न नृत्य प्रतियोगितामा एकल नृत्यको उपाधि दमककी दिपमा बस्नेतले जितेकी छिन् । प्रतियोगितामा दमककै सन्ध्या श्रेष्ठ दोस्रो तथा दुधेकी ऐना राई तेस्रो भए । समूह नृत्यतर्फ दमकस्थित एभरेस्ट बोर्डिङ स्कुल विजयी भयो भने दमक डान्स सेन्टरले दोस्रो तथा बैगुनधुरा बोर्डिङ धस्कुल तेस्रो भए ।

# बी-टेनलाई दर्शकको साथ



अन्डरग्राउन्ड ऱ्याप ब्याटलबाट उदाएका २० वर्षीय युवा समीर घिसिङ अर्थात् बी-टेनले आफ्नो दमदार प्रस्तुतिमार्फत दर्शकको अपार माया बटुले । आफ्नो गीत 'चुरोट' उनले दर्शकको आग्रहमा पटक-पटक सुनाए । उनको प्रस्तुतिमा जोस्सिएका दर्शकहरूलाई सम्हाल्न हम्मेहम्मे पऱ्यो । उक्त प्रस्तुति हेर्न महोत्सवमा २० हजार दर्शक जम्मा भएका थिए । बी-टेन पोखराको स्टेजमा पहिलो पटक प्रस्तुत भएका हुन् । यसअघि अघिल्लो दिन शुक्रबार साँझ पोखरेली ऱ्यापर आशिष राना लाहुरेले नेपहपको स्वाद चखाउँदा पनि दर्शकको सपोर्ट उत्तिकै थियो ।

# महोत्सवमा कलाकारको भीड

रत्ननगरको टिकौली चौरमा आयोजित नवौं रत्ननगर महोत्सव अवधिभर कलाकारको भीड लाग्यो । पुस २७ गते प्रारम्भ भएको महोत्सव गत आइतबार सम्पन्न भएको थियो । महोत्सव अवधिभर गायक हेमन्त शर्मा, प्रमोद खरेल, मीना निरौला, सुनिल गिरी, एड्रियन प्रधान एवं भुवन प्यासीले दर्शकको चाहनाअनुसार आधुनिक तथा पप गीत गाउँदै वातावरण तताउने काम गरे । उता लोकदोहोरी गायक पुरुषोत्तम न्यौपाने, मिलन लामा, बद्री पंगेनी, कोमल वली, नेत्रजी पन्त आदिले पनि दर्शकहरूलाई नचाए भने कोमाटिक, न्याटिभ, स्तब्धजस्ता ब्यान्डले सांगीतिक प्रस्तुतिमार्फत युवा दर्शकहरूको मन जिते ।

त्यस्तै खैरहनी नगरपालिका-५ स्थित जनकौली गौचरणमा आयोजित पाँचौं खिचरा महोत्सवको मुख्य आकर्षण पनि कलाकारहरू नै भए । थारु कल्याकारिणी सभा क्षेत्र नम्बर ७ ले आयोजना गरेको महोत्सवमा मिलन लामा, प्रमोद खरेल तथा सुनिल गिरीले समेत प्रस्तुति दिए । सोमबार सम्पन्न उक्त महोत्सवको आकर्षण लोकदोहोरी गायक पशुपति शर्मा, मिलन अमात्य, ज्योति मगर, रामजी खांण, रमेशराज भट्टराई, सुरेश लामा, एलिना सापकोटा, सिम्पल खरेल, मनोज महतो, अमित सिंह चौधरी आदि रहे भने गायक शिव परियारको प्रस्तुति दमदार रह्यो ।

यसैगरी छिमेकी जिल्ला नवलपरासीमा दोस्रो गैंडाकोट महोत्सव पनि सोमबार सम्पन्न भएको छ । पुस २७ गते प्रारम्भ भएको यो महोत्सवमा दर्शकको चाहना कलाकारको उपस्थितिमा गीत सुन्ने नै रह्यो । उक्त अवसरमा गायक प्रकाश सपूत, सम्झना भण्डारी, चन्द्र शर्मा, चन्द्रा कार्की, बालचन्द्र बराल, पुरुषोत्तम न्यौपाने, रमेशराज भट्टराई, प्रमोद खरेल, पशुपति शर्मा, राजन गुरुङ आदिले दर्शकहरूलाई नचाए भने सबिन राई आफ्नो ब्यान्डसहित प्रस्तुत भएका थिए । महोत्सवमा गायक रामजी खांण, टीका तारामी मगर, गायक शिव परियार तथा पुष्कल शर्मा पनि आकर्षणमा रहे ।

विमल खतिवडा



# फेसन शोमा सञ्चिता



साँझ छिप्पिँदै जाने क्रममा बिस्तारै चिसिएको पोखरा प्रदर्शनी केन्द्रको ताप एक्कासि बढ्यो । एकपछि अर्को गर्दै काठमाडौं तथा पोखराका मोडलहरू आकर्षक गेटअपमा ऱ्याम्पमा देखिए । सेलिब्रेटी सिक्वेन्स मार्फत दिक्पाल कार्की, यशराज, निर्जन थापा तथा नरेन खड्का स्टेजमा देखिए । यसैगरी साडी, लेहेङ्गा, गाउन एवं फेस्टिभ सिक्वेन्समार्फत काठमाडौं तथा पोखराका मोडलहरूले विभिन्न पहिरन प्रस्तुत गरे । ब्लेजर, सेरवानी एवं फर्मल सुटमा देखिएका पोखरा तथा काठमाण्डौंका पुरुष मोडलले समेत शोको आकर्षण बढाएका थिए । पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको चेरिष्मा फेसन नाइट सिजन-२ को मुख्य आकर्षण भने नायिका सञ्चिता लुईंटेल थिइन् । सञ्चिता सिल्भर तथा गोल्डेन कलरको लेहेङ्गामा सजिएर ऱ्याम्पमा उत्रिँदा वातावरण थप गर्माएको थियो ।

पहिलो विश्व

# भाइरल भएकी वयस्क अभिनेत्री

वयस्क चलचित्रकी एक अभिनेत्री अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग जोडिएर अकस्मात् चर्चामा आइरहेकी छिन् । ट्रम्प रौसिलो रहँदाकी यी पात्रको बयानलाई अहिले अमेरिकाबाट प्रकाशित हुने पत्रपत्रिकाले आकर्षक ढंगले प्रस्तुत गरिरहेका छन् । श्रीमती मेलानिया ट्रम्पले सन् २००६ मा छोरा जन्माउँदा राष्ट्रपति ट्रम्पले आफूसँग शारीरिक सम्बन्ध राख्ने गरेको खुलासा वयष्क चलचित्रकी अभिनेत्री स्टोमी ड्यानियलले गरेकी हुन् । ट्रम्पले आफूलाई निजी निवासका साथै होटलमा लगेर समेत सम्बन्ध राखेको ती अभिनेत्रीले बताएकी छिन् । सन् २०१६ मा ट्रम्प अमेरिकाको राष्ट्रपति चुनावमा उम्मेदवार हुने क्रममा यो कुरा कसैलाई नबताउने सर्तमा उनले आफूलाई १ करोड ३४ लाख रुपैयाँ दिएको समेत उनको दाबी छ । स्टोमीको यो भनाइ सार्वजनिक भएपछि अहिले उनको नामका वयष्क चलचित्र हेर्नेहरूको संख्या हवात्तै बढेको छ ।






# बालकको एसएमएस वयष्क अभिनेत्रीलाई

फ्रान्समा निर्माण हुने वयष्क चलचित्रकी एक अभिनेत्रीलाई एक बालकले शारीरिक सम्बन्धको प्रस्तावसहित एउटा एसएमएस पठाएका छन् । १२ वर्षीय ती बालकले २८ वर्षीया अभिनेत्री निकिता बेलुचीको ट्विटरमा इन्बक्स गर्दै आफू उनको फ्यान भएको र उनीसँग निर्वस्त्र शारीरिक सम्बन्ध राख्न चाहेको कुरा बताएका थिए ।

उक्त एसएमएसलाई रिट्विट गर्दै निकिताले अहिलेका बालबालिकालाई उचित यौन शिक्षा आवश्यक रहेको र अभिभावकहरूले नै आफ्ना बालबालिकालाई यौन शिक्षा दिनुपर्ने कुरा बताएकी छिन् ।

ट्विटरमा १ लाख ६० हजार फलोअर्स रहेकी निकिताले अभिभावकहरूले आफ्ना स-साना सन्तानलाई अश्लिल सामग्रीहरूबाट टाढै राख्नु राम्रो हुने जनाउँदै जनचेतना जगाउने प्रयाससमेत गरेकी छिन् । आफूसँग शारीरिक सम्बन्ध राख्ने मनसायका प्रस्ताव अरूहरूले समेत पठाए पनि पछिल्लो समय बालबालिकाबाट यस्तो प्रस्ताव धेरै आउन थालेको निकिता बताउँछिन् ।







# ३ करोडभन्दा बढी पर्ने जुत्ता

राजकुमारी डायना तथा ग्रेस केलीले लगाउने जुत्ताको मोडलबाट प्रभावित भएर निर्माण गरिएको एउटा जुत्ताको मूल्य ३ करोड १० लाख रुपैयाँ तोकिएको छ । हातले निर्माण गरिएको यो हाई हिलको मुख्य विशेषता भनेको यो जुत्ताको नमुना यही मात्र हुनु हो । यसमा ५४ क्यारेटको सेतो हिरा, ४ सय १६ क्यारेटको निलमका साथै सुन तथा सेतो सुन जडान गरिएको छ ।

यो जुत्ताको निर्माण आफैंमा कठिन थियो । एक वर्षभन्दा बढी समय लगाएर तीन देशका सुन विशेषज्ञहरूको रेखदेखमा यो जुत्ता तयार गरिएको हो । यो जुत्ताको डिजाइन संयुक्त अरब इमिरेट्सस्थित जारा दुबईले गरेको हो । उक्त डिजाइनलाई भेनिसका कालिगडहरूले अन्तिम रूप दिएका थिए ।

# बालुवाको दरबारका राजा

एक व्यक्ति ब्राजिलको रियो दि जेनेरियोको समुद्री तटमा निर्माण गरिएको बालुवाको दरबारमा बसेर आफूलाई राजा सम्झिरहेका छन् । ४४ वर्षीय मार्सियो मिजाइल माटोलियास उक्त तटमा बस्न थालेको २२ वर्ष भैसकेको छ । पढ्न, गल्फ खेल्न र माछा मार्न रुचाउने मार्सियोले बनाएको बालुवाको दरबार देखेर उनलाई स्थानीय बासिन्दाहरूले 'किंग मार्सियो'को उपनाम दिएका हुन् । मार्सियो आफ्नो बालुवाको दरबार सामुन्ने कुर्सीमा प्लास्टिकको श्रीपेच र दण्ड लिएर सानका साथ बस्छन् । सानैदेखि ग्वानावारा समुद्री तटमा हुर्किएका मार्सियोको दैनिकी भक्तिएको बालुवाको दरबारको मर्मत-सम्भारमै बित्छ । बालुवाको दरबारभित्र उनले काठले घेरिएको कोठा बनाएका छन्, जहाँ सयौं पुस्तक राखिएका छन् ।



# काठमाडौं कोकिन ट्रान्जिट






**कोलम्बिया, ब्राजिल, पेरु, बोलिभिया, इथोपिया आदि देशका कोकिन कारोबारीहरु काठमाडौंलाई 'ट्रान्जिट प्वाइन्ट'का रूपमा प्रयोग गर्दै चीन, हङकङ, मलेसिया, सिंगापुर, थाइल्यान्ड, भारतदेखि युरोप र अफ्रिकासम्म लागूऔषधको कारोबार गरिरहेका छन् ।**

२८ वर्षीया थाई युवती खुवान्जाई खानारात बैंककमा बस्थिन् । सीधा स्वभावकी खुवान्जाईसँगै उनकी केटी साथी पनि थिइन् । उनकी साथीका प्रेमी अफ्रिकन हुन् । त्यही साथीले बैंककमै आफ्नो ब्राजिलियन मूलका अफ्रिकन ब्वाइफ्रेन्डसँग खुवान्जाईको परिचय गराइन् ।

साथीको ब्वाइफ्रेन्डको सम्पर्कबाट उनी एउटा अफ्रिकन ड्रग्स माफियाको सम्पर्कमा पुग्छिन्, जसले खुवान्जाईलाई नेपालमा एउटा सुटकेट लिएर जाने र त्यहाँबाट अर्को सुटकेस लिएर फर्कने प्रस्ताव राख्छन् । पैसा पनि आउने र घुम्न पनि पाइने भएपछि खुवान्जाई नेपाल आउन तयार हुन्छिन् । साथीका अफ्रिकन ब्याइफ्रेन्डले काठमाडौं जाने-आउने टिकटसहित केही पैसा हातमा राखिदिन्छन् । उनी १७ जनवरीमा साथीले भने बमोजिम नै सुटकेट लिन काठमाडौं आइपुग्छिन् ।

खुवान्जाईलाई पर्खेर काठमाडौंमा बसिरहेका हुन्छन्– २८ वर्षीय बोलिभियन युवक फ्रेडी मानानी एन्डिया । बोलिभियाको एक मोटरसाइकल वर्कसपमा काम गर्ने फ्रेडी ३ हजार अमेरिकन डलरको लोभमा बोलिभिया-ब्राजिल-इथोपिया-दिल्ली हुँदै काठमाडौं आइपुगेका हुन् । उनी बोलिभियाबाट पानीजहाज चढेर ब्राजिल, त्यहाँबाट प्लेनमा इथोपिया हुँदै भारत पुग्छन् अनि भारतबाट प्लेन चढेर नेपाल आइपुग्छन् । फ्रेडीसँग कोकिन रहेको विशेष सूचना प्रहरीको लागु औषध नियन्त्रण ब्यूरोले उनी त्रिभुवन विमानस्थलबाट नेपाल प्रवेश गर्ने क्रममै पाइसकेको हुन्छ, त्यसैले अर्को पक्ष कोकिन बुझ्न आउने निश्चित भएपछि प्रहरीले एकसाथ दुवै पक्षलाई गिरफ्तार गर्ने उद्देश्यले उनीमाथि १२ जनवरीदेखि नै निगरानी गरिरहेको हुन्छ ।

१२ जनवरीका दिन काठमाडौं उत्रिएका फ्रेडी थाइल्यान्डबाट आउने खुवान्जाईको पर्खाइमा हुन्छन् । १७ जनवरीमा खुवान्जाई काठमाडौं उत्रिएपछि ड्रग्स माफियाहरूले बनाएको योजनाअनुसार नै उनीहरू ठमेलको एक होटलमा भेटेर सुटकेस साटासाट गर्नतिर लाग्छन् । त्यही क्रममा १८ जनवरीमा प्रहरीका डिएसपी प्रेम शाहीको कमाण्डमा खटिएको टोलीले पाँच दिन लगातार पिछा गरेपछि छैटौं दिन दुवै पक्षलाई ठमेलबाट १ केजी ९ सय ग्राम कोकिनसहित पक्राउ गर्छ । 'केटी सिधासादा नै छ, उसलाई भरियाका रूपमा प्रयोग गरिएको देखिन्छ,' डीएसपी शाहीले भने ।

२० पुस २०६८ मा पक्राउ परेकी एक इन्डोनेसियाली लागूऔषध ओसार-पसारकर्ताको यात्रा थाइल्यान्डबाट सुरु भएको थियो । सुपरित मसिन्तोष नामकी ती महिला थाइल्यान्डबाट इन्डोनेसिया, ब्राजिल हुँदै पेरु पुगेकी थिइन् । पेरुबाट १ किलोग्राम कोकिन लिएर उनी अर्जेन्टिना पुगिन् । अर्जेन्टिनाबाट दोहा हुँदै काठमाडौं आइन् । काठमाडौंमा दुई दिन बसेपछि मलेसिया जान लागेकी मसिन्तोषलाई प्रहरीले पक्राउ गर्‍यो ।

अर्को एक नाइजेरियन लागूऔषध भरियाको यात्रा अझ रोचक छ । रेमण्ड जुंगु ओपल नामका ४० वर्षीय पुरुष कोकिनका १ सय १२ वटा 'प्लास्टिक कोडेड' क्याप्सुल खाएर तथा ४५ वटा क्याप्सुल बोकेर ब्राजिल-नामिबिया-पुनः ब्राजिल-दुबई हुँदै काठमाडौं उत्रिएका थिए । अफ्रिकाको सफरमा निस्कने गरी काठमाडौं आइनपुग्दै एयरपोर्टबाटै उनी प्रहरीको फन्दामा परे । रेमन्ड झोलामा राखिएको ४५ वटा क्याप्सुलका कारण ६ फागुन २०७० मा पक्राउ परेका थिए । पछि शरीर चेक गर्दा उनको पेटमा कोकिनका १ सय ५७ वटा क्याप्सुल फेला परेको थिए ।

२५ साउन २०७३ मा पक्राउ परेकी २९ वर्षीया बोलिभियन महिला रोसी तथा ३२ वर्षीया थाई युवती बारन्याको कोकिन ओसार-पसार यात्रामा पनि काठमाडौं 'ट्रान्जिट प्वाइन्ट'का रूपमा प्रयोग भएको पाइन्छ । बोलिभियाबाट कोकिन लिएर निस्किएकी रोसी ब्राजिल, इथोपिया, नयाँदिल्ली हुँदै काठमाडौं आउँछिन् । काठमाडौं आइपुगेकी ती युवतीले ल्याएको कोकिन रिसिभ गर्न थाइल्यान्डबाट थाई युवती बारन्या काठमाडौं आइसकेकी हुन्छिन् । उनीहरू काठमाडौंको एक होटलमा भेटिन्छन् । थाई युवती कोकिन बुझेर मलेसिया फर्कने र बोलिभियन युवती कतार फर्कने तरखर गरिरहेका हुन्छन् । त्यही बेला ३ किलोग्राम ५७ ग्राम कोकिनसहित उनीहरूलाई प्रहरीले पक्राउ गर्छ ।

यस्तै अर्को घटना पनि छ । १४ मंसिर २०७३ मा मलेसियन युवती एलिस जोसेफ कोकिनका लागि ब्राजिल पुगिन् । त्यहाँबाट अबुधावी इयरपोर्ट हुँदै उनी

बाँकी २३ पृष्ठमा

## कहाँ-कहाँबाट आउँछ ?

नेपालमा पक्राउ पर्ने महँगो लागूऔषध कोकिन ल्याटिन अमेरिकी देशहरूबाट आएको पाइन्छ । ब्राजिल, इथोपिया, कोलम्बिया, पेरु, बोलिभिया, अर्जेन्टिना आदि देशबाट महँगा लागूऔषध मानिने ह्वाइट सुगर, कोकिन, मेथाएम फेटामाइनजस्ता लागूऔषध नेपाल आइपुग्छन् ।

कारोबारीहरूले यस्ता लागूऔषध थाइल्यान्ड, मलेसिया, सिंगापुर, हङकङ तथा उत्तर र दक्षिणका दुई छिमेकी चीन र भारतसम्म पुर्‍याउने सजिलो रुटका रुपमा काठमाडौंलाई ट्रान्जिट बनाउने गरेका छन् । त्यसबाहेक यदाकदा युरोप र अस्ट्रेलियामा लागूऔषध पुर्‍याउन पनि यही रुटको उपयोग हुने गरेको छ ।

यसअघि भारत र बंगलादेशलाई रुट बनाएर अमेरिका, अस्ट्रेलिया तथा युरोपमा लागूपदार्थ ओसार-पसार गरिए पनि पछिल्लो समयमा ती ठाउँमा सुरक्षा व्यवस्था कडा पारिएपछि उनीहरूको ध्यान काठमाडौंतर्फ मोडिएको प्रहरीको भनाइ छ ।

खैरो कमसल खालको ब्राउन सुगर भने भारतबाट आउँछ । डाइजेपाम, फेनालमन, कोरेक्स फेन्सिडिल, फेन्कोडिन नेपालीहरूले मात्र प्रयोग गर्छन् । पाकिस्तान र अफगानिस्तानबाट पनि हिरोइन सप्लाई हुने गरेको पाइन्छ ।

विदेशीले प्रयोग गर्ने कोकिन र नेपालीहरूले प्रयोग गर्ने कमसल खालका लागूपदार्थ नेपाल भित्र्याउन हवाई र स्थल दुवै मार्ग प्रयोग हुने गरेको छ । नेपालमा प्रयोग हुने लागूऔषध प्रायः भारत हुँदै आउने प्रहरीको भनाइ छ ।

## मुख्य हब नै ल्याटिन अमेरिका हो



**जयबहादुर चन्द, एआईजी**

**लागूऔषधको ट्रान्जिटका रूपमा काठमाडौंकै प्रयोग किन हुन्छ ?**

विदेशी लागूऔषध कारोबारीहरूले काठमाडौंलाई ट्रान्जिट र मिलबिन्दुका रूपमा प्रयोग गरेको पाइन्छ । बोलिभिया र दक्षिण अमेरिकी देशका कारोबारीहरूले काठमाडौंको बाटो गरी एसियन देशहरूमा लागूऔषध पुर्‍याउने गरेका छन् । नेपालबाट जाँदा शंका कम होस् भनेर यो रुट प्रयोग गरिएको देखिन्छ । नेपाल आयो भने अन्यत्र धेरै वास्ता नगर्ने, सुरक्षा चेकिङमा हेर्ने दृष्टिकोण फरक पार्ने र कठोर चेकिङ छल्न उनीहरू यो रुट प्रयोग गर्छन् । त्यसबाहेक इमिग्रेशनमा कमजोर चेकजाँच, मृत्युदण्ड नहुने, दुई-तीन वर्षमै छुट्ने भएकाले पनि उनीहरूलाई यो रुट प्रयोग गर्न प्रोत्साहन मिलेको देखिन्छ ।

**कुन-कुन देशका लागूऔषध कारोबारीले नेपालको रुट प्रयोग गर्छन् ?**

यो रुट ल्याटिन अमेरिकी देश तथा पूर्वी एसियाका लागूऔषध कारोबारीहरूको रोजाइमा परेको छ । बोलिभियाली, चिनियाँ तथा भारतीयहरू यो रुटबाट कारोबार गर्छन् । मलेसियनहरूले त पहिलेदेखि नै यही रुट प्रयोग गरिरहेका हुन् ।

**नेपालीहरूको सहभागिता कस्तो देखिन्छ ?**

नेपालीहरूको पनि सहभागिता छ । एपिटामाइनको केसमा हामीले संघाई ग्रुपमाथि कारबाही गर्‍यौं । थाइल्यान्डमा बसेर धर्म पाखिनको ग्रुप पनि एमिटामाइनको कारोबार सक्रिय छ । उसको भाइ शुक्र पाखिनले आफूलाई पक्राउ नगर्न भन्दै ५० लाख घूस दिन खोजेको अवस्थामा हामीले पक्राउ गर्‍यौं ।

**काठमाडौंमा कहाँ-कहाँबाट कोकिन आउँछ ?**

मुख्य हब नै ल्याटिन अमेरिका हो । ब्राजिल, बोलिभिया आदि देश जहाँसुकैबाट आए पनि ल्याटिन अमेरिकी देशहरूबाटै आउने हो । कोकिनकोसबैभन्दा बढी उत्पादन पेरुमा हुन्छ ।

**काठमाडौंबाट कुन-कुन देशमा लागूऔषध सप्लाइ हुन्छ ?**

अहिलेको ट्रेन्ड हेर्ने हो भने मलेसिया, थाइल्यान्ड, चीन, भारत, हङकङ आदि देशमा जान्छ । युरोप लगिएका घटना पनि यदाकदा देखिन्छन् । चरेसचाहिँ युरोपतिर पुग्छ । अस्ट्रेलिया र अमेरिकामा सिधैं सप्लाई हुँदैन । त्यहाँ हङकङ वा बैंकक हुँदै जाने हो ।

**प्रहरीको फन्दामा पर्ने भरियामात्र हुन् कि कारोबारीहरू पनि छन् ?**

ठूलो कारोबार गर्ने केही कारोबारी पनि पक्राउ परेका छन् । यद्यपि पक्राउ पर्ने धेरैजसो भरिया हुन् । मुख्य बोसले माफिया बनेर र्‍याकेट चलाउँछ, बोकेर हिँड्दैन । त्यसको हब पनि विदेशमा हुने भएकाले हामी लागूऔषधका ठूला माफियासम्म पुग्न सकेका छैनौं । हामी त्यो देशका प्रहरीलाई यस्ता माफियाको हुलियासहितको रिपोर्ट भने पठाइदिन्छौं ।

(हाल महानगरीय प्रहरी आयुक्तको कार्यालय, प्रमुख रहेका चन्द लागूऔषध नियन्त्रण ब्युरोका प्रमुख समेत रहिसकेका छन् )




पृष्ठ २२ बाट

काठमाडौं आइन् अनि एक होटलमा बसिन्। त्यहीं मलेसियाबाट माजेन्ट हिरान्जन आए। एलिस चाक्सीबारीस्थित एक होटलमा हिरान्जनलाई १ किलो ५ सय ग्राम कोकिन दिँदै थिइन। यतिकैमा उनीहरू पक्राउ परे। एलिसबाट कोकिन लिएर हिरान्जन हङकङ उड्दै थिए भने एलिस मलेसिया।

दर्जनौं कोकिन कारोबारी र त्यसमा संलग्न भरियालाई प्रहरीले काठमाडौंमा समातेको छ। २०६८ मा विदेशी कोकिन कारोबारीका रूपमा काठमाडौंमा पक्राउ परेपछि सुपरितको यात्रा त्यतिमै समाप्त भयो, तर त्यसपछि पनि काठमाडौंलाई ट्रान्जिट बनाएर लागूऔषध कारोबार गर्ने क्रम भने बाक्लिँदै गएको छ। प्रहरीको तथ्यांकमा त्यसअघि पनि केही नेपाली कोकिन कारोबारी पक्राउ परेको देखिन्छ। विदेशी कोकिन कारोबारी पक्राउ परेको भने त्यो पहिलो घटना थियो।

विदेशी कोकिन कारोबारीहरूले २०६८ सालपछि नेपालको रुटमा आँखा लगाएको प्रहरी अधिकारीहरू बताउँछन्। नेपालको कमजोर इमिग्रेसन, लागूऔषध कारोबारीका लागि मृत्युदण्डजस्तो कडा कानुन नहुनुजस्ता कारणले कोकिनका कारोबारीहरू सजिलै काठमाडौं प्रवेश गर्छन्। ठूलो परिणाममा कोकिनसहित काठमाडौंका विभिन्न होटल र बाहिर जाने क्रममा एयरपोर्टमा पक्राउ पर्ने घटनाक्रमले पनि नेपाल भित्रिने यात्रु तथा लगेजको चेकजाँच कमजोर भएको देखाउँछ। 'नेपाल आयो भने अन्यत्र धेरै वास्ता नगर्ने, सुरक्षा चेकिङमा हेर्ने दृष्टिकोण फरक पार्न अनि कठोर चेकिङ छल्न उनीहरू यो रुट प्रयोग गर्छन्,' लागूऔषध ब्युरोका तत्कालीन प्रमुख तथा एआईजी जयबहादुर चन्द भन्छन्, 'त्यसबाहेक इमिग्रेसनमा कमजोर चेकजाँच, मृत्युदण्ड नहुने, दुई-तीन वर्षमै छुट्ने भएकाले पनि उनीहरूलाई यो रुटको प्रयोग गर्न प्रोत्साहन मिलेको देखिन्छ।' नेपालको रुट प्रयोग गरी धेरै जसो पूर्वी एसियन र यदाकदा युरोपियन देशमा कोकिन पुऱ्याइने गरेको कोकिन ओसार-पसारमा संलग्नहरूको बयानले पुष्टि गर्छन्। प्रहरीको लागूऔषध ब्युरोका अनुसार महँगो कोकिन कोलम्बिया, ब्राजिल, पेरु, बोलिभिया, इथोपिया, अर्जेन्टिनाबाट नेपालको रुट हुँदै हङकङ, मलेसिया, थाइल्यान्ड, हल्यान्ड, फिलिपिन्स, दुबई, सिंगापुर, चीन, भारत र यदाकदा युरोपका विभिन्न देशमा सप्लाई हुने गरेको छ। कतिसम्म भने २० फागुन २०७२ मा नेपालबाट कुरिअर गरेर पठाइएको ४ किलोग्राम मेटाफेटामाइन अस्ट्रेलियन प्रहरीले सिड्नी एयरपोर्टमा समातेको थियो। उक्त लागूऔषध प्रदीप अधिकारी तथा प्रभाकर खनालले सुरज तामाङका नाममा काठमाडौंबाट कार्गो गरेर अष्ट्रेलिया पठाएका थिए।

'महँगो लागूऔषध र कोकिन नेपालमा प्रयोग हुँदैन,' एआइजी चन्द भन्छन्, 'यस्ता लागूऔषधका लागि नेपाल विश्राम बिन्दु र ट्रान्जिटका रूपमा मात्र प्रयोग हुने गरेको छ।' माफियाहरूले चेकजाँचका क्रममा शंका र निगरानी कम होस् भनेर क्षणिक विश्राम बिन्दुका रूपमा नेपालको रुट प्रयोग गर्ने ब्युरोका एक अर्का प्रहरी अधिकारी बताउँछन्।

लागूऔषध ब्युरोको २०७३ पुससम्मको तथ्यांकअनुसार पछिल्ला ६ वर्षमा भारतबाहेकका देशका ८४ जना नागरिक नेपालमा पक्राउ परेका छन्, जसमध्ये ६८ जना पुरुष तथा १४ जना महिला छन्। यही अवधिमा ७ सय ९७ भारतीय नागरिक लागूऔषध कारोबारमा संलग्न रहेका कारण पक्राउ परेका छन्। पक्राउ पर्नेमा ७ सय ५६ पुरुष तथा ४१ जना महिला छन्।

## ओसार-पसारका अनौठा तरिका







लागूऔषध कारोबारीहरू निकै चलाख हुन्छन्। त्यो कसरी पनि स्पष्ट हुन्छ भने उनीहरूले प्रयोग गर्ने तरिका हेर्दा सामान्य मानिसले त्यसको छनकसमेत पाउँदैनन्।

बिस्कुटको प्याकेट, हर्लिक्सको डिब्बा, जुत्ता, जर्किन, कम्प्युटर चिप्स, मदरबोर्ड, मूर्तिहरू, नाङ्लो, डायरी, डटपेन, धार्मिक ग्रन्थहरू, हाजमोलाको प्याकेट, महको डब्बा, खेलौना, काँचो नरिवल, सुटकेसजस्ता वस्तुहरूभित्र लागूपदार्थ लुकाइ ओसार-पसार गरिएको पाइन्छ।

सुन्दै चकित पार्ने महिलाको ब्रेस्ट र गुप्तांगजस्ता संवेदनशील र कम शंका गरिने अंगहरू पनि लागूऔषध ओसार-पसारका लागि प्रयोग गरिन्छ। कारोबारीहरूले गाडीका विभिन्न पार्टपुर्जा, संगीत स्टुमेन्ट आदिमा समेत लागूपदार्थ लुकाएर ओसार-पसार गरिरहेका हुन्छन्।

२४ फागुन २०७२ मा प्रहरीले रोबर्ट पुटलाई गितारभित्र लुकाएर ल्याएको ८ सय ४० ग्राम चरेससहित त्रिभुवन विमानस्थलबाट गिरफ्तार गऱ्यो। कलाकारको भेषमा रहेका पुट टर्कीको इस्तानबुल हुँदै ग्रिस जाने क्रममा पक्राउ परेका थिए।

'प्लास्टिक कोटेड' क्याप्सुल खाएर ओसार-पसार गरिरहेको अवस्थामा पनि कोकिन ओसार-पसारका भरियाहरूलाई प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा राजधानीका विभिन्न होटलहरूबाट पक्राउ गर्दै आएको छ। यस्ता क्याप्सुलमार्फत लागू पदार्थ ओसार-पसार गर्नेहरूले सामान लिने ठाउँमा क्याप्सुल खान्छन् र पुऱ्याउनुपर्ने निश्चित ठाउँमा पुगेपछि दिशा गरेर त्यसलाई बाहिर निकाल्छन्।

यतिमात्र होइन, डोरी प्रयोग गरेर पनि चलाखीपूर्ण तरिकाले लागूऔषधको कारोबार हुने गरेको छ। २ किलो ६ सय ६३ ग्राम कोकिन 'फिसिङ रोप'मा लुकाएर काठमाडौंबाट युरोप छिर्ने तयारी गरिरहेकी भेनेजुयलाकी एरिस कार्मेन नार्भाजलाई १२ जेठ २०७३ मा प्रहरीले पक्राउ गरेको थियो। 'फिसिङ रोप' मा उनले लुकाएको कोकिनको मूल्य झन्डै ५ करोड बराबर भएको प्रहरी अधिकारीहरू बताउँछन्।

# किन घुम्छन् लागूऔषधका भरिया ?



घटनाक्रमले लागूऔषधका भरियाहरूले धेरै देशको चक्कर काट्ने गरेको देखाउँछ। उनीहरू एक देशबाट अर्को देश पुग्छन् र पुनः त्यही देशमा फर्केर अर्को देश उड्छन्। जस्तो २३ जेठ २०७१ मा काठमाडौंमा पक्राउ परेका क्रिष्टिना अबयर हयारो ३७, लुइस आर्थर ५२ तथा आयश हुसेन ४६ अफगानिस्तानबाट पाकिस्तान गए। त्यहाँबाट उनीहरू ब्राजिल हान्निए। ब्राजिलबाट पेरु पुगे। पेरुको लिमाबाट २ किलो ८ सय ३० ग्राम कोकिन तरल पदार्थको ढाँचामा स्याम्पुको बोतलमा प्याक गरे। त्यहाँबाट उनीहरू ब्राजिल गए, अनि फेरि दुबई आए। दुबईबाट बल्ल उनीहरू काठमाडौं ओर्लिए। पाकिस्तान जाने तयारीमा रहेका उनीहरूलाई काठमाडौंको ठमेलस्थित एक होटलमा बसिरहेका बेला प्रहरीले पक्राउ गऱ्यो।

३ चैत २०७२ मा एक साउथ अफ्रिकन र एक भारतीय युवती स्याम्पुको बोतलमा प्याक गरिएको झोल कोकिनसहित ठमेलको एक होटलबाट समातिए। एमपाथोनी स्याने नाम गरेकी अफ्रिकाकी लागूऔषध कारोबारकी ती भरियाको यात्रा दोहाबाट सुरु भएको थियो। त्यसपछि उनी कोकिन लिन ब्राजिल पुगिन्। ब्राजिलबाट पुनः दोहा फर्किइन्। त्यहाँबाट काठमाडौं आएकी स्याने ठमेलको एक होटलमा बसिन्। स्यानेले ल्याएको कोकिन भारत पुऱ्याउन भारतको नागाल्यान्डकी ४१ वर्षीय मर्सी काठमाडौं आइपुगिन्। काठमाडौंको एक होटलमा ५ करोड बराबरको कोकिन लेनदेनका क्रममा उनीहरू दुवै जना प्रहरी फन्दामा परे।

३६ वर्षीया मलेसियन नागरिक मारिया बिन्टी जलाजुद्धिन ११ किलो १ सय ग्राम कोकिनसहित एयरपोर्टबाट पक्राउ परिन्। ल्यापटप ब्यागमा 'फल्स बटन' बनाएर उनले त्यति ठूलो मात्राको लागूपदार्थ लुकाएकी थिइन्। ब्राजिल, कतार तथा भारत हुँदै नेपाल पसेकी मारिया इटालीको रोम जाने तयारीमा थिइन्।

२ किलोग्रँम ५ सय ८० ग्राम कोकिनसहित एक ५३ वर्षीय अस्ट्रियन २३ जेठ २०७१ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समातिए। उनी दोहा हुँदै अस्ट्रिया जान लागेको अवस्थामा पक्राउ परेका थिए। ४ भदौ २०७३ मा ३ किलो १ सय २५ ग्राम कोकिनसहित एक २१ वर्षीया बोलिभियन युवतीलाई ब्राजिल, इथोपिया, भारत हुँदै नेपाल पस्न लाग्दा बोर्डरमा भारतीय प्रहरीले समात्यो।

यी त केही उदाहरण मात्र हुन्। प्रायजसोः लागूऔषध ओसार-पसारमा संलग्नहरूले धेरै देशको चक्कर काट्ने गरेका छन्। आखिर किन घुम्छन्, उनीहरू? 'शंकाको घेरामा नपरियोस् भनेर धेरै ट्राभल गर्छन्। सिधै आए बढी शंका हुने भएकाले पनि उनीहरू धेरै देशको ट्राभल गर्छन्, यसो गर्दा कम शंका हुन्छ,' लागूऔषध ब्युरोका एक प्रहरी अधिकारी भन्छन्।

लागूऔषध कारोबार विभिन्न समूहहरू मिलेर गरिने 'अर्गनाइज क्राइम' भएकाले पनि उनीहरूले धेरै देशको चक्कर काटेको देखिन्छ। 'यसमा उत्पादन गर्ने, आर्थिक लगानी गर्ने, सामान बोक्ने, गन्तव्य स्थानसम्म पुग्ने व्यवस्था मिलाउने, सामान लिने र दिनेको बीचमा सामाञ्जस्यता गराउने कार्य हुन्छन्। 'ती काममा विभिन्न देशका मानिसहरूको संलग्नता भएको देखिन्छ। विभिन्न ठाउँका मानिसहरू मिलेर लागूऔषधको कारोबार गरिएको देखिन्छ,' ब्युरोका अधिकारी भन्छन्, 'एउटा व्यक्ति अमेरिकामा छ भने दोस्रो व्यक्ति थाइल्यान्ड, तेस्रो व्यक्ति नामिबिया र चौथो व्यक्ति पाकिस्तानमा हुन सक्छ भने पाँचौं व्यक्ति नेपालमा हुन सक्छ तर यति फरक-फरक ठाउँमा रहेर पनि उनीहरू आपसी समन्वय मिलाएर कारोबार गरिरहेका हुन्छन्।'

अपराध

## गौचन र तिवारी हत्याकाण्ड

# सार्प सुटर गोम्बे प्रहरी फन्दामा

एक वर्षको अन्तरालमा बुटवल र काठमाडौंमा भएका दुई ठूला हत्याकाण्डमा प्रत्यक्ष संलग्न श्यामबहादुर गोम्बे गुरुङलाई प्रहरीले पक्राउ गरेको छ। नेपाली सेनाका भगौडा गोम्बेलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले गत सोमबार राति चितवनबाट पक्राउ गरेको हो।

२३ असोजमा काठमाडौंको शान्तिनगरमा व्यवसायी शरदकुमार गौचनको हत्या हुँदा गुन्डा नाइके समीरमानसिंह बस्नेतबाट पैसा लिएर गोम्बेले नै गोली हानेको प्रहरी अनुसन्धानबाट खुलेको छ। यसअघि प्रहरीले गौचन हत्याका मुख्य योजनाकार समीरमानसिंह बस्नेत, अर्का सुटर राजीव स्याङताङसहित ११ जनालाई पक्राउ गरिसकेको छ। घटनामा संलग्न अन्य ६ जना अझै फरार छन्।

२०७३ पुस ९ गते रुपन्देही देवदहमा मारिएका एमाले निकट युवा संघ नेपालका रुपन्देही जिल्ला अध्यक्ष दुर्गा तिवारीको हत्यामा पनि गोम्बेको प्रत्यक्ष संलग्नता रहेको ब्युरोका प्रवक्ता जीवनकुमार श्रेष्ठले जानकारी दिए। उक्त हत्यालाई गोम्बेले व्यवस्थापन गरेका थिए। 'दुवै हत्याकाण्डमा उनको प्रत्यक्ष संलग्नता देखिएको छ, म्याद थप भैसकेको छ,' प्रवक्ता श्रेष्ठ भन्छन्, 'यस विषयमा थप अनुसन्धान जारी छ।'

**को हुन् गोम्बे ?**

बारा गढीमाई नगरपालिका-१ स्थायी घर भएका ३२ वर्षीय गोम्बे भरतपुर महानगरपालिका–१३ चम्पानगरमा अस्थायी रूपमा बस्दै आएका छन्। उनी २०६० मा नेपाली सेनामा प्रवेश गरेका थिए। १० वर्ष जागिरमा बिताएपछि गोम्बे नेपाली सेनाबाट भागेर अपराधकर्ममा सक्रिय भएका हुन्।

प्रहरीका अनुसार गोम्बे चाँडै धनी हुने र हाइफाइ लाइफको लालसामा अपराधकर्ममा तानिएका हुन्। 'काठमाडौंका गुन्डाहरूको सम्पर्कमा पुगेपछि गोम्बे उनीहरूको हाइफाइ लाइफ स्टाइलबाट प्रभावित भएको देखिन्छ,' अनुसन्धानमा सक्रिय एक प्रहरी अधिकारी भन्छन्, 'चाँडै धनी हुने र मोजमस्तीको लाइफ बिताउने लोभमा उनी अपराध कर्ममा तानिएका हुन्।'



त्यसपछि उनी काठमाडौं, धादिङ, चितवन आदि क्षेत्रमा बाघमारेका नाममा गुण्डागर्दीमा संलग्न हुन थाले। प्रहरीले उनलाई गुन्डाको सूचीमा समेत राखेर कारबाही अघि बढाएको थियो। दिनेश अधिकारी 'चरी' तथा कुमार घैटे इन्काउन्टरपछि बाघमारे बुटवलमा रहेर गुन्डागर्दीमा संलग्न रहेका मनोज पुनको सम्पर्कमा पुगेको प्रहरी सूत्र बताउँछ।

मनोज पुनसँगको सम्पर्कमा पुगेपछि उनले दुर्गाको हत्या गर्ने जिम्मेवारी लिए। त्यसबापत उनले आर्थिक लाभ प्राप्त गरे। २०७३ पुस ९ गते दुर्गाको हत्या भयो। त्यसपछि उनको धन कमाउने लोभ अझ बढ्यो। मनोज पुनकै सम्पर्कबाट उनी बाफलका गुन्डा नाइके समीरमानसिंह बस्नेतको सम्पर्कमा पुगे।

बस्नेतले व्यवसायी शरदकुमार गौचनको हत्या गर्ने योजना बनाएका थिए। उक्त योजनाका लागि गोम्बेले पैसा लिएर हत्या गर्ने जिम्मेवारी लिए। गौचनमाथि राजीव स्याङताङ र गोम्बेले गोली हानेको प्रहरी सूत्र बताउँछ। हत्यापछि प्रहरीले कपनबाट हत्यामा प्रयोग भएका दुई थान पेस्तोल बरामद गरेको थियो।

गौचन हत्याका मुख्य योजनाकार बस्नेत यसअघि नै पक्राउ परिसकेका छन्। उनले लिखित बयानका क्रममा गौचनले आफूलाई दिनुपर्ने साढे २ करोड रुपैयाँ नदिएका कारण हत्या गरेको कुरा बताएका छन्।

समीरमानसहित गौचन हत्यामा संलग्न ९ जनालाई गत मंगलबार जिल्ला अदालत काठमाडौंले थुनछेक बहसपछि थुनामा राख्न आदेश दिएको छ, जसमा मुख्य योजनाकार बस्नेत, शिवजी महतो, राजीव स्याङ्तान, मुकेशकुमार पाण्डे, सन्तोष गुरुङ, प्रकाश बुढाथोकी, बसन्त थेबे, धनराज योङहाङ तथा सूर्य बाजी छन्।

# सुत्ने ठाउँको लफडामा सीतारामको हत्या

### रीताको बयान- बलात्कार गर्न खोजेपछि ईंटाले हाने

३ माघको बिहान भक्तपुरको ब्रह्मायणी मन्दिर परिसरमा मृत फेला परेका सीताराम सैंजूको हत्या सुत्ने ओछ्यानका विषयमा उत्पन्न विवाद कारण भएको खुलेको छ। प्रहरी अनुसन्धानका क्रममा मदिरा सेवन गरेकी रीता राईलाई उनी सुतेको मन्दिरका पालेको ओछ्यानबाट हटाउन खोज्दा सीतारामले ज्यान गुमाउनुपरेको रहस्योद्घाटन भएको हो।

सीतारामले मन्दिरका पाले रामबाबु लामाको ओछ्यानमा सुतेकी रीतालाई हटाउने क्रममा उनको टाउकोमा ईंटा प्रहार गरेकी थिइन्। उक्त ईंटा प्रहारकै कारण सीतारामको ज्यान गएको थियो। रीताले सीतारामले आफूलाई बलात्कार गर्न खोजेकाले आत्मरक्षाका लागि ईंटा प्रहार गरेको बयान प्रहरी समक्ष दिएकी छिन्।

३ माघको बिहान ५ बजे स्थानीय सीताराम सैंजू घोप्टो परेको अवस्थामा मन्दिर परिसरमा फेला परेका थिए। मृत सैंजूको टाउकोमा गम्भीर चोट लागेको पाइएपछि भक्तपुर प्रहरीले हत्याको आशंकामा अनुसन्धान अघि बढाएको थियो।

तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको प्रहरीले राति विवाद हुँदा ओखलढुंगा घर भएकी ३० वर्षीया रीताले सीतारामको टाउकोमा ईंटा प्रहार गरेको पाएको भक्तपुरका प्रहरीका प्रहरी नायब उपरिक्षक (डिएसपी) कृष्ण प्रसाईले साप्ताहिकलाई बताए।

**यसरी भएको थियो हत्या**

भक्तपुर चागुनारायण नगरपालिका-९, ताथलीका हुन्– सीताराम सैंजू। सामान्य माटोको व्यवसाय गर्ने ५५ वर्षीय सैंजू दिनहुँजसो मदिरा पिउँथे। २ माघको बेलुका ८ बजेतिर मदिरा पिएर उनी भक्तपुरका विभिन्न जात्राको सयरमा निस्किए।

भक्तपुरमा प्रायःजसो जात्रा भैरहन्छ। जात्रा हेरेपछि सैंजू १० बजेतिर भक्तपुर नगरपालिका–९ स्थित ब्रह्मायणी मन्दिर पुगे। मन्दिरमा थिए–७० वर्षीय रामबाबु लामा। लामा विगत केही वर्षदेखि मन्दिरमै बास बस्छन्। त्यही बास बस्ने भएकाले उनी पालेका रूपमा मन्दिरको रेखदेखसमेत गर्छन्।

यसै क्रममा मदिरा पिएर हिड्ने ओखलढुंगा घर भएकी ३० वर्षीया रीता राई मन्दिरमा देखिइन्। लामाले मन्दिरको वरिपरि राउण्ड लगाउने क्रममा रीतालाई देखेको बयान प्रहरीलाई दिएका छन्। त्यसो त रीता यसअघि पनि मन्दिरमा आइरहन्थिन्, त्यसैले रामबाबुको उनीसँग चिनजानसमेत थियो। रीताले आफूलाई गलैंचा उद्योगमा काम गर्ने बताएकी थिइन्।

रीता त्यस दिन पनि मदिराले मात्तिएर मन्दिर परिसर पुगेकी थिइन्। मन्दिर परिसरमा रामबाबुलाई भेटेपछि रीताले आफूलाई सुत्ने ठाउँ मागिन्। उनले सुत्ने ठाउँ दिन इन्कार गरेपछि रीता जबरजस्ती रामबाबुकै ओछ्यानमा पल्टिइन्।

'रीता जबरजस्ती रामबाबु सुत्ने ओछ्यानमा आएर सुतेपछि सीताराम उनलाई उठाउन पुगेको देखिन्छ,' डिएसपी प्रसाई भन्छन्, 'ओछ्यानमा पल्टिएकी रीतालाई सीतारामले हल्का-फुल्का तानतुन गर्न खोज्यो।'



प्रतिकात्मक : तस्बिर इन्टरनेट

आफूलाई तान्न थालेपछि मदिराले मात्तिएकी रीताले मदिराकै नशामा रहेका सीतारामलाई धकेलेर पछारिदिइन्।

सीताराम ढलेपछि रीताले उनको टाउकोमा ईंटाको टुक्राले पनि हिर्काइन्। रामबाबुले पनि सीताराम ढलेको देखेको बयान प्रहरीलाई दिएका छन्। सैंजूको टाउकोबाट रगत बगिरहेको थियो। रामबाबुले सैंजू ढलेको देखेपछि उनलाइ पानी ख्वाए, तर सीतारामले पानी खान सकेनन्।

सीताराम बेहोस भएर ढलेपछि रीता राति नै त्यहाँबाट भागिन्। भोलिपल्ट बिहान सीताराम मृत अवस्थामा फेला परे। प्रहरीले रीताले टाउकोमा हानेको र रामबाबु पनि उक्त घटनामा मुछिएकाले दुवै जनालाई पक्राउ गरी ज्यान मुद्दा चलाएको छ।

प्रहरीसँगको बयानमा रीताले आफूले सीतारामको टाउकोमा ईंटाले हानेको कुरा स्वीकार गरेकी छिन्। 'बलात्कार गर्न खोज्यो, सुरुवाल तान्यो भनेर उनले बयान दिएकी छिन्,' डिएसपी प्रसाई भन्छन्, 'अहिले भक्तपुर प्रहरीले दुवैलाई जगाती प्रहरीको हिरासतमा राखेर थप अनुसन्धान गरिरहेको छ।'

# मौसम घुमघामको

नेपालमा घुमघामको परम्परा परापूर्व कालदेखि नै चल्दै आएको हो । तीर्थयात्रा गर्न जानु पनि एक प्रकारको घुमघाम नै हो । विश्वका कतिपय देश घुम्ने क्रममै पत्ता लागेका हुन् । कुनै पनि कुराको इतिहास, भूगोल आदिका सम्बन्धमा जानकारी प्राप्त गर्न तथा ज्ञान आर्जन गर्न घुमघामजत्तिको उपयुक्त विकल्प अर्को नहुन सक्छ । बिदाको समय पारेर स्कुल-कलेजहरूले यात्रा वा भ्रमणमा लाने चलन पनि नौलो होइन । यस्ता शैक्षिक भ्रमणबाट धेरै कुरा सिक्न सकिन्छ । घुमघामले शरीरमा ऊर्जा भर्छ, स्फूर्ति थप्छ अनि मानिसलाई सिर्जनशील बनाउँछ । वयस्कहरूले घुम्ने प्रशस्तै अवसर प्राप्त गर्छन्, तर बालबालिकाहरूले त्यस्तो अवसर कमै पाउँछन् । बिदाका बेला बालबालिकाहरूलाई घुमाउन कहाँ लाने, *साप्ताहिकले* तयार गरेको विशेष सामग्री :



# उपत्यकामा बालबालिका रमाउने ठाउँहरू



## हुपी ल्यान्ड एम्युजमेन्ट एन्ड वाटर पार्क, चोभार

चोभारको हुपी ल्यान्ड एम्युजमेन्ट एन्ड वाटर पार्क बालबालिकाहरूलाई घुमाउन उपयुक्त स्थान हो। यो पार्कभित्र जुरासिक सफारी, स्वीमिङ, भिडियो गेम, बुल राइड, अक्टोपस राइड, रेन डान्स, फेरी ह्विल, आक्वा फन हिलजस्ता सुविधा उपलब्ध छन्।

यो पार्कमा विभिन्न खेल खेल्न सकिन्छ। यो पार्कमा बालबालिकाका लागि ३ सय ५० रुपैयाँ प्रवेश शुल्क तोकिएको छ। यहाँ वयस्कहरूका लागि ६ सय ५० रुपैयाँ शुल्क लाग्छ भने शनिबार १ सय रुपैयाँ अतिरिक्त तिर्नुपर्ने हुन्छ। यसैगरी विद्यार्थीहरूका लागि ६ सय तथा अपांगलाई ४ सय ५० रुपैयाँ शुल्क लाग्छ। शनिबार ३ हजारभन्दा बढी मानिसले मनोरञ्जन गर्ने यो पार्कमा अरू दिन लगभग १ हजार मानिस पुग्छन्।

## काठमाडौं फन भ्याली, भक्तपुर

काठमाडौंबाट १० किलोमिटरको दूरीमा भक्तपुरको पलाँसेस्थित फन भ्यालिमा प्रवेश गर्न बालबालिकाहरूका लागि ४ सय ५० रुपैयाँ तथा परिचयपत्रवाहक विद्यार्थीलाई २ सय ५० रुपैयाँमै प्रवेश दिइन्छ। यहाँको स्वीमिङ पुलमा समुद्रको जस्तो छाल आउने व्यवस्था छ। विभिन्न खेल खेल्न सकिने फन भ्यालीमा अन्तर्राष्ट्रिय स्तरको स्लाइड पुल, वेभ पुल, टावर हाइट, किड्स स्लाइड, मिनी कोलम्बस आदिको व्यवस्था छ। यहाँ रेस्टुराँको सुविधासमेत उपलब्ध हुन्छ।




## एभियसन म्युजियम, सिनामंगल

जहाज नचढेका मानिसहरूलाई विमानभित्र के होला भन्ने खुल्दुली हुनु स्वभाविक हो। सिनामंगलस्थित एभियसन म्युजियम त्यसका लागि उपयुक्त गन्तव्य हो। यहाँ जहाजभित्र बसेर तस्बिर खिचाउन सकिन्छ। यो म्युजियमभित्र विभिन्न थरीका हवाईजहाज तथा मुलुकका तस्बिरहरू हेर्न सकिन्छ। यहाँ प्रवेश गर्न विद्यार्थीहरूलाई १ सय २५, वयस्कहरूलाई २ सय ५० तथा विदेशीहरूलाई ५ सय रुपैयाँ शुल्क लाग्छ।



## नेसनल म्युजियम, स्वयम्भु

स्वयम्भूनाथको पूर्वतर्फ अवस्थित छ– नेसनल म्युजियम। यो मुलुकको सबैभन्दा महत्वपूर्ण म्युजियम हो। यहाँ पुराना हातहतियार तथा कलाकृतिहरू राखिएका छन्। यो संग्रहालय वि.सं १९२८ मा स्थापना गरिएको हो। ऐतिहासिक भवनसँगै रहेको जुद्ध जातीय कलाशाला एवं बुद्धिस्ट आर्ट ग्यालरीको अवलोकनबाट पनि धेरै कुरा सिक्न सकिन्छ। यो म्युजियम मंगलबारबाहेक अन्य सबै दिन खुला रहन्छ।




## तारागाउँ म्युजियम, बौद्ध

हयात होटलभित्र रहेको तारागाउँ म्युजियमको नाम कमैले सुनेका होलान्। शान्त वातावरणमा अवस्थित यो म्युजियममा पुरानो नेपालको तस्बिर झल्किने फोटोग्राफी अवलोकन गर्न सकिन्छ। नेपालको सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको जगेर्ना गर्ने उद्देश्यले स्थापित यो म्युजियममा विभिन्न कलाका साथै पुरानो नेपालका दुर्लभ तस्बिरहरू संकलित छन्।

## हनुमानढोका म्युजियम

वसन्तपुरस्थित हनुमानढोका म्युजियमभित्र राजा त्रिभुवनसँग सम्बन्धित धेरै कुरा अवलोकन गर्न सकिन्छ। यो म्युजियममा देशमा राज्य गरेका शाह शासकहरूका दुर्लभ तस्बिर, पेन्टिङ, राजाहरूले प्रयोग गर्ने साइकल, लत्ताकपडा, उनीहरूले प्राप्त गरेका उपहार, साहित्यिक रचनाजस्ता दुर्लभ सामग्रीहरू राखिएका छन्।





## नारायणहिटी संग्रहालय

नारायणहिटी संग्रहालयका ५२ वटा कक्षमध्ये अहिले १९ वटा कक्ष मात्र खुल्ला छन्, अर्थात् ३३ वटा कक्ष अझै खुलिसकेका छैनन्। यहाँ प्रवेश गर्न विद्यार्थीहरूलाई २०, वयस्कलाई १ सय, सार्क राष्ट्र र चिनियाँ नागरिकलाई ३ सय ५० तथा अन्य देशका नागरिकलाई ५ सय रुपैयाँ शुल्क लाग्छ। यो संग्रहालयको भ्रमणमा फोहोरा बगैंचा, २०५८ सालमा तत्कालीन राजा वीरेन्द्रको वंश विनाश भएको त्रिभुवन सदन स्थल आदि अवलोकन गर्न सकिन्छ।

# घुमघाममा बिर्सन नहुने कुरा



मौसम घुमाघामको छ। धेरै नेपाली यो मौसममा देशभित्रै घुम्न निस्कन्छन्। यसरी घुम्दा पूर्वको ताप्लेजुङदेखि पश्चिम महाकालीसम्मका विभिन्न गन्तव्य नै आन्तरिक पर्यटकहरूको रोजाइमा पर्ने गरेका छन्। इलाम, कन्याम, धरान, भेडेटार, कोसीटप्पु, जनकपुरधाम, सौराहा, उपत्यका र आसपासका क्षेत्र, पोखरा, मनाङ, मुस्ताङ, लुम्बिनी, घोडाघोडी ताल आदि स्थानको भ्रमणमा निस्कने धेरै हुन्छन्। कतिपयले छोटो अवधिका लागि यो समयको सदुपयोग गर्छन् भने कसैले डेढ-दुई सातासम्मको घुमघामको योजना बनाएका हुन्छन्। यसरी घुमघामको योजना बनाउनुअघि र घुमघाममा निस्किसकेपछि केही कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ।

यात्रामा निस्कनुअघि

कति दिनको यात्रामा निस्कने हो योजना बनाउनुपर्छ।

सामान्यतः लामो यात्रामा निस्कदा कम्तीमा पनि तीन जनाको समूह बनाएर निस्कनुपर्छ। किनभने यसरी यात्रामा निस्कदा कुनै एकलाई समस्या भए एक जनाले रुँगेर बस्ने र अर्कोले तत्काल सहयोग जुटाउन तथा सूचना पठाउन सहज हुन्छ।

आफू यात्रामा निस्किएको क्षेत्रको भौगोलिकदेखि लिएर मौसमको अवस्थाका बारेमा जानकारी लिनुपर्छ अनि त्यसलाई आधार मानी व्यवस्थित रूपमा यात्रामा निस्कनु उपयुक्त हुन्छ।

जति लामो समयको यात्रा गर्ने हो त्यति नै व्यवस्थित हुनुपर्छ। घुमघाम गर्ने स्थानको खाना एवं बस्ने व्यवस्थासम्बन्धी जानकारी पहिले नै लिनुपर्छ र सोहीअनुसार आफूले बोक्ने सामग्री व्यवस्थापन गर्नुपर्छ।

**प्राथमिक उपचार :** घुमघाममा निस्कदा प्राथमिक उपचारका लागि आवश्यक औषधिजन्य सामग्रीहरू अनिवार्य रूपमा बोक्नुपर्छ। यात्रामा अकस्मात् चोटपटक लाग्ने, हातगोडा दुख्ने, ज्वरो आउने, रुघाखोकी लाग्ने आदि हुनसक्छ। त्यसैले बेटाडिन, ब्यान्डेज, सिटामोल, भिटामिन सी, सिनारेस्ट, कफ सिरप आदिका साथै पीडा कम गर्ने औषधि अनिवार्य बोक्नुपर्छ। बाहिरको खानपानले स्वास्थ्यमा असर पार्ने हुँदा ग्यास्ट्राइटिसको समस्या कम गर्ने औषधि, पुनर्जलीय झोलको प्याकेट आदि पनि साथमा राख्नुपर्छ। कुनै दीर्घ रोग वा नियमित औषधि सेवन गरिएको छ भने आफ्नो औषधि बोक्न बिर्सनु हुँदैन। जस्तै अंग प्रत्यारोपण गरेकाहरू, उच्च रक्तचाप तथा मधुमेहको समस्या भएकाहरूले आफ्नो औषधि अनिवार्य साथमा राख्नुपर्छ।

**न्याना कपडा :** जाडो मौसम भएकाले यो सिजनमा घुम्न निस्कनेहरूले ठाउँ हेरी न्याना पहिरनको प्रबन्ध गर्नुपर्छ भने दह्रो र हिँड्न सहज हुने जुत्ताको व्यवस्था गर्नुपर्छ। घुमघाममा निस्कदा विशेष गरी स्पोर्ट्स जुत्ता र ट्याकसुटका साथै हल्का तर न्याना ज्याकेट बोक्नु उपयुक्त हुन्छ।

**क्यामेरा :** मानिसहरू रमाइलोका लागि घुमघाममा निस्कन्छन्। त्यसलाई अविस्मरणीय बनाउन घुमेका ठाउँहरू कैद गर्ने सामग्री हुनु अझ राम्रो हुन्छ। आफ्नो क्षमता र सीपअनुसार क्यामेरा तथा सेल्फी स्टिक बोक्नु उपयुक्त हुन्छ। अहिले मोबाइलमै क्यामेरा हुने हुँदा त्यसबाट समेत काम चलाउन सकिन्छ।

**स्लिपिङ ब्याग :** यात्रामा निस्कदा भौगोलिक अवस्था एवं बसोबासको सुविधासम्बन्धी जानकारी पहिले नै लिनु उपयुक्त हुन्छ। यदि लामो घुमघाममा निस्कँदै हुनुहुन्छ भने राति सुत्नका लागि आफ्नै स्लिपिङ ब्याग बोक्नु उपयुक्त हुन्छ। लामो पैदल यात्राका क्रममा कतिपय ठाउँमा आफ्नै स्लिपिङ ब्याग प्रयोग गर्नुपर्ने हुन सक्छ।

**ड्राइफुड :** यात्रा भनेको एउटा संयोग पनि हो। सधैं सबै ठाउँ एकनासको नहुन सक्छ। तपाईं घुम्न गएको ठाउँमा कुनै समस्याले गर्दा कहिलेकाहीँ खानपानको व्यवस्था नहुन सक्छ। त्यस्तो अवस्थाका लागि हल्का ड्राइफुड आफैले बोकिरहनुपर्छ। कम्तीमा पनि दुई छाक केही पनि खान नपाउँदा आफैले बोकेको चीजले थेग्न सकियोस्।

**थर्मस र पीयुष :** यात्रा गर्दा पसिनाका रूपमा शरीरबाट प्रशस्त पानी निस्कन्छ र शरीरमा पानी कम हुने हुँदा आलस्य लाग्न सक्छ। त्यसलाई पूर्ति गर्न पनि बारम्बार पानी पिउनु आवश्यक हुन्छ तर सबै ठाउँमा पानी नपाइन सक्छ त्यसैले एउटा हल्का थर्मस अनिवार्य बोक्नुपर्छ भने बाटोमा पाइएको पानीलाई निर्मलीकरण गरी पिउन पीयूष पनि साथमा राख्नु उपयुक्त हुन्छ।

**कसरी घुमघाम गर्ने ?**

घुमघाममा निस्कदा धेरै ठूलो समूह पनि उपयुक्त हुँदैन। ठूलो समूहमा सबैको मन नमिल्न सक्छ। त्यसरी मन नमिले यात्रा स्मरणीय हुन सक्दैन। कम्तीमा पनि सामान्य कुरामा एकमत हुने जमातको घुमघाम स्मरणीय हुन्छ।

लामो घुमघाममा छिटो-छिटो हिँड्नु हुँदैन। त्यसले चाँडै थकाउँछ। अर्को कुरा घुमघाममा निस्कनु भनेको सम्बन्धित ठाउँको दृश्यावलोकन, ऐतिहासिक-भौगोलिक जानकारी, सामाजिक रहनसहन एवं धार्मिक रीतिरिवाजका बारेमा जान्नु-बुझ्नु पनि हो तर हतार गर्दा त्यो स्थानलाई समग्र रूपमा हेर्न-बुझ्न सकिँदैन।

दगुर्नु हुँदैन भन्दैमा आफूले तय गरेको दूरी नै पार गर्न नसक्ने गरी अलमलिनु हुँदैन। आफ्नो गन्तव्यसम्मको यात्रालाई ध्यानमा राखेर हिँड्नु उपयुक्त हुन्छ।

यदि पहिलोपटक नयाँ ठाउँको घुमघाममा हुनुहुन्छ भने जानकार व्यक्तिहरूले दिएको निर्देशन राम्रोसँग पालना गर्नुपर्छ। कहिलेकाहीँ त्यस्तो निर्देशन नमान्दा अनाहकमा दुःख पाइन सक्छ।

### यात्रा टिप्स



झरना थापा, अभिनेत्री

- यात्रामा जानुअघि सजिला पहिरन छनौट गर्नुपर्छ। गरगहना तथा फर्मल वेयर सकेसम्म बोक्नु हुँदैन। धेरै गरगहना बोक्यो भने हराउने डर हुन्छ भने फर्मल वेयर यात्रामा खासै प्रयोग गरिँदैन।
- यात्रा जति लामो हुन्छ त्यति नै झोलाको संख्या घटाउनु उचित हुन्छ। धेरै झोला बोक्दा झन्झट पनि उत्तिकै हुन्छ।
- कुन ठाउँको भ्रमणमा जाने हो सोहीअनुसार बजेट बनाउनुपर्छ। यात्राका क्रममा खर्च सकिएर गाह्रो पर्न सक्छ।
- बसबाट लामो यात्रा गर्दै हुनुहुन्छ भने घरमै केही खानेकुरा बनाएर बोक्न सकिन्छ। बाटोमा पाइने खानाले स्वास्थ्य बिगार्न सक्छ।
- बसमा यात्रा गर्दा भोमिट हुने अथवा स्वास्थ्यसम्बन्धी अरु कुनै समस्या उत्पन्न हुने सम्भावना छ भने आवश्यक औषधिहरूसमेत बोक्नुपर्छ।

# चितवन राष्ट्रिय निकुञ्जको सेरोफेरो





विमल खतिवडा

चितवन राष्ट्रिय निकुञ्ज घुम्न आउनेहरूको संख्या बढ्दो छ। कोही जीप चढेर त कोही हात्ती सफारी मार्फत निकुञ्ज घुम्न पाउँदा खुसी हुन्छन्। कोही भने जंगल वाक गर्न पाउँदा दंग पर्छन्। यहाँ डुंगा सयर गरेर रमाउनेहरूको समेत कुनै कमी हुँदैन।

चितवन निकुञ्ज नै किन घुम्ने ? भन्ने प्रश्न सबैमा उब्जन सक्छ। यो निकुञ्जमा दुर्लभ एकसिंगे गैंडा पाइन्छ। २०३० सालमा स्थापना भएको चितवन राष्ट्रिय निकुञ्ज ९ सय ३५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ। यो निकुञ्जमा जिप सफारी गरेर जाँदा काठबाट बनाइएको मचानमा बसेर जंगलको वरिपरि गैंडा, बाघ, चित्तल हेर्न पाइन्छ। निकुञ्जभित्रका ताल तथा राप्ती किनारमा यत्रतत्र लडिरहेका घडियाल गोहीले सबैको मन लोभ्याउँछन्। निकुञ्जमा १ सय २० वटा बाघ छन्। दुर्लभ गौरी गाई पनि यही निकुञ्जमा पाइन्छ। ६ सय ३५ प्रजातिका चरा अवलोकन गर्न पाइने यो निकुञ्ज घुम्ने क्रममा चराको आवाजले सबैलाई लठ्याउँछ।

कसरामा घडियाल संरक्षण तथा प्रजनन केन्द्रसमेत छ, जहाँ ५ सयभन्दा बढी ठूला तथा साना घडियाल गोही छन्। तारबार गरेर राखिएका गोहीलाई बाहिरबाट सजिलै हेर्न सकिन्छ। त्यस्तै प्राकृतिक बासस्थानमा १ सय ६६ वटा गोही छन्।

सौराहास्थित हात्ती प्रजजनन केन्द्रमा रहेका साना हात्तीले सबैको ध्यान तान्छन्। हात्तीको बच्चालाई छावा भनिन्छ। छावा उफ्रिरहेको दृश्यले सबैलाई तस्बिर खिच्न बाध्य बनाउँछ। यो ठाउँमा हात्तीलाई मानवसँग नजिक हुने गरी माहुतेमार्फत तालिम प्रदान गरिन्छ। हात्तीको हेरचाह गर्ने छुट्टै हेरालु हुन्छन्। बच्चा पाउने पोथी हात्तीहरू प्रजनन केन्द्रमा राखिएका हुन्छन्। विद्यार्थीहरू हात्तीसँग स्नान गरेर समेत रमाउँछन्। स्नान भने गर्मीको समयमा राप्ती किनारमा गराइन्छ। हात्तीमाथि चढेपछि हात्तीले आगन्तुकहरूलाई आफैं नुहाइदिन्छ।

सौराहा आउँदा घुम्नै पर्ने अर्को ठाउँ हो-थारु संग्रहालय, जहाँ थारु समुदायको कला-संस्कृति झल्कने चित्र मात्र राखिएको छैन, मूर्ति बनाएर उनीहरूको दैनिक दिनचर्याका सम्बन्धमा समेत अवगत गराइएको छ। त्यहाँ थारुहरूले प्रयोग गर्ने सामानहरू राखिएको छ। सौराहा आउनेहरू निकुञ्ज घुमिसकेपछि बीसहजारी ताल पुग्न बिर्सँदैनन्, जहाँ चराको झुन्ड देख्न पाइन्छ। सौराहाबाट राप्तीमा डुंगा चढेर निकुञ्ज कार्यालय कसरासम्म पुग्न सकिन्छ। अधिकांश बाघ हेर्नकै लागि निकुञ्ज घुम्न आउँछन्, तर कमैले मात्र बाघ देख्छन्।

निकुञ्जमा बेला/बेलामा जंगली हात्तीसमेत हेर्न पाइन्छ। यस्ता हात्तीको संख्या २० देखि २५ वटासम्म भएको अनुमान गरिन्छ। त्यसबाहेक निकुञ्जमा भालु, मजुर, जरायो, रतुवा आदिसमेत हेर्न सकिन्छ। अहिले जाडोको समयमा विभिन्न विद्यालयका छात्रछात्राहरू शैक्षिक भ्रमणका लागि यही निकुञ्ज पुग्छन्।

# बालबालिकाले घुम्नुपर्ने ठाउँ पोखरा





राजाराम पौडेल

बालबालिकाहरूले घुम्नैपर्ने ठाउँ हो- पोखरा । आफ्नै आँखा अगाडि मनोरम प्राकृतिक छटा नियाल्दै रमाउन पाउनु पोखराको मुख्य विशेषता हो । उत्तरमा सेतै टल्किने हिमाल, वरिपरि हरिया डाँडाकाँडा । तालतलैया, मन्दिर, गुफा आदि मनोरम दृश्य हेर्दै नयाँ जानकारी लिने अवसर प्राप्त हुन्छ पोखरामा । अन्नपूर्ण, धौलागिरि, मनास्लु, माछापुच्छ्रे, लमजुङ, गणेश आदि हिमालका दृश्य एकसाथ आफ्नै आँखा अगाडि नियाल्न पाउँदा बालमस्तिष्कमा सकारात्मक छाप पर्छ । अझ फेवातालमा देखिने माछापुच्छ्रे हिमालको छायाँले बालबालिकाहरूलाई थप खुसी दिन्छ ।

पोखरा तालैतालको सहर पनि हो । पोखरा आसपासमा फेवा, बेगनास, रुपा, खास्टे, मैदी, दिपाङ, गुँदे, न्युरेनी, कमलपोखरीसहित नौवटा ताल छन् । यी तालमध्ये बोटिङ गर्दै रमाइलो गर्न फेवा र बेगनास नै सर्वाधिक उपयुक्त मानिँदै आएको छ ।

ताल मात्र होइन, पोखराका गुफा, छाँगा र झरनाले यहाँ पुग्ने बालबालिकाहरूलाई लोभ्याउँछन् । महेन्द्र गुफा, चमेरे गुफा, गुप्तेश्वर गुफा, पातले छाँगो, पावर हाउस आदि ठाउँमा बालबालिकाले हेर्नैपर्ने नयाँ-नयाँ सामग्री भेटिन्छन् । चमेरे गुफामा देखिने चमेरा, महेन्द्र गुफाको बनौट, पावर हाउसमा देखिने सुन्दर छाँगा, पातले छाँगामा देखिने मनमोहक दृश्यले बालबालिकाको मन भुलाउँछ । पोखरामा रहेका विन्ध्यवासिनी मन्दिर, भद्रकाली मन्दिर, तालबाराही मन्दिर, केदारेश्वर मन्दिर, नारायण स्थान मन्दिर, अकला मन्दिर पनि बालबालिकाले घुम्नैपर्ने ठाउँ हुन् । बालबालिकाका लागि पोखराका केही होटल तथा रिसोर्टमा फन पार्कसमेत उपलब्ध छन् । होटल जल महलको फन पार्कले बालबालिकालाई प्रशस्त मनोरञ्जन प्रदान गर्छ ।

पोखरामा पाँचवटा संग्रहालय छन् । तीमध्ये घारिपाटस्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा पुग्ने बालबालिकाको संख्या बढी हुन्छ । यहाँ हिमाली जनजीवनका बारेमा बुझ्ने अवसर प्राप्त हुन्छ । यसैगरी नयाँ बजारस्थित क्षेत्रीय संग्रहालय, पृथ्वीनारायण क्याम्पसको हाताभित्र भीमकालीपाटन बगरमा रहेको पुतली संग्रहालय, केआइ सिंह पुल नजिकैको गोर्खालीको बहादुरी देखाउने संग्रहालय तथा शक्तिघाटमा गुरुङ जनजीवन झल्काउने संग्रहालय छ ।

पोखरानजिकका रमणीय ठाउँ लम्ली डाँडा, सराङकोट, काहुँडाँडा, शान्ति स्तुपा, ठूला कोट, माटेपानी गुम्बा, हेम्जा गुम्बा, लुक्दै बगेको सेती लगायतका ठाउँमा पुगेर दृश्यावलोकनसमेत गर्न सकिन्छ । नदीपुरस्थित सेती पावर हाउसमार्फत जलविद्युत् उत्पादनका बारेमा बालबालिकालाई जानकारी दिन सकिन्छ । कविशिरोमणि लेखनाथ पौडेलको जन्मघर अर्घौं अर्चले, गन्धर्व संस्कृतिका बारेमा जान्ने अवसर प्राप्त हुने बाटुलेचौरस्थित झलकमान गन्धर्व सारङ्गी पाठशाला, भुर्जुङखोलास्थित रेम्बो ट्राउट फार्म हाउस आदि पनि बालबालिकाहरूलाई घुमाउन सकिने स्थान हुन् ।

# पूर्वका नयाँ गन्तव्य

अनिल श्रेष्ठ

जाडोको बिदामा आफ्ना छोराछोरीलाई अभिभावकले रमणीय ठाउँहरू घुमाउन लान्छन् जसमध्ये पूर्वका चर्चित सीमसार र फन पार्कहरू पारखीहरूको रोजाइ बन्दै गएका छन् ।

**तालतलैया, इटहरी**

इटहरी उपमहानगरपालिकाभित्र पर्ने तालतलैया ७६ दशमलव ४५ हेक्टरमा फैलिएको छ । तालतलैयामा बालउद्यान तथा मिनी चिडियाखाना छन् । त्यहाँ पशुपन्छी उद्धार केन्द्रलाई मिनी चिडियाखानाको रूप दिइएको छ । त्यस्तै जलपरी रिक्सा तथा घोडचढीसमेत उक्त तालतलैयामा छ । इटहरीको जुटविकास चोकबाट पाँच अनि तरहराबाट तीन किलोमिटरको यात्रापछि तालतलैया पुग्न सकिन्छ । यहाँप्रतिव्यक्ति १० रुपैयाँ प्रवेश शुल्क लाग्छ ।

**शान्तिवन, सुनसरी**

सुनसरीको बर्जुगाउँपालिकामा पर्ने शान्ति वन सुनसरी, मोरङ तथा झापका स्थानीय बासिन्दाहरूको सुपरिचित गन्तव्य हो । २० बिघा क्षेत्रफलमा फैलिएको उक्त वनमा एभरेष्ट साइन्स सेन्टरसमेत छ, जहाँ विज्ञानसम्बन्धी विभिन्न सामग्री अवलोकन गर्न सकिन्छ । शान्ति वनको मूल गेटमा डाइनोसरको आकर्षक मूर्ति छ । यो वनमा प्रवेश गर्न ५० रुपैयाँ शुल्क लाग्छ ।

**बेतना सीमसार, बेलबारी, मोरङ**

मोरङको बेलबारी नगरपालिकाअन्तर्गत पर्ने बेतना सीमसार क्षेत्र पर्यटकीय आकर्षणको केन्द्र बन्दै गएको छ । पूर्व-पश्चिम राजमार्गमै पर्ने यो सीमसारमा सुनसरी, मोरङ तथा झापाका आन्तरिक पर्यटक आउँछन् । १ सय ७५ हेक्टरमा फैलिएको यो सीमसारको प्रमुख आकर्षण त्यहाँ राखिएको कमिलाको मूर्ति हो । हेर्दा ठूलो र नौला लाग्ने उक्त कमिलाको मूर्तिमा आगन्तुकहरू तस्बिर खिच्नसमेत उत्तिकै झुत्तिन्छन् । यो सीमसारमा प्रवेश गर्न ३० रुपैयाँ शुल्क तिर्नुपर्छ ।

**गोकुलम रिसोर्ट, सुन्दरहरैंचा, मोरङ**

मोरङको सुन्दरहरैंचा नगरपालिकामा पर्ने रिसोर्ट हो-गोकुलम । पूर्व-पश्चिम राजमार्गस्थित बलियाचोकबाट डेढ किलोमिटरको यात्रापछि गोलकुम रिसोर्ट पुग्न सकिन्छ । साढे पाँच बिघामा फैलिएको गोकुलम रिसोर्टमा बोटिङ, हर्स राइडिङ, चिल्ड्रेन पार्क आदि सुविधा उपलब्ध छन् । त्यहाँ ताजमहल, आइफेल टावरजस्ता विभिन्न विश्वप्रसिद्ध ल्यान्डमार्कहरूका नमुना राखिएको छ । यहाँ प्रवेश गर्न २५ रुपैयाँ शुल्क तिर्नुपर्छ ।

**जामुनखाडी सीमसार, झापा**

२६ दशमलव ५४ हेक्टर क्षेत्रफलमा फैलिएको जामुनखाडी सीमसार क्षेत्र सबै उमेर समूहका लागि उपयुक्त घुम्ने ठाउँ हो । झापाको कन्काई नगरपालिकामा पर्ने यो सीमसार क्षेत्रमा दुर्लभ वन्यजन्तु आरक्ष, झोलुंगे पुल, हरिण पार्क, बाल उद्यान आदि अवलोकन गर्न सकिन्छ भने बोटिङले यो गन्तव्यलाई थप आकर्षक बनाएको छ । यहाँ प्रवेश गर्न ५० रुपैयाँ शुल्क लाग्छ ।




**गोपाल फर्न पार्क, कटहरी, मोरङ**

विराटनगरबजारदेखि तीन किलोमिटको दूरीमा छ-गोपाल फन पार्क । १३ बिघामा फैलिएको यो पार्क सबै उमेर समूहलाई लक्षित गरी सञ्चालनमा ल्याइएको हो । मोरङको कटहरी गाउँपालिकामा पर्ने यो पार्कको ३ बिघा क्षेत्रफलमा दुईवटा पोखरी निर्माण गरिएका छन् जहाँ नौका विहारसमेत गर्न सकिन्छ ।

**हसिना सीमसार, मोरङ**

मोरङको सुन्दर हरैंचा नगरपालिकास्थित हसिना सीमसार अहिले सबैको रोजाईको केन्द्र बन्दै गएको छ । यहाँ जडीबुटी, वन्यजन्तु तथा सीमसार क्षेत्रको अध्ययन गर्न सकिन्छ । पूर्व-पश्चिम राजमार्गको बाँसबारी चोकबाट करिब ६ किलोमिटर उत्तर हिंडेर वा गाडीमार्फत पुग्न सकिने यो क्षेत्रमा बाह्रमास बगिरहने जरुवा पानीको मूल छ । यो सीमसार क्षेत्र करिब ५० हेक्टर क्षेत्रफलमा फैलिएको छ ।



# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

माघ १६ गते
सहिद दिवस

माघ १७ गते
स्वस्थानी व्रत समापन,
खग्रास चन्द्र ग्रहण

## मेष

प्रयत्न गर्दा राम्रै जिम्मेवारी प्राप्त हुन सक्छ। सुविधासम्पन्न रोजगारी हात लाग्न धेरै समय कुर्नुपर्नेछैन। मनोरञ्जक क्रियाकलापमा सहभागी हुँदा विवेक पुऱ्याउनुपर्नेछ। घरायसी सजावटमा नयाँ-नयाँ सामग्रीमार्फत अरूको प्रशंसा बटुल्न सकिनेछ।

## वृष

चियोचर्चो गर्नेहरूले काममा व्यवधान खडा गर्न सक्छन्, सावधानी अपनाउनु बेस हुन्छ। परिवारका सदस्यहरूको अस्वस्थतामा समय खर्चनुपर्ला। मझौला व्यवसाय फस्टाउन नसक्दा थप लगानीले पिरोल्नेछ। ठूलो आकांक्षा राख्नाले प्राप्त अवसरसमेत गुम्ने खतरा छ।

## मिथुन

आफ्नो मेहनतको प्रतिफल अरूले प्राप्त गर्न सक्छन्। सवारी तथा हात हतियार प्रयोग गर्दा सावधानी अपनाउनुमै आफ्नो भलो छ। समय बलवान् भए पनि प्रतिष्ठा जोगाउने प्रयत्न गर्नुहोला। सप्ताहन्तमा आफूलाई मन पराउनेहरूसँग भलाकुसारी हुनेछ।

## कर्कट

अरूको विश्वासमा पर्दा गोप्य सूचना बाहिरिएर समस्या सिर्जना हुनसक्छ। ज्येष्ठ सदस्यहरूको संगतका कारण अप्ठ्यारो परिस्थिति पहिचान गरी त्यसलाई सुल्झाउन सकिनेछ। मनोरञ्जनका क्रममा भेटिएका मित्रहरूले तपाईंबाट फाइदा उठाउन सक्छन्। सवारी साधन खरिद गर्न आकर्षित भइनेछ।

## सिंह

अर्थ अभावले पिरोल्न सक्छ। रोजगारी प्राप्तिको दौडधूपमै समय व्यतीत हुनेछ। साथीभाइसँग आकस्मिक भ्रमण गर्दा आफ्नै धन खर्च हुनेछ। कर्मचारीवर्गको स्थान परिवर्तन हुनसक्छ भने अन्य अवसरसमेत जुट्न सक्छ। पूर्वको यात्रा फलदायी सावित हुनेछ।

## कन्या

प्रेमी-प्रेमिकासँगको मनोरञ्जक भ्रमण अविस्मरणीय रहनेछ। विभिन्न सभा-सेमिनार तथा प्रतियोगिताहरूमा भाग लिने अवसर जुट्न सक्छ। आफ्नै कमजोरी तथा आलस्यताले महत्वपूर्ण कार्य छुट्न सक्छ। समय तथा कामको उचित व्यवस्थापन गर्नुहोला। साताको अन्त्यमा पारिवारिक खिचलोले सताउनेछ।

## तुला

अतिथिका रूपमा प्रस्तुत हुँदा अपेक्षाअनुरूपकै सत्कार पाइनेछ। सहपाठीहरूबीच आम्दानी बढाउने कार्य योजना अघि बढ्नेछ। पारिवारिक खटपट सिर्जना हुन सक्छ, जसलाई निर्मूल गर्न घरपरिवारलाई यथेष्ट समय दिनुपर्ने हुन्छ। फलफूलको सेवनले स्वास्थ्य अनुकूल बनाउनेछ।

## वृश्चिक

आकर्षणको पात्र बन्न शरीरिक सुन्दरतामा विशेष ध्यान पुऱ्याउनुहोला। बिनाकारण प्रेमी-प्रेमिका रिसाउन सक्छन्, भावना बुझ्ने प्रयत्न गर्नुपर्नेछ। घरायसी व्यवहारको चटारो आइलाग्न सक्छ, अभिभावकको सुझाव स्वीकार गर्दा समस्या स्वतः निर्मूल हुनेछ। साताको अन्त्यमा विदेश भ्रमणको योग छ।

## धनु

वित्तीय क्षेत्रमा लगानी गर्न विलम्ब नगर्नुहोला। अपेक्षाअनुरूप कार्य सम्पन्न हुँदा जोस-जाँगर बढ्नेछ। आफन्तजनमा स्वास्थ्यसम्बन्धी समस्या देखा पर्न सक्छ, उपचारप्रति सचेतता अपनाउँदा समस्या थप जटिल हुन पाउनेछैन। अवेरसम्म सवारी साधन चलाउँदा सुरक्षा चुनौती वृद्धि हुनेछ।

## मकर

मन पराउने तथा प्रेम प्रस्ताव राख्नेहरूसँग सचेत रहनुमै भलो छ। महत्वपूर्ण व्यक्तिसँगको भेटघाटले जिम्मेवारी बहन गर्न मार्गदर्शन गर्नेछ। लामो समयदेखि रोकिएका कार्य बिनाझन्झट सम्पन्न हुनेछन्। वनभोज तथा भ्रमणको अवसरले पछ्याएको अवस्था छ।

## कुम्भ


सरकारी तथा निजी क्षेत्रमा पुनः प्रयत्न गरे अवसर हात लाग्न सक्छ। प्रेमी-प्रेमिकाबीचको सम्बन्धमा तीतोपन वृद्धि हुन सक्छ। विदेश जाने प्रक्रिया अघि बढाउँदा बढी खर्च भए पनि सफलता हात लाग्नेछ। ढिलाइले काम बिग्रने सम्भावना छ।

## मीन

प्रेमी-प्रेमिकाको सुझावमा मात्र भर पर्दा पछि परिएला। चुरो कुरा पत्ता लगाउन सके असहज परिस्थितिको सामना गर्न सकिनेछ। कर्मक्षेत्रमा भाग्यले साथ दिनेछ। खलबलिँदो पारिवारिक वातावरणबाट मुक्ति पाउन पुण्य आर्जनतर्फ आकर्षित भइनेछ। आफ्नो क्षमता प्रदर्शन गरि इनाम प्राप्त गर्ने समय छ।

**अब हाम्रो पालो**

# तपाईंलाई सबैभन्दा बढी सताउने कुरा के हो ? किन ?



यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
१. नेपालमा भ्रष्टाचारमुक्त क्षेत्र कुन होला ? कसरी?

अहिलेको नेपाली राजनीतिले सताउँछ। एकातिर जनताको बेहाल छ, सरकारले तिनलाई सम्बोधन गर्दैन। प्रतिपक्षी सरकार बनाउने कुरामै केन्द्रित छ। सतीले सरापेको देश त्यसै भनिएको होइन रहेछ।

**मिथिलेस यादव**

उनको यादले सताउँछ।

**विप्लव काफ्ले**

सबैलाई थाहा छ– पैसा।

**राजकुमार न्यौपाने**

पैसाले नै हो नि !

**जुलेन**

धेरै छन्। बेलीविस्तार लगाऊँ भने साप्ताहिकको सबै पेज भरिन बेर छैन।

**युवराज तामाङ**

आफ्नो क्रस परेको मानिस अरू कसैसँग बोल्दा।

**धीरेन चौधरी**

आजभन्दा ६ वर्षअघि मबाट टाढा भएको मेरो मायाको सम्झनाले धेरै नै सताउँछ।

**आशिक महत**

तनावले सताउँछ।

**सकुल श्रेष्ठ**

भूत, भविष्य र वर्तमानले सताउँछ।

**सुनीता सम्बाहाम्फे**

मनका अनुभूतिहरूले बेला-बेलामा सताइरहन्छन्।

**राकेश ललीपप**

भोलिका कुरा सम्झेर मन पिरोलिन्छ।

**अमर कोन्मे**

कसैको सम्झनाले साह्रै सताउँछ हजुर।

**बाबु श्री**

साप्ताहिकमा राम्रा समाचार नआउँदा।

**ओम साह**

कसैको मायाले सताउँछ।

**कास मगर**

बढीजसो त चिन्ताले नै सताउँछ।

**रामचन्द्र आचार्य**

मन, यसकै कारण बढी दुखिरहनुपर्छ।

**अस्मिता गुरुङ**

धन-सम्पत्ति अर्थात् पैसाले सताइरहन्छ।

**सुनिल जिग्मे**

नेपालमा कहिलेदेखि काम र कमाइ हुने होला भन्ने कुराले सताउँछ।

**किशोर चाम्लिङ**

निद्रा, भोक तथा थकाइ आदिले सताउँछ।

**गोकुलप्रसाद तिमिल्सिना**

गाउँहरू रित्ता छन्। काम गर्ने मानिस छैनन्। यही कुराले सताउँछ।

**सुरेश जोशी**

अनलाइन मिडियामा हावादारी समाचार पढ्नुपर्दा।

**विजय काफ्ले**

आफ्नो र परिवारको भविष्य सम्झँदा।

**विष्णु दाहाल**

पैसाले सधैं समस्या उत्पन्न गर्छ।

**दिवस थापा**

अरू युवाहरूजस्तै बिदेसिनुपर्छ कि भन्ने चिन्ता लाग्छ।

**प्रमिला**

आफ्नो भविष्य सम्झँदा तनाव हुन्छ।

**बबिता**

पूरा नहुने सपनाले।

**कोपिला**

देशको भविष्य सोच्दा तनाव हुन्छ र त्यही कुराले सताउँछ।

**दिलु घर्तीमगर**

जति मेहनत गरे पनि गरिबहरू गरिब नै रहन्छन्। उनीहरूलाई रोग, भोक तथा शोकले सताइरहन्छ निरन्तर। यही कुराले सताउँछ।

**इन्दु मिन्टु**

आफूले सोचेजस्तो नहुँदा।

**राज काफ्ले**

मलाई त सबैभन्दा बढी घरबेटीले सताउँछन्। हरेक वर्ष कोठा भाडा बढाएर हैरान बनाइसके। पानीको सुविधा छैन। कोठाको साइज कहिल्यै बढ्दैन, तर कोठा भाडा भने बढेको बढ्यै छ।

**दिपेश क्षेत्री**

कलियुगले सताइरहेको छ, किनभने तपाईंले हिजोआज नसोचेको कुरा बढी सुन्नु तथा भोग्नुपर्छ।

**कौस्तुभ राणा**

जब आफूलाई अब के गर्ने थाहा हुँदैन, त्यतिबेला यो हुनुपर्छ भन्ने लाग्छ, तर भैरहेको हुँदैन र कसरी गर्ने थाहा हुँदैन। मलाई यही कुराले बढी सताउँछ।

**विष्णुप्रसाद पन्थ**

स्वतन्त्रता। किनभने यो मानिसको पहिलो आवश्यकता हो।

**सुन्दर मल्ल**

उनको यादले सताउँछ।

**हर्क गुरुङ**

अतीतको यादले बढी सताउँछ।

**डीबी लिम्बू**

नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

* * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान




डा. राजेन्द्र भद्रा



मैले एउटी युवतीसँग यौनसम्पर्क गरेको दुई साता भयो । मैले आफ्नो शुक्रकीट बाहिर फालेंको थिएँ । तैपनि ती युवती बच्चा बस्यो भन्छिन् । अब यो समस्या समाधानका लागि के गर्नुपर्ला ?

६३४४



### बाह्य स्खलन कति प्रभावकारी ?

किशोर-किशोरीमाझ प्रायः अपनाइने उपायमध्ये एक हो– बाह्य स्खलन विधि । यो परम्परागत विधिको प्रयोग पछिल्लो दशकको तुलनामा बढी हुन थालेको पाइन्छ । वीर्य स्खलन हुनु ठीक अघि लिंग योनिबाट झिक्ने यो विधि अपनाए पनि अभ्यस्त नभएका व्यक्तिका लागि प्रभावकारी नहुन सक्छ । अब वीर्य स्खलन हुनै लाग्यो भनेर (point of no return) राम्रोसँग थाहा नपाउँदा लिंग झिक्न ढिलो भै वीर्य योनिभित्रै झर्न वा योनि क्षेत्रमा लाग्न सक्छ । यसले यो विधिको प्रभावकारिता कम गर्ने नै भयो ।

त्यसबाहेक उत्तेजनाको स्रोत जेसुकै भए पनि यौन उत्तेजना भएपछि अलिकति रस लिंगको टुप्पामा देखिन्छ । पौरुष ग्रन्थिको मुनितिर मूत्रनलीसँग जोडिएको केराउका दानाजस्ता दुई ग्रन्थि हुन्छन्, जसलाई अंग्रेजीमा Cowper's gland भनिन्छ । यौन उत्तेजनाका बेलामा यही ग्रन्थिबाट निस्किएको रस केही थोपाका रूपमै वीर्य स्खलनभन्दा पहिले लिंगको टुप्पामा देखिन्छ । यसरी आउने तरल पदार्थमा सामान्यतः शुक्रकीट हुँदैनन्, त्यसैले सामान्य अवस्थामा यो रसको सम्पर्कबाट गर्भ रहँदैन, तर कतिपय स्थितिमा यदि केही समयपहिले मात्र हस्तमैथुन गरेर वा यौनसम्पर्क गरेर वीर्य स्खलन गरेको भए उक्त वीर्य स्खलनका कारणले मूत्र नलीमा रहेका केही शुक्रकीट यो रसमा आउने सम्भावना रहन्छ । यस्तो स्थितिमा भने थोरै भए पनि गर्भ रहने सम्भावना भएको कुरा बुझिन्छ । यो विधिको प्रभावकारिताको सन्दर्भमा विभिन्न अध्ययनले १५ देखि २५ प्रतिशतसम्म गर्भ रोक्न नसकेको (failure rate) देखाएको छ । यसले गर्भ रहने सम्भावना केही कम गरे पनि यौनरोग तथा एचआईभी भने सर्न सक्छ । गर्भ तथा यौनरोग तथा एचआईभी दुवैबाट जोगिन कन्डमका साथै अरू प्रभावकारी गर्भनिरोधका उपायको प्रयोग पनि आवश्यक छ ।

> गर्भ बस्यो भने केही लक्षण देखिन्छन् । महिनावारी रोकिनु एउटा प्रमुख र महत्वपूर्ण लक्षण हो । त्यसबाहेक पनि गर्भ रहेपछि महिलाको शरीरमा केही परिवर्तन आउँछन् । ती परिवर्तन पहिचान गरेर गर्भ रहे-नरहेको छुट्याउन सकिन्छ ।

### के बच्चा बस्यो होला ?

तपाईंको सन्दर्भमा गर्भ रह्यो कि रहेन भन्ने कुरा गर्नुअघि गर्भ रहने सम्भावनाका बारेमा कुरा गरौं । तपाईंलाई थाहै हुनुपर्छ, वीर्य स्खलनपछि वीर्यमा भएको शुक्रकीट महिलाको डिम्बाशयबाट निस्किएको डिम्बसँग मिलन हुनु आवश्यक छ । योनिमा वीर्य स्खलनको समय डिम्ब निष्कासनको समयसँग मिल्नुपर्छ । यौनसम्पर्क गर्दा तपाईंकी प्रेमिकाको महिनावारी चक्रको कुन बेला थियो भन्ने कुरा लेख्नुभएको भए गर्भ रहने सम्भावना आँकलन गर्न केही सहयोग हुने थियो ।

गर्भ बस्यो भने केही लक्षण देखिन्छन् । महिनावारी रोकिनु एउटा प्रमुख र महत्वपूर्ण लक्षण हो । त्यसबाहेक पनि गर्भ रहेपछि महिलाको शरीरमा केही परिवर्तन आउँछन् । ती परिवर्तन पहिचान गरेर गर्भ रहे-नरहेको छुट्याउन सकिन्छ । छोटकरीमा भन्ने हो भने महिनावारी रोकिनुका साथै स्तन छाम्दा हल्का रूपमा दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने, मनोदशामा परिवर्तन, थकाइ लागेजस्तो हुने, खाने बानी वा रुचिमा परिवर्तन तथा छिटोछिटो पिसाब लाग्ने आदि हुन सक्छ । त्यसैगरी केही समयपछि गएर स्तन अझ ठूलो हुने, स्तनको मुन्टो गाढा रंगको हुने, योनिबाट सेतो पानी बग्ने, पेट ठूलो हुने हुनुका साथै गर्भस्थ शिशु चल्ने जस्ता लक्षण देखिन्छन् । यस्ता लक्षणमध्ये धेरैजसो लक्षण छ भने गर्भ रहेको भन्न सकिने स्थिति हुन्छ । कतिपय परिस्थितिमा लक्षण तथा चिह्नहरूका आधारमा शारीरिक जाँच गरेर मात्र गर्भ रहे-नरहेको निर्धारण गरिन्छ । तपाईंको यौनसम्पर्क भएको धेरै समय नभएकाले गर्भ रहेको भए सुरुवाती दिनमै थाहा पाउन पिसाबको परीक्षण गराउन सकिन्छ र यस्तो परीक्षणलाई प्रिग्नेन्सी टेस्ट भनिन्छ ।

### प्रिग्नेन्सी टेस्टका लागि पिसाब जाँच

महिलामा गर्भवती हुने प्रक्रिया सुरु भएसँगै बढ्ने human chorinonic gonadotropin (hCG) भनिने हार्मोनको परीक्षण गरेर गर्भ रहे-नरहेको नतिजा निकालिन्छ । अचेल राम्रा जाँच गर्ने साधनको सहयोगले डिम्ब निषेचन भएको यस्तै आठौं वा नवौं दिनमा यो हार्मोनको मात्रा पहिचान गर्न सकिन्छ । विचार गर्नुपर्ने कुरा के भने यौनसम्पर्क भएको भन्दा डिम्ब निष्कासनको समय महत्वपूर्ण हुन्छ, किनभने शुक्रकीट महिलाको प्रजनन अङ्गमा पाँच दिनसम्म बाँच्न सक्छ, यौनसम्पर्कको केही समयपछि पनि डिम्ब निषेचित गर्न सक्छ । डिम्ब निष्कासन भएको यस्तै १४ दिनमा महिनावारी हुन्छ । महिला गर्भवती भए hCG को मात्रा यस्तै प्रत्येक दुई दिनमा दोब्बर हुन्छ र यस्तै ६० वा ७० दिनमा सबैभन्दा बढी हुन पुग्छ र बिस्तारै कम हुन थाल्छ । यो परीक्षण गर्दा पर्याप्त मात्रामा हार्मोन तपाईंको शरीरमा भए ठीक नतिजा प्राप्त हुन्छ, त्यसैले डिम्ब निषेचनको यस्तै १० वा त्यसपछि परीक्षण गराउनु उपयुक्त हुन्छ ।


### कतै यो फसाउने कुरा त होइन ?

गर्भ तपाईंसँगको यौन सम्पर्कबाट नै भएको हो भने तपाईंको जिम्मेवारी पनि युवतीको जत्तिकै हुन्छ । तपाईंले यौनसम्पर्क राखेकी युवतीसँग तपाईंको सम्बन्ध कस्तो छ, थाहा भएन । युवतीले तपाईंसँग प्रणयबाहेक अन्य कारणले सम्बन्ध बढाउन खोजेको हो/होइन भन्ने कुरामा पनि ध्यान पुऱ्याउनुपर्छ । यहाँ भयादोहन (black mail) गरिने सम्भावना पनि त्यत्तिकै छ । त्यसैले त्यसप्रति चनाखो हुनु जरुरी छ । पक्कै पनि तपाईंले नै राम्रोसँग तपाईंहरूको सम्बन्ध कत्तिको गहिरो र प्रेममय छ भनेर निक्यौंल गर्न सक्नुहुन्छ ।

### रोकथामको उपाय के होला ?

गर्भ बस्यो कि बसेन भन्ने प्रश्नको जवाफ त तपाईंले पिसाबको परीक्षण गरेरै थाहा पाउन सक्नुहुन्छ । गर्भ रहेको भए दुवै जनाले गर्भ र त्यसले ल्याउन सक्ने विविध सकारात्मक तथा नकारात्मक पक्षमा विचार-विमर्श गर्नुपर्छ । त्यसकै आधारमा यदि गर्भलाई निरन्तरता नदिने हो भने तपाईंहरू दुवैको निर्णयअनुरूप सूचीकृत केन्द्रमा गै सुरक्षित गर्भपतन गराउन सकिन्छ, तर गर्भ बसेको नभै गर्भ बसेको भनेर भयादोहन गर्न खोजिएको हो भने त्यसको व्यवस्थापन गर्नुपर्छ । यस्तो भयादोहनलाई रोकथाम गर्न आफ्नो मनलाई बलियो बनाउनुपर्छ, तर यदि त्यो पर्याप्त भएन भने प्रहरी प्रशासनको सहयोगसमेत लिनुपर्ने हुन सक्छ ।

## महिला स्वास्थ्य



**म २४ वर्षीया महिला हुँ । मेरो विवाह भएको पाँच वर्ष भयो र हाम्रो एउटा सात महिनाको शिशु छ । शिशुले मेरो दूध खाँदैछ । मेरो महिनावारी १ गते भएको थियो र ७ गतेदेखि लगातार एक हप्तासम्म हामीबीच यौनसम्पर्क भयो । हामीले परिवार नियोजनको कुनै साधन प्रयोग गरेका छैनौं । मेरो गर्भ रहने सम्भावना छ कि छैन ? हामीले कति–कति दिनमा सम्पर्क गरे गर्भ रहँदैन ?**

डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

दूध खाइरहेको भए पनि तपाईंको शिशु ७ महिनाको भैसकेको र महिनावारी भैसकेका कारणले तपाईंले परिवार नियोजनका उपाय नअपनाए गर्भ रहन सक्ने सम्भावना प्रबल छ । तपाईंको महिनावारी नियमित-अनियमित के छ तथा कति दिनमा हुने गरेको छ, पत्रमा उल्लेख छैन । सामान्यतः नियमित महिनावारी हुने महिलामा महिनावारी भएको १४ दिनमा अण्डा निष्कासन हुन्छ, त्यसैले यसको सेरोफेरोमा यौनसम्पर्क भए गर्भ रहन सक्छ । तपाईंको ७ गतेदेखि लगातार एक हप्ता सम्पर्क हुँदा अण्डा उत्पादनको समयमा पनि सम्पर्क भएजस्तो देखिन्छ । त्यसैले तपाईंको गर्भ रहने सम्भावना छ । महिनावारी भएको दिनदेखि ९ दिन सम्म र पछि गएर १९ दिनपछि मात्र सम्पर्क गरे गर्भ रहने सम्भावना कम हुन्छ । यद्यपि यस किसिमको प्राकृतिक उपायमा पूर्ण रूपले भर पर्न सकिँदैन ।




## राष्ट्रिय खेलकुद परिषद् च्याम्पियनसिप

# विभागीय टोलीको वर्चस्व

नेपाली राष्ट्रिय खेलकुदमा विभागीय टिमको वर्चस्व नयाँ होइन, न त यो अनपेक्षित नै हो । राष्ट्रिय खेलकुद परिषद् (राखेप) च्याम्पियनसिपमा यो तथ्य फेरि एकपटक प्रमाणित भएको छ । पछिल्लो साता तीन/चार खेलका राष्ट्रिय प्रतियोगिता टुंगिए र लगभग सबैमा विभागीय टिमकै वर्चस्व रहयो । जस्तो, तेक्वान्दो र ब्याडमिन्टनमा नेपाली सेनाको टिम हावी भयो । हकीमा पनि सेना नै छायो भने पुरूष फुटबलमा भने नेपाल प्रहरी । पूरा राखेप च्याम्पियनसिपलाई आधार मान्ने हो भने यो सूची अझ लामो हुनसक्छ । यस्तोमा प्रश्न उठ्छ, के यो नेपाली खेलकुदका लागि राम्रो हो त ? एउटा तथ्य के निश्चित छ भने अहिले नेपाली खेलकुद जिउँदो र जीवन्त रहन सक्नुको प्रमुख कारण नै विभागीय टिम हुन् । उनीहरूबिना अहिले नेपाली खेलकुदको कुनै पनि प्रतियोगिताको कल्पनासम्म गर्न सकिँदैन । नेपालमा जति पनि राम्रा खेलाडी छन्, उनीहरूमध्ये प्रायःको लक्ष्य विभागीय टिमसँग आबद्ध हुनु नै हुन्छ । यस्तोमा निश्चित छ, नेपाली खेलकुद थामेकै विभागीय टिमले हो । विभागीय टिमकै कारण खेलाडीहरूले रोजगारीसमेत पाएका छन् ।

विभागीय टिमले खेलाडीलाई दिने रोजगारी स्थायी प्रकृतिको छ । त्यसैले खेलाडी त्यसतर्फ आकर्षित हुनु स्वभाविक पनि छ, तर नेपाली खेलकुदमा विभागीय टिमको वर्चस्वले नकारात्मक पक्षलाई समेत उजागर गरेको छ । विभागीय टिमकै कारण नेपाली खेलकुदबाट निजी क्षेत्रको सहभागिता टाढिँदै गएको छ । यसले एकातर्फ विभागीय टिम र निजी क्षेत्रको टिमको स्तरमा ठूलो खाडल देखिएको छ । त्यही अन्तरले खेलकुदबाट निजी क्षेत्र हराउँदै जाने स्थितिसमेत उत्पन्न भएको छ । यसमा गम्भीर ध्यान जानुपर्ने भनेको नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद्कै हो । एकातर्फ विभागीय टिमको योगदानलाई बिर्सनु पनि हुँदैन भने अर्कातर्फ यिनै विभागीय टिमको वर्चस्वले भित्रिएको समस्याबाट पनि नेपाली खेलकुद मुक्त हुनुपर्छ । सम्भवतः बीचको बाटो ठीक हो कि ? राखेपले नेपाली खेलकुदमा निजी क्षेत्रको सहभागिता र राम्रो प्रदर्शनको सम्भावनालाई पनि खुल्ला राख्न सक्नुपर्छ ।








### उसु

अहिलेको समयमा उसु नेपालकै लोकप्रिय खेलमध्ये एक हो । दक्षिण एसियाली स्तरमा नेपाललाई सर्वाधिक सफलता दिलाउने यो खेलको तेह्रौं राष्ट्रिय प्रतियोगिता गत सोमबार सम्पन्न भएको छ। राष्ट्रिय खेलकुद परिषद् च्याम्पियनसिपअन्तर्गत इटहरीमा सञ्चालित यो प्रतियोगितामा नेपाल आर्मीले १५ स्वर्ण, ३ रजत तथा ७ कास्य पदक जित्दै टिम च्याम्पियनसिपको ट्रफी जितेको छ। उक्त प्रतियोगितामा सशस्त्र प्रहरीको टिमले ८ स्वर्ण, ३ रजत तथा १ कांस्य पदक एवं नेपाल प्रहरीको टिमले १ स्वर्ण ४ रजत तथा २ कास्य पदकसहित दोस्रो र तेस्रो स्थान प्राप्त गरेका थिए। विभागीय टिमको वर्चस्व रहेको यो खेलमा मध्यमाञ्चलले १ स्वर्ण, २ रजत तथा ९ कांस्य जितेर अन्य टिमको इज्जत धानेको थियो।

### सफ्ट टेनिस

राष्ट्रिय खेलकुद परिषद् च्याम्पियनसिपअर्न्तगत आयोजना गरिएको १० औं राष्ट्रिय सफ्ट टेनिस प्रतियोगितामा पूर्वाञ्चलले वर्चस्व कायम गरेको छ। पूर्वाञ्चलका युकेश योञ्जनले डिफेन्डिङ च्याम्पियन मध्यमाञ्चलका प्रदीप खत्रीलाई पराजित गरी एकलतर्फ स्वर्ण पदक जिते। योञ्जनले मिक्स पुरुष डबल्सतर्फ आशिष बोहोरासँग मिलेर मध्यमाञ्चलकै प्रदीप खत्री तथा बृजेश खत्रीको जोडीलाई पराजित गरी स्वर्ण पदक जिते। योञ्जनले प्रतियोगिताको तेस्रो स्वर्णका



रूपमा आफ्नो टिमलाई टिम इभेन्टतर्फ पनि स्वर्ण पदक दिलाए। यसैगरी प्रतियोगिताको महिला एकलतर्फ मध्यमाञ्चलकी मेघा श्रेष्ठ, महिला डबल्सतर्फ मध्यमाञ्चलकै चन्द्रमाया राई तथा एलिजा रञ्जितको जोडीले स्वर्ण पदक जित्यो भने टिम इभेन्टतर्फ पनि मध्यमाञ्चलले नै स्वर्ण जितेर महिला सफ्ट टेनिसमा आफ्नो वर्चस्व कायम गऱ्यो।

### हकी

कुनै समय थियो, नेपालमा हकी लोकप्रिय खेल मानिन्थ्यो। अहिले त्यो इतिहास भैसकेको छ र यो खेलको अस्तित्व अहिले यस कारण मात्र छ कि त्यसमा विभागीय टिमको संलग्नता छ। त्यसैले त राष्ट्रिय हकी प्रतियोगिताको पुरुष र महिला दुवैतर्फ आर्मी टिम च्याम्पियन भएको छ। पुरुषतर्फ आर्मीले सुदूरपश्चिमलाई २-१ तथा महिलातर्फ मध्यमाञ्चललाई ४-० गोलले हरायो। प्रतियोगितामा पूर्वाञ्चलका मनोज चौधरी तथा आर्मीकी सीतामाया बल उत्कृष्ट खेलाडी घोषित भए।

### पुरुष फुटबल

नेपाली घरेलु फुटबलमा नेपाली प्रहरी टिम केही सेलाएको छ। केही वर्षअघिसम्म नेपाल प्रहरी टिम राम्रा र स्तरीय खेलाडीले भरिएको हुन्थ्यो। धेरै हदसम्म नेपाल प्रहरीमा पुरुष फुटबल सेलाएको छ, तर त्यसलाई नेपाल प्रहरी टिमले २८ औं पुरुष राष्ट्रिय फुटबलको उपाधि जितेर केही हदसम्म गलत सावित गर्ने काम गऱ्यो। फाइनलमा नेपाल प्रहरीले आर्मीलाई टाइब्रेकरमा ५-४ ले पराजित गरेको थियो। तेस्रो स्थानमा पनि अर्को विभागीय टिम एपीएफ नै रहन सफल भयो।

### तेक्वान्दो

तेक्वान्दोमा आर्मीले टिम बनाएको धेरै भएको छैन, तर जति बेलादेखि टिम बन्यो, त्यति बेलादेखि नै यसले नेपाली तेक्वान्दोमा आफ्नो गाढा प्रभाव छाड्दै आएको छ। यसपटक राखेप च्याम्पियनसिपअन्तर्गत १४ औं राष्ट्रिय तेक्वान्दोमा यस्तै भयो र आर्मीले जित्यो, ९ स्वर्ण। आर्मीको यो सफलताका पछाडि प्रमुख कारण मानिएकी छिन्, प्रशिक्षक संगीना वैद्य। उनकै सक्रियतामा आर्मीको तेक्वान्दो टिम अब्बल सावित भएको छ।

आर्मीले गेरोगीमा ७ स्वर्ण, ५ रजत र ३ कांस्य तथा पुम्सेमा २ स्वर्ण, २ रजत र १ कांस्य जित्यो। नेपाल प्रहरी गेरोगीमा ६ स्वर्ण, ४ रजत र ३ कांस्य तथा पुम्सेमा २ स्वर्ण, १ रजत र २ कांस्य जित्दै दोस्रो भयो। एपीएफ तेस्रो भयो र उसले गेरोगीमा २ स्वर्ण, ३ रजत र ३ कांस्य तथा पुम्सेमा १ स्वर्ण र २ कांस्य जितेको थियो। गेरोगी र पुम्सेमा मध्यमाञ्चल र पूर्वाञ्चलका खेलाडीले १-१ स्वर्ण जिते। पुरुषमा नेपाल प्रहरीका वीरबहादुर महरा र महिलामा एपीएफकी अस्मिता खड्का उत्कृष्ट खेलाडी घोषित भए।

### ब्याडमिन्टन

ब्याडमिन्टनमा पनि आर्मीकै खेलाडीको वर्चस्व रह्यो र यो वर्चस्वलाई हेर्ने अर्को नजर पनि छ र त्यो हो - एउटै परिवारको वर्चस्व। आर्मीले उपलब्ध सातमध्ये छ स्पर्धामा स्वर्ण पदक जित्यो। पुरुष टिमको स्पर्धा मात्र एपीएफको नाममा रह्यो। पुरुष एकलको उपाधि रत्नजित तामाङले जिते भने महिला एकलको उपाधि नड्सलादेवी तामाङले जितिन् अनि मिक्स डबल्समा अपेक्षाअनुसार यिनै भाइ रत्नजित र दिदी नड्सलाले बाजी मारे।

## पाँच प्रश्न



नेपाली टेबल टेनिसले पाएको सम्भवतः अहिलेसम्मकै सबैभन्दा ठूलो नाम हो–नविता श्रेष्ठ । नविता लगातार सात पटककी राष्ट्रिय विजेता हुन् । भर्खर सम्पन्न राष्ट्रिय प्रतियोगिता जितेर उनले यो उपलब्धि हात पारेकी हुन् । यो कुनै पनि खेलका लागि दुर्लभ र आफैमा गर्विलो कीर्तिमान हो । अब एकपटक उपाधि जिते उनले सिजिरिन शाहको नाममा रहेको आठ पटक राष्ट्रिय च्याम्पियन हुने कीर्तिमानसँग बराबरी गर्नेछिन् ।

**कसरी सम्भव भयो, लगातार सात पटक उपाधि जित्ने यो उपलब्धि ?**

यो उपलब्धि कडा मेहनत र समर्पणकै कारण सम्भव भएको हो। निरन्तर अभ्यास गरिरहें। मेरो आत्मविश्वास पनि बलियो छ।

**उपलब्धि हात पारेपछि कस्तो अनुभव भयो ?**

एकदमै खुसी लाग्यो, शिखरमा पुगे जस्तो। यसपटक केही गाह्रो हुने अनुमान थियो, तर पनि जीत सम्भव भयो। वास्तवमै धेरै खुसी छु।

**परिवारकै सदस्यसँग फाइनल खेल्नुपर्दा कस्तो हुन्छ ?**

(फाइनलमा प्रतिद्वन्द्वी उनकै नन्द नलिना महर्जन थिइन्)

परिवारकै सदस्यसँग फाइनल खेल्दा अझ गाह्रो हुन्छ। अरु प्रतिद्वन्द्वी हुँदा जति जोस र जाँगर हुन्छ, त्यो आफ्नै परिवारको सदस्यसँग खेल्दा नहुँदो रहेछ।


**तपाईलाई फाइनलमा किन अरु खेलाडीले बलियो चुनौती दिन सक्दैनन् ?**


सम्भवतः म अरू खेलाडीको तुलनामा बढी मेहनत गर्छु।

**अब के हुन्छ ? आठौं अथवा नवौंपटक उपाधि जित्ने प्रयास हुनेछ ?**

पक्कै हुनेछ। त्यसका लागि म थप मेहनत र प्रयास गर्नेछु।


## तस्बिर बोल्छ


एना इभानोभिच (१९९७, २०१७)


आन्द्रे आगासी (१९८८, २०१७)


बोरिश बेकर (१९८५, २०१७)


एण्डी मुरे (१९९९,२०१७)


एना कोर्निकोभा (१९९४, २०१५


मोनिका सेलेस (१९८९, २०१७)


मार्टिना हिंगिन्स (१९९३, २०१७)


रोजर फेडेरर (२०००,२०१७)


सरिना विलियम (१९९८, २०१७)



राफेल नाडाल (२००३, २०१७)


स्टेफी ग्राफ (१९८४, २०१६)


पिट साम्प्रास (१९९०, २०१७)

## मैदान बाहिर




### थपियो टाटु

स्वीडिस फुटबलर जाल्टान इब्रामोभिचले आफ्नो ढाडभरि टाटु बनाएका छन् । पहिले ढाडको अधिकांश भागमा बुद्ध, बाघ, माछा तथा चराको प्वाँख बनाएका जाल्टानले अहिले बाँकी रहेको भागमा थप टाटु बनाएका हुन् । आकर्षक ढंगका १५ वटा टाटुको यो चित्रलाई जाल्टानले हालै आफ्नो ट्विटर एकाउन्टबाट पोस्ट गर्दै 'फाइनेस्ट आर्ट' भनेका थिए । जाल्टानले आफ्नो टाटुलाई विभिन्न कोणबाट आकर्षक बनाउने प्रयास गरेको पाइन्छ । उनले पहिले आफ्नो शरीरमा मारियो जातिको संकेत, बौद्ध भिक्षु, लियोनार्डो द भिन्चीको 'भित्रुभियन म्यान' तथा चराको प्वाँखको टाटु खोपाएका थिए । अहिले जाल्टानले बाघको मुहारको चित्र बनाएर वरिपरि रहेका सबै टाटुलाई राम्रोसँग फिनिसिङ गर्दै एक-अर्कासँग जोडेका छन् ।

### फेसन शोमा दुई फुटबलर

डेभिड बेकह्याम कुनै बेलाका जल्दाबल्दा फुटबलर हुन् भने नेयमार अहिलेका । आ-आफ्नै कालखण्डका यी खेलाडीको भेट हालै पेरिसमा सम्पन्न फेसन विकमा भयो । नेयमार पेरिस सेन्ट ग्रेमेन्स क्लबबाट व्यवसायिक फुटबल खेलिरहेका छन् भने बेकह्यामले पनि १० वटा म्याच यही क्लबबाट खेलेका थिए, जसका कारण उनीहरूबीच एक किसिमको भावनात्मक सम्बन्ध छ । नेयमार र बेकह्याम दुवै फेसन पारखी हुन् । बेकह्यामले त केही फेसनका ब्रान्डसमेत चलाएका छन् । फेसनको राजधानी पेरिसमा विश्वकै प्रख्यात ब्रान्ड लुइस भुइटोनले आयोजना गरेको उक्त शोमा दुवै खेलाडी दर्शकका रूपमा सरिक थिए । नेयमार उक्त कार्यक्रममा लुइस भुइटोनकै पहिरनमा सहभागी भएका थिए ।



## भलिबलमा वर्ष खेलाडी




राष्ट्रिय खेलकुदको मान्यता पाएको भलिबल खेलसम्बन्धी संस्था नेपाल भलिबल संघ (एनभीए) ले वर्ष खेलाडी पुरस्कार प्रदान गरेको छ । एनभीए एवार्ड-२०७३ अन्तर्गत पुरुषतर्फ त्रिभुवन आर्मी क्लबका मानबहादुर श्रेष्ठ र महिलातर्फ न्यू डाइमन्ड एकेडेमीकी प्रतिभा माली वर्ष खेलाडीका रूपमा सम्मानित भएका हुन् । उक्त अवसरमा संघले वर्षका उदीयमान खेलाडीका रूपमा पुरुषतर्फ विशाल विक र महिलातर्फ कामना विष्टलाइ पुरस्कृत गरेको छ । विक र विष्ट दुवै नेपाल पुलिस क्लबका खेलाडी हुन् । उत्कृष्ट खेलाडीको पुरस्कार वितरण समारोहमा उत्कृष्ट महिला प्रशिक्षकका रूपमा एपीएफ महिला टिमका प्रशिक्षक ज्ञानेन्द्र विष्ट तथा उत्कृष्ट पुरुष प्रशिक्षकका रूपमा नेपाल आर्मीका जगदीशप्रसाद भट्ट पुरस्कृत भए । त्यसैगरी वर्षको उत्कृष्ट पुरुष टिमका रूपमा नेपाल आर्मी तथा उत्कृष्ट महिला टिमका रूपमा एपीएफलाई समेत पुरस्कार प्रदान गरिएको थियो ।

## बूढासुब्बा गोल्डकप




धरान फुटबल क्लबको आयोजनामा बूढासुब्बा अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकप फुटबल प्रतियोगिताको २० औं संस्करण माघ २० देखि २७ गतेसम्म सञ्चालन हुने भएको छ । यसपटक बूढासुब्बा गोल्डकपका विजेतालाई ५ लाख रुपैयाँ तथा उपविजेतालाई २ लाख ५१ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ भने उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट प्रशिक्षक, सर्वाधिक गोलकर्ता, उदीयमान खेलाडीलाई जनही २५/२५ हजार रुपैयाँ प्रदान गरिने बताइएको छ । प्रतियोगिताका उत्कृष्ट एक जना खेलाडीलाई यमाहा मोटरसाइकल प्रदान गरिनेछ भने प्रत्येक खेलको म्यान अफ द म्याचको भागमा १० हजार रुपैयाँ पर्नेछ ।

बूढासुब्बा गोल्डकपमा नेपाल पुलिस, सशस्त्र प्रहरी, मनाङ-मर्स्याङ्दी, संकटा, थ्रिस्टार, अन्डर-१९ नेपाली राष्ट्रिय टिम तथा आयोजक धरान फुटबल क्लब सहभागी हुनेछन् भने अन्तर्राष्ट्रिय टिममा बंगलादेशको धनमुन्दी क्लब तथा भारतको गरिफा फुटबल क्लब सहभागी हुनेछन् । यो प्रतियोगिता आयोजनको अनुमानित लागत ५३ लाख ४७ हजार रुपैयाँ भएको बताइएको छ ।

सरिता पुमा राई

गजुरियल विश्लेषण

# सहिदको खेती कसरी गरिन्छ ?



मनोज गजुरेल

नेपाल सहिद प्रधान देश हो । यहाँका अधिकांश पार्टी सहिदमा निर्भर छन् । तिनको आम्दानीको मुख्य स्रोत पनि सहिदको खेती नै हो । एकपटक बनाएको सहिदले पुस्तौं पुस्ता खान पुग्छ । त्यसैले यहाँका नेताहरू आन्दोलनको बाली लगाई रहन्छन्, जनता सहिद बनेर ज्यान फालिरहन्छन् । यहाँको माटो सहिदमैत्री छ । पहाडका बारीमा, मधेसका टारीमा, जातका जमिनमा, धर्मका धरापमा, जहाँसुकै सहिदको खेती लगाउन मिल्छ ।
क्षेत्रीयताको गमला, वर्गीयताको बोरा, क्रान्तिको करेसाबारी, शान्तिको बाँसघारी, जतातत‍ै सहिदका बिरुवा उमार्न सकिन्छ ।

सहिदको बेर्ना रोप्ने मुख्य मौसम अराजकता हो । मुलुकमा विभिन्न खालका अराजकता फैलिएको बेला सहिद किसानहरू सक्रिय हुन्छन् । देशका लागि ज्यान दिन उकास्छन् । पार्टीका लागि बलिदान हुन हौस्याउँछन् । सिद्धान्तका लागि मर्न उचाल्छन् । नेताका लागि मार्न पछार्छन् । यस्तो बेला उम्रिने एउटा सहिदको बिरुवाले ती नेतालाई तीनपुस्तासम्म मोज गर्न पुग्छ ।

अर्ग्यानिक सहिद फेला पार्न निकै गाह्रो छ । असली सहिदका बिरुवा कतै-कतै मात्र पाइन्छ । बजारमा हाइब्रिड सहिदको बेर्ना खुब बिक्री हुन्छ । हाइब्रिड सहिद भन्नाले तस्करी गर्दागर्दै प्रहरीबाट मर्नेहरू, डकैतीमा संलग्न हुँदा-हुँदै इन्काउन्टरमा पर्नेहरू, लागू पदार्थका दुर्व्यसनीहरू तथा हातहतियारका कारोबारीहरू पर्छन् । यिनीहरूलाई सहिदको दर्जा दिलाउन नेता कृषकहरू सरकारसँग बार्गेनिङ गर्नेदेखि आन्दोलनको थ्रिटेनिङसम्म दिन्छन् ।

ज्ञान, ध्यान, बुद्धि तथा विवेकले यो खेती फस्टाउन सक्दैन । सहिदको खेती गर्न उष्ण प्रकृतिको वातावरण चाहिन्छ ।

## सन्दर्भ : शहिद दिवस

आक्रोस, घृणा, वितृष्णा एवं दम्भको राप सहिद खेतीका लागि सहयोगी स्वभाव हो । आन्दोलनका नाममा गाडी झोस्ने, टायर बाल्ने, मसाल पोल्ने कार्यहरू जो छन्, यी मौसमलाई उष्ण बनाउने प्रयास हुन् । उष्णता सहिद उत्पादनको राम्रो वातावरण हो ।

आयातित मलले सहिदको खेती राम्रोसँग फस्टाउँछ । त्यसैले आन्दोलनलाई हिंसात्मक बनाउन विदेशी दूतहरू मलजल हाल्छन् । विदेशी दूत एवं स्वदेशी यमदूतहरू राम्रा जेटिए मानिन्छन् । अराजक सामाजिक सञ्जाल त सहिदको खेतीमा खनजोत गर्ने आधुनिक ट्याक्टर नै भैहाले ।

आन्दोलनका नाममा रोपेको सहिदको बाली उठाउने मुख्य मौसम चुनाव हो । चुनाव अघि सहिदको एकशब्द नचुहाउने नेताहरू चुनावको बेला सहिद शब्दको आँधी बेहरी नै ल्याउँछन् । सहिदको सपना साकार पार्ने, वीर सहिदलाई अमर बनाउने, सहिद परिवारलाई अजर बनाउने कुरा यही खेतीपातीकै एउटा प्रक्रिया हो ।

चुनाव सकिएपछि न सहिदको सपना पूरा हुन्छ नत सहिद परिवारको बिपना सफल हुन्छ । त्यसपछि केवल नेताहरूले बालीमात्र भित्र्याउँछन् । सहिदको बालीले कोही सांसद बन्छन्, कोही मन्त्री हुन्छन्, कसैले राजदूत पड्काउँछन् त कसैले जीएम र पीएम भ्याउँछन् । यसरी हजारौं जनताको सहिदको खेती केही सय नेताको जीविकोपार्जनको माध्यम बन्छ । थोरै नेतामात्र सहिद हुन्छन् । किनभने नेताको काम सहिद बन्ने होइन, सहिद बनाउने हो । यदि कुनै चर्चित नेता सहिद बन्यो भने ज्युँदा नेताहरूका लागि त्यो स्वर्गको द्वार बन्नपुग्छ । उनीहरू उसकै नाम भजाएर सत्तामा पुग्न सक्छन् । भत्तामा रमाउन सक्छन् । छोरालाई विदेश पठाउन सक्छन् । पत्नीलाई संसार घुमाउन सक्छन् । त्यसैले ज्युँदो नेताले कहिल्यै भन्दैनन्, हामीहरू सहिद बन्न तयार रहनुपर्छ । तिनले जहिल्यै पनि भन्ने वाक्य हो, परिआएको बेलामा तपाईंहरू सहिद बन्नुपर्छ ।

गजुरियल विश्लेषक भन्छ, जनताका लागि सहिदको खेती फाइदाजनक छैन । देश र दुनियाँका लागि फाइदाजनक छैन । सहिद बन्नु यो जुनिका लागि त राम्रो होइन, त्यो जुनिमा पनि शहीदको मूल्यांकन हुन सक्दैन । केही थान नेताको सफलताका लागि आफ्नो र परिवारको जीवन किन अन्धकारमा पुऱ्याउने ? वीरहरूले सहिद भएर होइन, आफूसहित जुटेर देश बनाउँछन् ।

# खिचडी महोत्सवको आकर्षण



वाणगंगा नगरपालिकाको हथौसामा सम्पन्न तीनदिने आठौं खिचडी महोत्सवको आकर्षण नमुना धरहरा रह्यो । मुलुकको इतिहासका रूपमा रहेको धरहरा ढलेपछि त्यसको झझल्को दिने उद्देश्यले थारु जागृति युवा क्लबले महोत्सवमा धरहराको नमुना निर्माण गराएको हो ।

वाणगंगा नगरपालिका वडा नम्बर-४ डुंगहाका सिकर्मी प्रकाश बन्जाडेले १० दिन लगाएर उक्त धरहरा तयार पारेका हुन् ।

महोत्सवको आकर्षण ठूल्ठूला हेलुका र चपुरी पनि रहे । हेलुका माछा मार्न प्रयोग गरिने जाल हो । चपुरी सामान राख्ने डलिया हो । 'थारुले प्रयोग गर्ने यी सामग्री नेपालमा पाइएमध्ये सबैभन्दा ठूला हुन्,' आयोजक समिति सदस्य शंकर चौधरीले भने, 'ठूलो भएकै कारणले यिनले सबैको ध्यान ताने । महोत्सवको आकर्षण थारु कला-संस्कृति पनि थियो । दैनिकजसो झुमरा, झर्रा र लठ्ठी नाच हुन्थ्यो । त्यस्तै सजनी, विरहनी गीत तथा आधुनिक गीतमा नृत्य प्रस्तुत गरिन्थ्यो । महोत्सवमा थारु परिकार ढिकरी, चिचर, घोगी, सिद्राको अचार र बरियाको पनि उस्तै आकर्षण थियो ।

मनोज पौडेल

# लेखनाथ महोत्सवमा ज्योतिलाई निषेध

लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गर्ने १४ औं लेखनाथ महोत्सवमा लोकदोहोरी गायिका ज्योति मगरलाई निषेध गरिने भएको छ । यसअघि पोखरामा आयोजित कार्यक्रममा ज्योतिको प्रस्तुतिलाई लिएर टीकाटिप्पणी हुने गरेकाले उनलाई यो महोत्सवमा प्रस्तुति दिन नबोलाइने भएको हो ।

मेलाका सम्बन्धमा आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष कृष्णहरि भण्डारीले लेखनाथको संस्कृति, स्थानीय उत्पादन विकास एवं समृद्धिको उद्देश्यका साथ महोत्सव आयोजना गरिएको भए पनि विकृति फैलाउने कलाकारलाई निषेध गरिएको कुरा बताए । यो महोत्सवको आकर्षणका रूपमा औद्योगिक व्यापार मेला अवलोकनका साथै विभिन्न परिकारको स्वादमा रमाउँदै स्थानीय उत्पादनहरूको अवलोकन एवं किनबेचका साथै राष्ट्रिय कलाकारका विभिन्न मनोरञ्जनात्मक प्रस्तुतिसमेत समेटिनेछ । सांस्कृतिक कार्यक्रमअन्तर्गत प्रतिभाको खोजी अभियानअन्तर्गत एकल नृत्य विधामा गण्डकी तारा पनि सञ्चालन हुनेछ । माघ ११ गते प्रारम्भ हुने यो महोत्सव माघ २२ गतेसम्म चल्नेछ ।






कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**